# मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन


राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल



२०७९

# मानव बेचबिखन सम्बन्धी
# राष्ट्रिय प्रतिवेदन


**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर, नेपाल

**२०७९**

## आयोगका पदाधिकारीहरू

अध्यक्ष माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय सूर्य ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिलि थापा

**का.मु.सचिव**

मुरारिप्रसाद खरेल

**प्रकाशक**

**राष्ट्रिय मानव अधिकार आयोग**

पोस्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मिति :** भाद्र, २०७९

**प्रकाशन प्रति :** १०००

**प्रकाशन नं.:** २८६ रा.म.अ.आ. केन्द्रीय कार्यालय

**मुद्रणः** **एपेक्स प्रिन्टिङ प्रेस प्रा. लि.**

तीनकुने, काठमाडौँ

फोन नं.: ०१ ४१११८११

इमेलः apexpress100@gmail.com

**सर्वाधिकार :**

राष्ट्रिय मानव अधिकार आयोगको पूर्व स्वीकृतिविना यस प्रकाशनलाई पुन : उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिने छ ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव बेचविखन तथा ओसारपसार जस्तो जघन्य अपराधका कारणबाट खासगरी महिला र बालबालिकाको मानवीय मर्यादा, प्रतिष्ठा र अस्मितामा गम्भीर असर पुग्दछ । वर्तमान समाजमा मानव बेचविखन तथा ओसार पसारलाई आधुनिक युगको दाशताको रुपमा लिइएको पनि पाइन्छ । मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरू राज्यबाट प्राप्त गर्ने सुविधा तथा निजहरूको मानव अधिकारको संरक्षणार्थ विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूबाट प्रदत्त अधिकारहरूबाट समेत वञ्चित भएका हुन्छन् । नागरिकको मानव अधिकार को संरक्षण, संवर्द्धन र परिपूरण गर्नुपर्ने राज्यको दायित्व हो । नागरिकको मानव अधिकारको संरक्षणमा राज्यका कुनै पनि निकायहरू आफ्नो दायित्वबाट पञ्छिनु भनेको मानव अधिकारको उल्लङ्घन हुनु हो ।

नेपालको संविधानको धारा २४९ ले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संबर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने अधिकार र जिम्मेवारी प्रदान गरेको छ । कुनै अपराधजन्य कार्यबाट पीडित भएका व्यक्तिको हकमा राष्ट्रिय मानव अधिकार आयोगले यही संवैधानिक जिम्मेवारी र कर्तव्य अन्तर्गत पीडितलाई न्याय दिलाउन र दोषीलाई कानून बमोजिम कारबाही गराउन महत्वपूर्ण कार्य गर्न सक्छ। संविधानले प्रदान गरेको मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने गराउने जिम्मेवारी आयोगमा रहेको सन्दर्भमा पनि आयोगले अपराध पीडितको हकको संरक्षण गर्न र न्याय प्रदान गराउन संवैधानिक जिम्मेवारी निर्वाह गर्नपर्ने अवस्था रहन्छ ।

मानव बेचविखन तथा ओसारपसारलाई अपराधको रुपमा परिभाषित गर्न तथा यस्ता कार्य रोकथाम गर्न संवैधानिक, कानूनी र सँस्थागत व्यवस्थाहरु गरिएका छन् । मानव बेचविखन तथा ओसारपसारलाई रोकथाम गर्न तीनै तहका सरकार का साथै नागरिक समाज, अधिकारकर्मी, सञ्चारमाध्यम र परिवारको समेत अहम् भूमिका हुने हुँदा सबै बीच सहकार्य र समन्वय आवश्यक छ । मानव बेचविखन तथा ओसारपसार अन्तर्राष्ट्रिय स्तरमा समेत हुने हुँदा अन्य मूलुकसँग समेत सहकार्य गरी पीडितलाई न्याय र पुर्नस्थापना गराउनु आवश्यक हुन्छ । मानव बेचबिखन तथा ओसारपसारको विद्यमान अवस्था झल्काउने यो प्रतिवेदनले यस तर्फ देखा परेका समस्या र चुनौतीहरू निराकरण गरी आफ्नो कार्यक्रम तथा कार्ययोजना निर्माण गर्न सम्बन्धित निकायहरूलाई समेत सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धमा अध्ययन अनुगमन गरी नेपालमा मानव बेचबिखनको अवस्था, घटनाहरू, समस्या र चुनौतीहरू समाहित गरी प्रतिवेदनलाई यस रूपमा ल्याउने कार्यमा संलग्न आयोगका माननीय सदस्य श्री लिली थापा सहित विषय विज्ञ, आयोगका सबै कर्मचारीहरू र सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण निकायहरूलाई धन्यवाद दिन चाहन्छु ।

तप बहादुर मगर
अध्यक्ष

फोन नं. ०০९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव बेचबिखनलाई मानव अधिकार र आत्म सम्मान एवं प्रतिष्ठाको गम्भिर उल्लङ्घनको रुपमा लिने गरिन्छ । गरिबी, बेरोजगारी, असमानता, सामाजिक विभेद, लैङ्गिक विभेद, हिंसा, न्यून चेतनास्तर, सामाजिक सशक्तिकरणको अभाव, पारिवारिक विघटन तथा हिंसा आदि मानव बेचबिखनका कारक तत्व रहेका छन् ।
राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन जस्तो गम्भीर अपराधको रोकथाम तथा नियन्त्रण एवं यसबाट पीडित/प्रभावितहरुको मानव अधिकारको संरक्षण, संवर्द्धन तथा परिपूरणका लागी आयोगको स्थापनाकाल देखी नै अध्ययन, अनुगमन तथा अनुसन्धान गर्ने र मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सिफारिश गर्दै आएको छ ।

यस आ.ब.२०७६/७७ र आ.ब.२०७७/७८ को मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनले नेपालमा मानव बेचबिखनको अवस्था र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुको मानव अधिकारको अवस्था विश्लेषणात्मक र तथ्यपरक ढंगले प्रस्तुत गर्ने प्रयत्न गरेको छ । कोभिड-१९को महामारीका कारण प्रतिवेदन तयारीका क्रममा प्राविधिक कारणले यथेष्ठ सूचना तथा तथ्याङ्कहरुलाई समावेश गर्न चुनौतीका बाबजूद यस प्रतिवेदनमा विभिन्न स्रोतहरुबाट प्राप्त भएका तथ्याङ्क, सूचना तथा जानकारीहरुको वस्तुपरक शैलीमा विश्लेषण गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगमा माननीय अध्यक्ष एवं माननीय सदस्यज्यूहरुमा विशेष आभार व्यक्त गर्दछु । यो प्रतिवेदन तयारीमा मानव बेचबिखन विरुद्धको अधिकार हेर्ने सम्पर्क अधिकृत यशोदा बन्जाडे, प्रतिवेदन तयारीका क्रममा प्राविधिक सहायता प्रदान गर्नुहुने परामर्शदाता श्री रघुराज काफले ज्यू तथा विशेषरुपमा यस प्रतिवेदन लेखन तयारीमा सहयोग पुरयाउने पुनम थपलियालाई हार्दिक धन्यवाद दिन चाहन्छु । व्यवस्थापकीय तहबाट सहयोग गर्ने आयोगका का.मु. सचिव श्री मुरारिप्रसाद खरेलज्यू, प्रतिवेदन तयारीका क्रममा सल्लाह तथा सुझाव दिने सह-सचिव श्री नवराज सापकोटाज्यू, उपसचिव श्री हरी प्रसाद ज्ञवालीज्यू, मानवअधिकार अधिकृत कमल थापा क्षेत्री तथा आयोगका सम्पुर्ण कर्मचारीहरुप्रति हार्दिक धन्यबाद दिन चाहन्छु । तथ्याङ्क तथा सूचनाहरु उपलब्ध गराइ सहयोग गर्नुहुने नेपाल प्रहरी, नेपाल सरकारका निकायहरु, गैरसरकारी निकायहरु, अन्तर्वार्ता तथा परामर्शमा सहभागी हुनुहुने सरकारी, निजी, अन्तर्राष्ट्रिय संघ संस्था तथा नागरिक संगठनका प्रतिनधिहरु, सञ्चारकर्मीहरु, बेचबिखनबाट प्रभावितहरुप्रति विशेष आभार व्यक्त गर्दछु । यस प्रतिवेदन तयारीका क्रममा सरोकारवाला निकाय तथा विज्ञहरुसँग परामर्श तथा छलफलका लागी र प्रकाशनका लागि सहयोग उपलब्ध गराउने अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी), संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (युकेएआइडी), विनरक इन्टरनेशनल हाम्रो सम्मान परियोजनाप्रति धन्यवाद दिन चाहन्छु।

यस प्रतिवेदनले मानव बेचबिखनको अवस्थाका बारेमा प्रस्तुत गरेका तथ्य, निश्कर्ष र सिफारिसहरुको कार्यान्वयनका लागि निरन्तर अनुगमनको आवश्यकता पर्दछ । हामी सबै नागरिक समाज, सञ्चारकर्मीहरुको निरन्तर खवरदारी चासो एवं अनुगमनका तथा सरकारका निकायहरुलाई जवाफदेहि एवं जिम्मेवारीपूर्ण तवरबाट कार्यान्वयनका लागि पहल गरिदिनुहुने प्रति आयोग सबैमा अनुरोध गर्दछ ।

धन्यवाद

लिली थापा
सदस्य

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

# विषय सूची


प्रतिवेदनको सारांश ........ १

परिच्छेद-एक    परिचय ........ ५

परिच्छेद- दुई    नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अवस्था ........ १५

परिच्छेद-तीन    कोभिड-१९ महामारी र मानव बेचबिखन तथा ओसारपसार........ ३६

परिच्छेद-चार    मानव बेचबिखन विरूद्धका व्यवस्था तथा नियन्त्रणका प्रयासको समीक्षा ........ ४१

परिच्छेद-पाँच    नेपालमा मानव बेचबिखनबाट पीडित तथा प्रभावितको मानव अधिकार तथा न्यायमा पहुँचको अवस्था........ ६४

परिच्छेद-छ    निष्कर्ष तथा सिफारिस ........ ७६

# प्रतिवेदनको सारांश

समयक्रमसँगै मानव बेचबिखनका आयामहरु परिवर्तन हुदै गएका छन् । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारी (कोभिड-१९) ले मानव बेचबिखन तथा ओसारपसारको जोखिम बढाएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगबाट सन् २००५ देखि नेपाल सरकारलाई विभिन्न समयमा मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि नियमित रुपमा मानव बेचबिखनको अवस्था सम्बन्धमा विश्लेषणात्मक र मानव अधिकारमुखी दृष्टिकोणका साथ प्रतिवेदन प्रकाशन गर्ने र सोही अनुसार सरकारका निकायहरुलाई जिम्मेवार बनाउने पहलहरु भइरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगबाट तयार गरिएको यो मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन, विगतका राष्ट्रिय प्रतिवेदनहरुकै निरन्तरता हो । यस प्रतिवेदनमा आ.ब. २०७६/७७ र आ.ब.२०७७/७८को अवधिको मानव बेचखिनको अवस्था समेटिएको छ। यो आर्थिक बर्षको अवधिमा कोरोना महामारीका कारण तथ्याङ्क तथा सूचनाहरु संकलन गर्न भएको कठिनाईका बाबजूद आयोगको अनुगमन, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरु एवं संचारकर्मीहरुबाट प्राप्त तथ्य तथा सुझाव र मानव बेचबिखनका घटना अध्ययनका आधारमा यो प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदनमार्फत नेपालमा मानव बेचबिखनको अवस्था झल्कने वस्तुगत विवरणको सङ्कलन, अभिलेखिकरण, विश्लेषण, मानव बेचबिखन विरुद्व गरिएका प्रयास तथा उपलब्धिको समीक्षा गर्नु, वर्तमान विश्वव्यापी कोरोना महामारी(कोभिड-१९)ले उत्पन्न गरेको विषम परिस्थितिमा यस क्षेत्रमा परेको प्रभावको विश्लेषण गर्नु र अधिकारमुखी अवधारणा बमोजिम मानव बेचबिखन विरुद्धको कार्यलाई प्रभावकारी बनाउने विषयमा सिफारिस गर्नु रहेको छ ।

मानव बेचविखनका घटनाहरुमा व्यक्तिहरुका आधारभूत मानव अधिकारका साथै बहुआयामिक मानव अधिकारहरु प्राप्त गर्नबाट बञ्चित भएको पाइएको छ। मानव बेचविखनका पीडित तथा प्रभावितहरु मुख्यत : सूचनाको अधिकार, स्वतन्त्रता तथा सुरक्षाको अधिकार, बाँच्न पाउने अधिकार, आत्मसम्मानको अधिकार, दासता तथा श्रम शोषण विरुद्वको अधिकार, अपमानजनक व्यवहार विरुद्वको अधिकार, लैङ्गिक हिंसा विरुद्वको अधिकार, आवतजावत गर्न पाउने अधिकार, स्वास्थ्य सम्बन्धी अधिकार, सुरक्षित वासस्थानको अधिकार, सुरक्षित वातावरणमा काम गर्न पाउने अधिकार, यौन शोषणबाट संरक्षित हुन पाउने अधिकार, प्रभावकारी पारिवारिक पुर्नमिलनको अधिकार, सामाजिक सुरक्षाको अधिकार, बालबालिकाको हकमा विशेष संरक्षणका अधिकार तथा स्वदेश फिर्ति सम्बन्धी अधिकारहरु प्राप्त गर्नबाट बञ्चित भएका छन् ।

नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरोमा दर्ता भएका उजुरीहरुको अध्ययन गर्दा देशभित्र (आन्तरीक) बेचबिखनको अवस्था बढ्दो छ । मुलुकका विभिन्न शहरी क्षेत्रमा दोहरी साँझ, डान्सवार, मसाज सेन्टर, खाजा घर पार्लर जस्ता मनोरञ्जन तथा सत्कार सेवाका क्षेत्रहरुमा बिशेष गरी महिला तथा किशोरीहरुप्रति

श्रम शोषण, यौन दुर्व्यवहार एवं शोषण, मानसिक उत्पीडन जस्ता कार्यहरु भईरहेको पाइन्छ। यस्तै देशभित्र नै बालबालिकाहरु बाध्यकारी श्रम, यौन दुर्व्यवहार तथा शोषणबाट पीडित/तथा प्रभावित भई मानव बेचविखनको उच्च जोखिम अवस्थामा रहेको देखिन्छ।

आन्तरिक बेचबिखनको अलावा भारतमा यौन व्यवसाय, श्रमिकको रुपमा, बालबिवाह तथा र चीनमा विवाह, सांस्कृतिक कार्यक्रमको नाममा, सञ्जाल व्यवसायको नाममा, आर्केष्ट्रामा नाच्नका लागी, घुमफिरका नाममा, मनोरञ्जनक्षेत्रमा रोजगार दिलाउने बहानामा समेत बेचबिखन तथा ओसारपसार भईरहेको पाइन्छ। यस्तै बैदेशिक रोजगारको नाममा अनियमित बाटो भई कानूनी रुपमा अभिलेखीकरण नगरी गएका व्यक्तिहरु मानव बेचविखनबाट पीडित/प्रभावित भएका घटनाहरु प्राप्त भएका छन्।

भारत जादै गरेका नेपाली नागरिकलाई बेचबिखनको जोखिममा पर्न सक्ने अनुमानका साथ सीमानाकामा सोधखोज गर्ने र जोखिममा रहेकालाई उद्दार गर्ने काम हुदै आएको छ। यस कार्यमा गैरसरकारी संस्थाहरुको भूमिका महत्वपूर्ण छ। तर एकातिर खुला सीमाना भएकाले नियन्त्रणमा कठिनाई छ भने अर्कोतर्फ जाँचचौकी भएको स्थानमा समेत जनशक्ति अभाव, पर्याप्त पूर्वाधारको अभाव तथा तालिम प्राप्त जनशक्ति नहुँदा आवश्यक सबैसँग सोधपुछ तथा जोखिममा रहेका व्यक्ति पहिचानमा समस्या भई रहेको अवस्था छ।

कोभिड-१९ को समयमा धेरै नागरिकहरु रोजगारबाट बञ्चित हुन पुगे भने साना तथा मझौला व्यवसायीहरुको व्यापार बन्द हुँदा मुलत : अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुको दैनिक गुजारामा नै समस्या परेको थियो। यसरी समस्यामा परेका व्यक्तिहरु मानव बेचबिखनको उच्च जोखिम अवस्थामा परेको देखियो। यसरी जोखिम अवस्थामा रहेका समुदाय/व्यक्तिहरुको पहिचान गरी सरकारले आर्थिक क्षेत्रको पुनरुत्थानका साथै सामाजिक सुरक्षा र राहतका विशेष कार्यक्रम सञ्चालन गरी जोखिममा रहेका समुदाय/व्यक्तिहरुको संरक्षणमा विशेष व्यवस्था गर्नुपर्ने देखिन्छ।

पीडितले न्याय प्राप्त गर्न प्रकृयागत जटिलताले समस्यामा परेको छ। पीडितको सुरक्षा, जीविकोपार्जन, पारिवारिक पुर्नमिलन तथा सामाजिक एकीकरणका लागि गरिएका प्रयास प्रभावकारी हुन सकेको छैन। एवं साक्षीको सुरक्षा गर्ने कार्यमा प्रभावकारिता देखिदैन। यसले गर्दा पीडितले न्याय प्राप्त गर्ने कार्यमा थप जटिलता देखिएको छ।

मानव बेचबिखन अनुसन्धान व्यूरोमा आ.ब. २०७६/७७ र २०७७/२०७८ गरी दुई आर्थिक बर्षमा जम्मा २७० वटा मानव बेचबिखन सम्बन्धी मुद्दा भएको देखिन्छ। जसमा ३९२ जना व्यक्तिहरु मानव बेचबिखनबाट पीडित भएको देखिन्छ। मानव बेचबिखनमा परेका व्यक्तिहरु मध्ये ३९.५ प्रतिशत बालबालिका(३८.२ प्रतिशत बालिका, १.२७ बालक), ५६.८ प्रतिशत महिला, ३.५ प्रतिशत पुरुष रहेका छन्। यस्तै मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित ३९२ जना व्यक्तिहरुमा ९५ प्रतिशत महिला र ४.५

प्रतिशत पुरुष रहेका छन् । जसमध्ये लैङ्गिक तथा जातिगत रुपमा ब्राह्मण (महिला ७.३ प्रतिशत र पुरुष ०.२५ प्रतिशत,) क्षेत्री (महिला १८.३ प्रतिशत र पुरुष २.०४ प्रतिशत), जनजाती (महिला ४४.७ प्रतिशत र पुरुष २.२ प्रतिशत), मधेशी (महिला ६.१ प्रतिशत), दलित (महिला ६.१ प्रतिशत) एवं ठकुरी (महिला १.५) प्रतिशत रहेका छन् ।

महान्याधिवक्ताको कार्यालयबाट प्रकाशित हुने बार्षिक प्रतिवेदन अनुसार आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ गरी दुई आर्थिक बर्षमा महान्याधिवक्तको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी भएका मानव बेचबिखन सम्बन्धी मुद्दाको लगत समेत गरी जम्मा ४०२ मुद्दामा ९६ वटा मुद्दा (२३.८८ प्रतिशत मुद्दा)मात्र फर्छौट भएको देखिन्छ। यस्तै उच्च सरकारी वकिलको कार्यालयहरुबाट उच्च अदालतमा आर्थिक वर्ष २०७६।०७७ र २०७७/७८ का लगत समेत जम्मा ६१७ मुद्दामा ३१२ वटा(५०.५ प्रतिशत) मुद्दाको फछ्र्यौट भएको देखिन्छ। आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ मा जिल्ला सरकारी वकिलको कार्यालयहरुबाट जिल्ला अदालतहरुमा मानव बेचबिखन तथा ओसारपसारका लगत समेत जम्मा ७६० वटा मुद्दामा २९८ वटा (३९.२ प्रतिशत)मुद्दा मात्र फर्छौट भएको देखिन्छ । यसरी विभिन्न तहका अदालतमा दर्ता भएका मुद्दाहरु मध्ये मानव बेचबिखनका मुद्दाहरुमा जम्मा ३९.६ प्रतिशत मुद्दाको मात्रै फर्छ्यौंट भएका छन्। यस्तै बैदेशिक रोजगारमा ठगि तथा अलपत्र परेका सर्वोच्चमा रहेका मुद्दाहरु आर्थिक वर्ष २०७७/७७ र २०७७/७८ मा जम्मा १४५३ मुद्दामा ४४७ वटा (३०.७ प्रतिशत) मुद्दाको फर्छ्यौंट भएको देखिन्छ।

नेपालको संविधान, पन्धौं योजना, क्षेत्रगत नीतिहरु, विशिष्टिकृत कानुन आदिले मानव बेचबिखनका विरुद्धमा व्यवस्था गरेको छ । मानव बेचबिखनसंग प्रत्यक्ष तथा परोक्ष सम्बन्ध राख्ने विषयको निराकरणमा पन्ध्रौ योजनाले प्रष्ट लक्ष्यहरु निर्धारण गरेको छ। विश्वव्यापी साझा विकासको मार्गदर्शन एवं लक्ष्य दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने क्रममा नेपालले आवधिक योजनामार्फत नै यससँग सम्बन्धित विषयका सूचक निर्धारण गरी सार्वजनिक गरेको छ। गणतन्त्र स्थापना भै तिन तहका सरकार गठन भए पश्चात नेपालले समृद्धिका ४ वटा र सुखका ६ वटा सूचकहरु निर्धारण गरेर समृद्ध नेपाल सुखी नेपाली बनाउने दीर्घकालीन सोच राखेको छ। संयुक्त राष्ट्रसंघीय मानव अधिकार समिति तथा विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरुको कार्यान्वयनमा विशेष ध्यान दिनु आवश्यक छ । त्यस्तै राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण तथा रोकथामका लागि गरेका सिफारिसहरुको कार्यान्वयन सन्तोषजनक छैन ।

नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, नेपाल प्रहरी, गैरसरकारी क्षेत्र, नागरिक समाज, संचारमाध्यम आदिले मानव बेचबिखन रोक्नका लागि निरन्तर काम गरेको अवस्था छ । यसले जनचेतना जगाउन, पीडितको उद्दार तथा संरक्षण र परिवारसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। तर मानव बेचबिखनमा काम गर्ने तालिम प्राप्त जनशक्तिको अभाव रहेको पाइन्छ।

संघीयता कार्यान्वयन भएर तीन तहका सरकार बनेको अवस्थामा सङ्घले राष्ट्रिय नीति तथा कानुन बनाउने, प्रदेशले प्रदेशभित्रका स्थानीय तहको समन्वय गर्ने र स्थानीय तहले मानव बेचबिखन सम्बन्धी विषयको विवरण अध्यावधिक गर्ने, विदेश जानेको विवरण राख्ने, पीडितको संरक्षणका लागि पुनःस्थापना केन्द्र तथा विभिन्न कार्यक्रम चलाउनु आवश्यक छ । साथै यस कार्यमा गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम तथा निजी क्षेत्रको समेत उत्तिकै महत्व रहने हुँदा सहकार्यको व्यवस्था गरिनु पर्दछ ।

मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी तथ्याङ्क एकीकृत गर्ने, पीडित तथा जोखिममा पर्न सक्ने व्यक्तिको पहिचान निर्देशिका बनाई कार्यान्वयनमा ल्याउने, पीडित तथा जोखिम अवस्थामा रहेकाको उद्दार, संरक्षण, फिर्ती, पुर्नस्थापना र सामाजिक तथा आर्थिक शसक्तिकरणसंग सम्बन्धित कार्यविधिको संसोधन तथा कार्यान्वयनमा जोड दिनु आवश्यक छ । मानव बेचबिखन र ओसारपसार नियन्त्रणका लागि बनेका विभिन्न कानुनीहरुको कार्यान्वयनमा थप प्रभावकारिता ल्याइनु पर्दछ ।

# परिच्छेद-एक

# परिचय

## १. पृष्ठभूमि

मानव बेचबिखन विश्वव्यापी सवाल हो र यो नेपालको लागि पनि निरन्तर समस्याको रुपमा रहदै आएको छ ।[१] मानव बेचबिखन मानव अधिकार र मानव सम्मान एवं प्रतिष्ठाको गम्भिर उल्लङ्घन हो । गरिबी, बेरोजगारी, असमानता, सामाजिक विभेद, लैङ्गिक विभेद, अस्थिरता, हिंसा, न्यून चेतनास्तर, समाजिक सशक्तिकरणको अभाव, पारिवारिक विघटन आदिलाई मानव बेचबिखनको कारणका रुपमा रहेको छ । मानव बेचबिखनले व्यक्तिको आत्मसम्मान र स्वतन्त्रताका साथै वहुआयामिक मानव अधिकारको उल्लङ्घन गर्दछ ।

नेपालले मानव बेचबिखनलाई गम्भिर अपराधको रुपमा स्वीकार गर्नुका साथै अन्तरदेशिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महा सन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रलेख २०००, (पालेर्मो प्रलेख) लाई अनुमोदन गरी कार्यान्वयनमा समेत ल्याइसकेको छ । मानव बेचबिखनमा संलग्न आपराधिक व्यक्ति, समूह तथा संस्थाले यस्तो वातावरण सिर्जना गर्दछन् जसका माध्यमबाट व्यक्तिलाई वेश्यावृत्ति, बाध्यकारी श्रम, आधुनिक दासता, अङ्ग झिक्ने, युद्धमा संलग्न हुनुपर्ने बाध्यात्मक अवस्थामा पुऱ्याउँदछन् । मानव बेचबिखनको अन्तिम लक्ष्य नै आश्वासन, डर, धम्कि, लालच, स्नेह आदिका माध्यमबाट व्यक्तिको शोषण गर्ने कार्य हो । नेपालमा विद्यमान गरिबी, बेरोजगारी, अशिक्षा र पछौटेपनका कारण ठूलो समुदाय बेचबिखनको जोखिममा रहेको छ । जोखिम समूहको बाध्यतालाई उपयोग गर्दै आपराधिक गिरोहले मानव बेचविखन तथा तस्करी गर्दै आएका छन् । नेपाल केहि वर्ष अघिसम्म स्रोत वा उत्पत्ति मुलुकको रुपमा रहेको भएतापनि पछिल्ला वर्षहरुमा गन्तव्य मुलुक र माध्यम (मार्ग) मुलुकको रुपमा समेत विकास हुदै गएको देखिन्छ ।

अहिले विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ को महामारीका कारण जोखिम समूहको रोजगारी तथा आम्दानी गुम्नुका साथै उनीहरुको स्वास्थ्य समेत प्रतिकूल हुन पुग्दा जीविकोपार्जनको लागि जोखिम उठाउन भए पनि रोजगारीको लागि भारत तथा अन्य वैदेशिक मलुकमा जाने र आन्तरिक रुपमा विभिन्न होटल, रेष्टुराँहरु तथा मनोरन्जन क्षेत्रमा असुरक्षीत रुपमा श्रम गर्न बाध्य हुन सक्ने सम्भावना रहेको छ ।

### १.१. मानव बेचबिखनको परिभाषा

नेपालको मानव बेचबिखन सम्बन्धी विद्यमान कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) ले मानव बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ :

१ संक्षिप्त नीति, २०२० । अनिता घिमिरे र फियोना स्यामुएल्स । लैंगिकत था किशोरावस्था : विश्वव्यापी प्रमाण । आन्तरिक(नेपालभित्र) तथा अर्न्तराष्ट्रिय आप्रवासनमा मनोरन्जन क्षेत्रमा कार्यरत किशोरी तथा युवतीहरुको अनुभवहरु

(क) कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,

(ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र

(घ) वेश्यागमन गर्ने ।

सोही ऐनको उपदफा (२) ले मानव ओसारपसारलाई पनि परिभाषित गरेको छ । जस अनुसार मानव ओसारपसार भन्नाले देहायका कार्यहरुलाई बुझाउँछ :-

- किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने,
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाईफकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुकस्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने ।

मानव बेचबिखनको विश्वव्यापी परिभाषा अन्तरदेशिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने प्रलेख २०००, (पालेर्मो प्रलेख)ले गरेको पाइन्छ । यस प्रलेखलाई नेपाल सरकारले ( राष्ट्रिय सभाबाट मिति २०७६/१०/५मा र प्रतिनिधि सभाबाट २०७६/११/२९मा) अनुमोदन गरिसकेको छ । उक्त प्रलेखको धारा ३ (क) ले मानव बेचबिखनलाई निम्नानुसार परिभाषित गरेको छ : "मानव बेचबखिन भन्नाले कुनै पनि व्यक्तिलाई शोषण गर्ने उद्देश्यले बलपूर्वक वा अपहरण, ठगी, धोका, शक्तिको दुरुपयोग, व्यक्तिको कमजोरी अवस्थाको फाइदा उठाइ, लोभ लालसा देखाइ वा आर्थिक लेनदेन गरी व्यक्तिमाथिको नियन्त्रणका लागि सहमति प्राप्त गरी जस्ता अन्य तरिकाले प्रभावमा पारी भर्ती गर्नु, ओसारपसार गर्नु, सञ्चिति गर्नु वा प्राप्त गर्नु कार्यलाई बुझाउँदछ। यस धाराअन्तर्गत शोषण भन्नाले यौनकर्मीको शोषण, अन्य प्रकारका यौन शोषण, बाध्यकारी श्रम र सेवा, दासत्व वा यस्तै प्रकारका अभ्यासहरु तथा अंग झिक्ने कार्य समेतलाई जनाउँदछ।"

- सोही धाराको उपधारा (२) र (३) ले बालबालिकाको लागि सहमति आवश्यक नहुने र करकापमा पारी प्राप्त गरेको सहमतिलाई सहमतिको रुपमा नस्वीकार्ने व्यवस्था गरेको छ।
- पालेर्मो प्रलेखले परिभाषित गरेअनुसार मानव बेचबिखनको घटनामा

१. क्रियाकलाप - व्यक्तिहरूलाई भर्ना, ओसारपसार, स्थानान्तरण, प्राप्त गर्नु वा आफुसँग राख्नु,

२. माध्यम - धम्की वा शक्ति वा अरू कुनै प्रकारको बल प्रयोग गरी, कब्जा गरी जालसाजी गरी, छलकपट गरी, पदको वा जोखिमी अवस्थाको दुरूपयोग गरी वा अर्को व्यक्तिमाथि नियन्त्रण राख्न कुनै व्यक्तिको स्वीकृति प्राप्त गर्न रकम वा लाभ दिनुलिनु र

३. उद्देश्य - व्यक्तिको शोषण गर्ने रहेको छ भने १८ वर्षभन्दा कम उमेरका बालबालिकाको हकमा भने क्रियाकलाप र उद्देश्य मात्र दुई पक्षको उपस्थितिले पनि मानव बेचबिखनको अपराध पुष्टी गर्न सकिने उल्लेख भएको छ। [२]

उल्लेखित परिभाषा अनुसार मानव बेचबिखन र ओसारपसारमा निम्नानुसार तथ्यहरु रहेका हुन्छन् :




## १.२. मुलुकको समग्र आर्थिक तथा सामाजिक अवस्था

विश्वमा सन् १९७० को दशकमा अतिकम विकसित मुलुकको अवधारणा विकास भएदेखि नै नेपाल अतिकम विकसित मुलुकको सूचीमा रहँदै आएको छ। संयुक्त राष्ट्र संघले आगामी सन् २०३० सम्ममा पूरा हुने गरी दिगो विकास लक्ष्यहरु निर्धारण गरेको छ। नेपाल वि.सं. २०७९ सम्ममा विकासशील मुलुकमा स्तरोन्नति हुने तयारीमा रहेको छ भने वि.सं.२०८७ सम्ममा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने र वि.सं.२१०० सम्ममा उच्च आयस्तर भएको मुलुकमा पुग्ने महत्वकांक्षी लक्ष्यका साथ अगाडि बढेको छ। नेपालले विश्वव्यापी विकासका साझा एजेण्डा दिगो विकास लक्ष्यप्रति पूर्ण प्रतिवद्ध रही त्यसलाई आन्तरिकीकरण गर्नुका साथै २३२ विश्वव्यापी सूचक हासिल गर्ने समयवद्ध तालिका सार्वजनिक गरेको छ। पन्ध्रौं योजनाले आर्थिक वर्ष २०७४/०७५ को ६.८ प्रतिशतको आर्थिक वृद्धिदरलाई योजनाको अन्त्यसम्ममा १०.३ प्रतिशतमा पुऱ्याउने, प्रतिव्यक्ति कूल राष्ट्रिय आय १०४७ अमेरिकी डलरबाट १५९५ मा पुऱ्याउने, निरपेक्ष गरिबी १८.७ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। त्यस्तै बहुआयामिक गरिबी २८.६ प्रतिशतबाट १३ प्रतिशतमा झार्ने

२ अन्तर्राष्ट्रिय अपराध विरुद्धको संयुक्त राष्ट्रसंघको पूरक:मानव बेचबिखन विशेषगरी महिला र बालबालिकामा हुने बेचबिखन रोक्न संयुक्त राष्ट्रसंघीय प्रलेख २००० https://www.ohchr.org/Documents/ProfessionalInterest/ProtocolonTrafficking

लक्ष्य छ। नेपालले सम्वृद्धिका ४ वटा र सुखका ६ वटा सूचक निर्धारण गरेर **समृद्ध नेपाल सुखी नेपाली** बनाउने दीर्घकालीन सोच राखेको छ।[३]

नेपाल श्रमशक्ति सर्वेक्षण (२०७४/०७५) का अनुसार मुलुकमा बेरोजगारी ११.४ प्रतिशत छ। नेपाली अर्थतन्त्रको ३७.८ प्रतिशत क्रियाकलाप औपचारिक र ६२.२ प्रतिशत अनौपचारिक क्षेत्रले ओगटेको छ। आर्थिक क्रियाकलाप, रोजगारी र अन्य अवसर मूलत अनौपचारिक क्षेत्रमा केन्द्रित रहेको देखिन्छ। केन्द्रीय तथ्यांक विभागले २०७६/७७ मा तयार गरेको प्रतिवेदन अनुसार प्रदेशगत आर्थिक असमानता निकै उच्च छ। मुलुकको कुलग्रार्हस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान, ४.२७ प्रतिशत र सुदुरपश्चिम प्रदेशको योगदान ७.२१ प्रतिशत छ जबकी यस्तो योगदान बागमती प्रदेशको ३५.८ प्रतिशत छ। रोजगार, औद्योगिक क्रियाकलाप, भौतिक पूर्वाधार, उत्पादन जस्ता आर्थिक सूचक र शिक्षा, स्वास्थ्य, सरसफाई जस्ता सामाजिक सूचकमा पनि मुलुकमा उच्च असमानता विद्यमान छ। कूलग्रार्हस्थ उत्पादनमा २० प्रतिशतसम्म योगदान पुर्‍याएको उत्पादनमूलक क्षेत्रको दायरा खुम्चिएर ५.६ प्रतिशतमा झरेको छ। उद्यम गर्ने प्रवृत्तिमा ह्रास आउँदा देशमा उत्पादन, रोजगारी र आयआर्जनका अवसरहरु साँघुरिएका छन्। नेपाल आधारभूत वस्तुमा समेत आयातमा आश्रित बन्न पुगेको छ। आयात र निर्यातको अन्तर प्रत्येक वर्ष बढ्दै जाँदा कुलग्रार्हस्थ उत्पादनको अनुपातमा आयात ४८ प्रतिशत र निर्यात ६ प्रतिशत कायम भएको छ। व्यापार घाटा बढ्दै जाँदा कतिपय वर्षमा भुक्तानी सन्तुलन समेत नकरात्मक हुन पुगेको छ। ग्रार्हस्थ उत्पादनमा कृषिको योगदान प्रत्येक वर्ष घट्दै गई २६ प्रतिशतमा पुगेको छ। वैदेशिक लगानी बढ्न सकेको छैन। राजस्व परिचालन वृद्धि हुदै गई कूलग्रार्हस्थ उत्पादनको २५ प्रतिशतसम्म पुगेको छ जसलाई स्रोत परिचालनको दृष्टिबाट राम्रो मान्न सकिन्छ। तर राजस्व परिचालनको मूल आधार आयात हुनुलाई भने सकारात्मक मान्न सकिदैन। युवाको सङ्ख्या उच्च भएर जनसाङ्ख्यिक लाभ लिन सक्ने अवस्थामा वर्षेनी करिब ५ लाख युवा वैदेशिक रोजगारीमा जान बाध्य हुनुले मुलुकलाई विकासको प्रतिफल प्राप्त हुन नसक्ने देखिन्छ।

## १.३. श्रम र रोजगारीको अवस्था

नेपालको संविधानले श्रम र रोजगारीलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। तर श्रमप्रतिको सम्मान र रोजगारीको अवसरमा भने सुधार हुन सकेको छैन। बेरोजगारी लामो समयदेखि नेपालको एक प्रमुख समस्याको रुपमा रहदै आएको छ। पन्ध्रौं योजनाले जनाएअनुसार मुलुकमा प्रत्येक वर्ष ५ लाख भन्दाबढी मानिसहरु श्रम बजारमा थपिन्छन्।[४] तर काम गर्न इच्छुक बजारमा रहेका श्रमिकको तुलनामा गुणस्तरिय र मर्यादित रोजगारीका अवसर अत्यन्त न्यून हुँदा कामको खोजीमा रहेका लाखौं युवाहरु बेरोजगार हुनु पर्दा उनीहरुको जीवन कष्टकर बनेको छ। नेपाल युवा बहुल मुलुक हो अहिले करिब ५७ प्रतिशत जनसङ्ख्या आर्थिक रुपले सक्रिय छ। काम गर्ने उमेर समूहका व्यक्ति मध्ये ३४.२ प्रतिशत मात्र रोजगारीमा संलग्न छन्। श्रम सहभागिता

३ पन्ध्रौं योजना, आर्थिक *बर्ष* २०७६/०७७ र २०८०/०८१, राष्ट्रिय योजना आयोग।

४ पन्ध्रौं योजना, पृष्ठ ३३३ (२०७६।७७ र २०८०।८१) राष्ट्रिय योजना आयोग

दर ३८.५ प्रतिशत रहेको छ। काम गर्ने उमेर समूहका ६१.५ प्रतिशत मानिसहरु श्रम बजारमा उपलब्ध छैनन् भने काम गर्न इच्छुक मध्ये ११.४ प्रतिशतले रोजगारी नै पाएका छैनन्। शहरी क्षेत्रमा ११.६ र ग्रामिण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगार छन्। लैङ्गिक दृष्टिबाट हेर्दा महिला बेरोजगारी १३.१ प्रतिशत र पुरुष बेरोजगारी १०.३ प्रतिशत छ। श्रमको अल्प उपयोग निकै उच्च छ। नेपालमा कूल ३९.३ प्रतिशत श्रमको अल्प उपयोग भएको र जसमध्ये पुरुषको अल्प उपयोग ३२.८ प्रतिशत र महिलाको अल्पउपयोग ४८.८ प्रतिशत रहेको छ। यसबाट श्रमको उपयोगमा पनि लैङ्गिक असमानता झल्कन्छ। रोजगारीलाई औपचारिक र अनौपचारिक रुपमा विभाजन गरि हेर्दा १५.४ प्रतिशत औपचारिक रोजगारी र ८४.६ प्रतिशत अनौपचारिक रोजगारी देखिन्छ[५]।

नेपालले दीर्घकालीन सोचमा वि.सं. २१०० सम्ममा नेपाललाई विकसित मुलुककोस्तरमा पुऱ्याउने र बेरोजगारी ३ प्रतिशतमा झार्ने लक्ष्य निर्धारण गरेको छ। श्रम सहभागिता दर आर्थिक वर्ष २०७५/०७६ को ३८.५ प्रतिशतबाट वृद्धि गरी आ.व. २०८०/८१ सम्म ७२ प्रतिशत पुऱ्याउने र रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा आर्थिक वर्ष २०७५/०७६ को ३६.५ प्रतिशतबाट वृद्धि गरी ७० प्रतिशत पुऱ्याउने दीर्घकालीन लक्ष्य निर्धारण गरेको छ। चालु पन्ध्रौं योजनाले रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा आर्थिक वर्ष २०७५/०७६ को ३६.५ बाट वृद्धि गरी आ.व. २०८०/८१ सम्म ५० प्रतिशत पुऱ्याउने लक्ष्य तय गरेको छ। साथै बेरोजगारी दरलाई योजनाको अन्त्यसम्ममा ६ प्रतिशतमा झार्ने, श्रमको उत्पादकत्व आर्थिक वर्ष २०७५/०७६ मा वार्षिक रु १८४ हजारबाट आ.व. २०८०/८१ सम्म २७६ हजार बनाउने लक्ष्य तय गरेको छ। त्यसै गरी श्रम सहभागिता दर आर्थिक वर्ष २०७४/०७५ को ३८.५ बाट ४८.५ प्रतिशत पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ। उत्पादनशील र मर्यादित रोजगारीको सुनिश्चितततामा जोड दिदै योजनाले संविधानले प्रत्याभूत गरे बमोजिमको सबैका लागि रोजगारीको अवसर उपलब्ध गराउन रोजगारी सिर्जनाका विविध कार्यक्रमहरु समेत प्रस्ताव गरेको छ।

अहिले श्रम बजारमा प्रवेश गर्ने नयाँ श्रमशक्ति मध्ये वार्षिक १ लाख ५० हजारलाई मात्र छोटो तथा लामो अवधिको प्राविधिक एवं व्यवसायिक सीपको अवसर उपलब्ध छ। श्रमिकसँग भएको वा श्रमिकलाई प्रदान गरिदै आएको ज्ञान तथा सीप र कामको अवसरका बिचमा तालमेल नमिल्दा एकातिर दक्ष जनशक्ति समेत बेरोजगार हुनु परेको छ भने अर्कोतर्फ विदेशी श्रमिक आयात गर्नु परेको छ[६]। विश्व विकास एजेण्डाको रुपमा रहेको दिगो विकास लक्ष्यलाई नेपालले आत्मसात गरी चौधौं योजनादेखि नै आन्तरिकीकरण गरिसकेको छ। दिगो विकास लक्ष्यले भने बमोजिम नै सबैलाई सम्मानजनक रोजगारी प्रदान गर्ने दिशामा प्रयत्नहरु आरम्भ भएका छन्[७]। मौलिक हकको रुपमा रहेको रोजगारीको हकलाई कार्यान्वयन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्न, श्रमिकको हकहित तथा सुविधाको व्यवस्था गर्न, असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणको अन्त्य र उत्पादकत्व वृद्धि गर्न श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा ल्याइएको छ। संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित

५ श्रमशक्ति सर्वेक्षण २०७४।७५ (तेस्रो)

६ पन्ध्रौं योजना पृष्ठ ३३३ (२०७६।७७-२०८०।८१) राष्ट्रिय योजना आयोग

७ दिगो विकास लक्ष्य सन् २०१५-२०३०

सार्वजनिक विकास निर्माण कार्यमा श्रम मुलक प्रविधिलाई वढावा दिइएको छ । सबै स्थानीय तहमा रहेका वेरोजगार व्यक्तिलाई सुचिकृत गरी रोजगारीका अवसरका साथै न्यूनतम रोजगारी प्रत्याभुती गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यवन्यन गरिएको छ ।[८] श्रम र रोजगारीको क्षेत्रमा सरकारकोतर्फबाट विविध प्रयत्न हुदै आएको भएता पनि पूर्ण बेरोजगारीको दर, न्यून बेरोजगारीको दर, श्रम सहभागिता दर, अनौपचारिक क्षेत्रमा श्रमिकको संलग्नता, श्रम र रोजगारीको क्षेत्रमा लैङ्गिक विभेद, कार्यस्थलमा श्रमिकको सुरक्षा, सामाजिक सुरक्षा आदिका दृष्टिबाट नेपालमा रोजगारी र श्रमको क्षेत्रमा पुर्नसंरचना नै गर्नुपर्ने देखिन्छ ।

## १.४. मानव बेचबिखन प्रतिवेदनको आवश्यकता र औचित्य :

मानव बेचबिखनलाई आधुनिक युगको दास प्रथाको रुपमा स्वीकार गरिएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन र वाल्क फ्रि फाउण्डेसनले अन्तर्राष्ट्रिय आप्रवासन संगठनसँगको सहकार्यमा सन् २०१७ मा गरेको अध्ययनमा विश्वमा ४ करोड मानिसहरु आधुनिक दास प्रथाको शिकार भएका छन् । जस मध्ये २ करोड ५० लाख बाध्यकारी श्रममा र १ करोड ५० लाख बाध्यकारी विवाहमा प्रयोग भएका छन् भन्ने उल्लेख छ । यो प्रतिवेदनले विश्वका प्रत्येक १ हजार व्यक्तिमा ४.५ जना आधुनिक दासतामा बाँच्न बाध्य पारिएको छ । यस्ता व्यक्तिमध्ये ५.९ जना वयस्क र ४.४ बालबालिका आधुनिक दासताको शिकार भएका छन् । कुल पीडित मध्ये ७१ प्रतिशत महिला तथा बालिका रहेको जनाईएको छ । यसले मानव बेखबिखनमा सबैभन्दा प्रभावित महिला तथा बालिका भएको पुष्टि गर्दछ ।

विभिन्न अध्ययनबाट अतिविपन्न, सामाजिक रुपमा एक्ल्याइएका वा कमजोर, पिछडिएका, सीमान्तकृत वर्गका, पारिवारिक कलह तथा हिंसामा परेका तथा निम्न आयस्रोत भएको श्रममा संलग्न रहेका व्यक्तिहरु बेचबिखनको उच्च जोखिममा रहने गर्दछन् । गरिबी र अभाव नै मानव बेचबिखन कार्यलाई सहज बनाउने मुख्य कारक भएको र मानव बेचबिखनको उच्च जोखिम हुने अन्त्यका लागि प्रयत्न गरिरहँदा एक पटक बेचबिखनमा परेको व्यक्ति पुनः बेचबिखनमा पर्न सक्ने अध्ययनहरुले देखाएको छ । सन् २०१० मा अन्तर्राष्ट्रिय आप्रवासी संगठनले प्रकाशन गरेको प्रतिवेदनमा एक पटक बेचबिखनमा परेको व्यक्ति पुनः मानव बेचबिखनमा पर्ने उच्च जोखिम भएका तथ्यहरु प्राप्त भएका छन् ।

दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं. ५.२ मा मानव बेचबिखन र यौन शोषण सहित सार्वजनिक र निजी क्षेत्रमा महिला, बालिका, किशोरीमाथि हुने सबैप्रकारका हिंसाको अन्त्य गर्ने, लक्ष्य ८.७ मा बाध्यकारी श्रम, आधुनिक दासत्व र मानव बेचबिखन उन्मूलन गर्न तत्कालिन र प्रभावकारी उपायहरु अपनाउने र लक्ष्य १६.२ ले दुरुपयोग, शोषण, तस्करी र बालबालिका माथिको यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने भनी उल्लेख गरेको छ । नेपालले २१०० सम्ममा बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने, मानव बेचबिखन तथा ओसार-पसारको जोखिममा रहेका समूह/समुदायको सामाजिक-आर्थिक रुपान्तरण गर्ने, गरीबीको

८ आर्थिक सर्वेक्षण (२०७७।०७८)

रेखामुनी रहेको जनसंख्या एकल अङ्कमा ल्याउने, उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्ध गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रुपमा कमी ल्याउने लक्ष्य लिएको छ ।

नेपालमा गम्भिर समस्याको रुपमा देखिएको मानव बेचबिखन र ओसारपसार विरुद्धको कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकारबाट विशेष कानुनका रुपमा ल्याएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को मुल उद्देश्य मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण गर्नु रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक एवं राज्यले संवैधानिक रुपमा प्रतिबद्ध गरेका मानव अधिकारका विषय तथा नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौताका अधिकारमा नेपाल सरकारले विभिन्न नीति नियमहश्र लागू गरेको अवस्था छ । नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट, क्षेत्रगत नीति, कानुनहरुले समेत यस समस्याको सम्बोधन गरेका छन् । ती मध्ये प्रमुख कानुनी व्यवस्थाहरुः मुलुकी अपराध संहिता, २०७४, मुलुकी अपराध कार्यविधि संहिता, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बालश्रम (निषेध र नियमित) ऐन, २०५६, श्रम ऐन, २०७४, अपराध पीडित संरक्षण ऐन, २०७५ आदिलाई लिन सकिन्छ ।

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न सन्धि, अभिसन्धिहरुको पक्ष राष्ट्र भईसकेको छ । नेपाल अर्न्तदेशीय संगठित अपराध नियन्त्रण गर्ने संयुक्त राष्ट्र सङ्घीय महासन्धि, २००० को पक्ष राष्ट्र हो । नेपालले २०७६ सालमा पालेर्मो प्रोटोकल अनुमोदन गरी मानव बेचबिखन विरुद्धको कार्यलाई अझ प्रभावकारी र सबल बनाउने अभियानमा लागेको छ । यसका बाबजूद मानव बेचबिखनको पूर्ण नियन्त्रण तथा रोकथाम एवं पीडितको मानव अधिकारको संरक्षार्थ राज्यले निर्वाह गर्नुपर्ने दायित्व पूर्ण रुपमा पालना नगरेको तथा न्यूनतम मापदण्डहरु पालना नगरेको र मानव बेचबिखनका पीडित तथा प्रभावितहरुको न्यायमा पहुँच पुग्न नसकेको तथ्यहरु राष्ट्रिय मानव अधिकार आयोगका विगतका मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन र विभिन्न सरोकारवाला निकायहरुको अध्ययन अनुसन्धानहरुबाट खुल्न आएको छ ।

यस्तै संयुक्त राज्य अमेरिकाले नियमित रुपमा प्रकाशन गर्ने मानव बेचबिखन सम्बन्धी प्रतिवेदन (सन् २०२० र २०२१) ले नेपाललाई दोस्रो तह (टियर २) मा राखेको छ । अमेरिकी सरकारको मानव बेचबिखनबाट पीडित संरक्षण ऐन, (सन् २०००) ले तोकेको न्यूनतम मापदण्ड पूरा नगरेको तर त्यसतर्फ प्रयासरत रहेको हुनाले विगतका वर्षहरुमा जस्तै यस प्रतिवेदनमा पनि नेपाललाई दोस्रो तहको मुलुकमा समावेश गरेको छ ।

विभिन्न कारणले मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको मानवीय मर्यादा र प्रतिष्ठामा गम्भीर असर पुग्दछ । जसले गर्दा उनीहरु राज्यबाट प्रदत्त मानव अधिकार तथा सर्वमान्य रुपमा तोकिएका विश्वव्यापी मानव अधिकारको उपभोगबाट बञ्चित भएका हुन्छन् । राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ को दफा १ (च) मा “मानव अधिकार” भन्नाले “व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपालपक्ष भएको मानव

अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ" भन्ने रहेको छ । यस्तै नेपालको संविधानको धारा २४९ले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संबर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने अधिकार र जिम्मेवारी प्रदान गरेको छ ।

तसर्थ, आयोगले मानव बेचबिखनको सवाललाई अधिकारमूखी दृष्टिकोणबाट अनुगमन तथा राज्यको दायित्वको खोजी गर्न मानव बेचबिखन सम्बन्धी अवस्था विश्लेषण भएको प्रतिवेदन वार्षिक रुपमा सार्वजनिक गर्दै आएको छ । मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा मानव बेचबिखनको नियन्त्रणका लागि आयोगको संवैधानिक दायित्व र अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्न प्रतिवेदन उपयोगी हुनेछ ।

## १.५. राष्ट्रिय मानव अधिकार आयोग र मानव बेचबिखन विरुद्धको पहल

नेपालको संविधानको धारा २४९ (१) मा आयोगको  काम, कर्तव्यमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २४९ को उपधारा (२) मा "उल्लेखित कर्तव्य पूरा गर्न अयोगले गर्ने कार्यहरुमा : मानव अधिकार उल्लंघनका विषयमा छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिस गर्ने, मानव अधिकारको संरक्षणको सम्बन्धमा कर्तव्यपालना नगर्ने पदाधिकारी उपर विभागीय कारवाही गर्न सिफारिस गर्ने, मानव अधिकार उल्लङ्घनकर्ता विरुद्ध अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने, नागरिक समाजसँग समन्वय गर्ने, मानव अधिकार कानुनको सुधार तथा संशोधनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने, नेपाल पक्ष बनिसकेका सन्धि सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने, मानव अधिकार आयोगको सिफारिस वा निर्देशन पालना नगर्नेको नाम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख राख्ने" कार्यलाई समावेश गरिएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन नियन्त्रणका लागि सरकारलाई थप जिम्मेवार बनाउने, पीडितलाई न्यायदिने र मानव बेचबिखन विरुद्धको अभियानमा सबैको प्रयासलाई एकै ठाउँमा ल्याउने र सबैको प्रयासलाई उचित महत्व दिने कार्य गर्दै आएको छ । मानव बेचबिखन सम्बन्धी अध्ययन, अनुसन्धान र अनुगमनबाट प्राप्त निष्कर्षहरुको आधारमा आयोगबाट नेपाल सरकारलाई सुझाव तथा निर्देशनहरु दिदै मानव बेचबिखन नियन्त्रण तथा रोकथाम गरी मानव बेचबिखन तथा ओसारपसारबाट पीडित /प्रभावितहरु तथा जोखिम अवस्थामा रहेका व्यक्तिहरुको मानव अधिकार संरक्षण, संबर्द्धन र परिपूरणका लागी सरकारलाई थप उत्तरदायी बनाउने उद्देश्यले आयोगबाट सन् २००५ देखी मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आएको छ । मानव बेचबिखनका सवाललाई मानव अधिकारमुखी दृष्टिकोणबाट सम्बोधन गर्न आयोगको छैटौ रणनीतिक कार्ययोजना कार्यान्वयनमा छ ।

मानव अधिकार आयोगले मुख्य गरी मानव बेचबिखनका घटनाको अनुगमन गर्ने, सङ्घीय, प्रदेश तथा स्थानीय तहमा भएका मानव बेचबिखन विरुद्धका पहलहरुको समन्वय गर्ने, जोखिममा रहेका व्यक्ति तथा समुदायको मानव अधिकारको संरक्षण र सम्मानको सुनिश्चितता गर्ने, मानव बेचबिखनका जोखिम तथा

अवस्थाको बारेमा सूचक तयार र अनुगमन गर्ने, मानव बेचबिखनको सवालका एकीकृत तथ्याङ्क प्रणाली विकास गर्ने, मानव बेचबिखन विरुद्धको अभियानको साझेदारको पहिचान गर्ने र मानव बेचबिखनको अवस्था झल्कने गरी नियमित रुपमा राष्ट्रिय प्रतिवेदन प्रकाशित गर्ने जिम्मेवारी पुरा गर्दै आएको छ ।

## १.६. प्रतिवेदनको उद्देश्य

मुलुकमा मानव बेचबिखनका क्षेत्रमा घटेका घटना, रोकथाम, संरक्षण र पीडितको न्यायमा पहुँचका लागी भएका प्रयास तथा उपलब्धि आदिलाई समेटी तयार पारिएको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन हो । मानव बेचबिखनको क्षेत्रमा भए गरेका गतिविधिको विवरण एकीकृत गर्ने, सरकार लगायत साझेदारको भूमिकाको समीक्षा गर्ने र सम्बन्धित निकायलाई सुधारका लागि सुझाव दिने यस प्रतिवेदनको मुख्य उद्देश्य हुनेछ :

१. नेपालमा मानव बेचबिखनको अवस्था झल्कने वस्तुगत विवरणको सङ्कलन, अभिलेखिकरण, विश्लेषण तथा सार्वजनिक गर्नु ।

२. मानव बेचबिखन रोकथाम, संरक्षण र न्यायको सुनिश्चितताका लागि भएका नीतिगत, संरचनागत र कार्यक्रमिक प्रयास तथा उपलब्धिको समीक्षा गर्नु ।

३. मानव बेचबिखन प्रभावित एवं जोखिम समूहप्रति नेपाल सरकार लगायतका सरोकारवालाहरुको भूमिकाको विश्लेषण गर्नु ।

४. कोभिड-१९ को महामारीले उत्पन्न गरेको परिस्थितिले नेपालको मानव बेचबिखनमा परेको प्रभावको विश्लेषण गर्नु ।

५. अधिकारमुखी अवधारणा बमोजिम मानव बेचबिखन विरुद्धको कार्यलाई प्रभावकारी बनाउन नीतिगत, संरचनागत र कार्यक्रमिक सुधारका लागि सिफारिस गर्नु ।

## १.७. प्रतिवेदन तयारी प्रक्रिया र विधि

समकालीन विश्वको जल्दोबल्दो सवालमा तयार पारिने प्रतिवेदन भएकाले यसले अध्ययनका क्रममा बृहत्तर र बहुविधिको माग गर्दछ । तर अध्ययनमा उपयोग गरिने विधि सामान्यत त्यस क्षेत्रमा प्राप्त हुने सूचना, जानकारी तथा तथ्यांकको आधारमा निर्धारण हुने गर्दछ । मानव बेचबिखन र ओसारपसारसँग सम्बन्धित एकीकृत वस्तुनिष्ठ एवं पर्याप्त तथ्यांकहरु प्राप्त गर्न कठिन हुने भएकाले सङ्ख्यात्मक विधिको प्रयोगबाट मात्र प्रतिवेदन तयार पार्न कठिन हुन आउँछ । यो प्रतिवेदन तयार पार्दा घटना अध्ययन, व्यक्तिगत अनुभव, विज्ञहरुका दृष्टिकोण तथा बुझाई, सरोकारवाला निकायले सम्पादन गरेका कार्यहरु आदि समेतको आधारमा निचोड निकालिएको हुनाले गुणात्मक विश्लेषणमा विशेष ध्यान दिइएको छ । तसर्थ प्रतिवेदन तयारीको क्रममा सङ्ख्यात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरिएको छ ।

प्रतिवेदन तयारीको क्रममा मूलत द्वितीय स्रोतबाट प्राप्त हुने तथ्याङ्क, सूचना तथा जानकारी र प्राथमिक स्रोतबाट प्राप्त हुने तथ्याङ्क, सूचना तथा जानकारीको उपयोग गरिएको छ । यसका अलावा कोभिड-१९

का कारण मुलुकका अधिकांश भागमा निषेधाज्ञा जारी भएकाले स्थलगत विवरण सङ्कलन कठिनाई भएको थियो । तर सम्भव  भएसम्म धेरै विवरण सङ्कलन गर्ने त्यसको पुष्ट्याई गर्ने, त्रिकोणिय विधिबाट रुजु र प्रमाणीकरण समेत गर्ने प्रयास गरिएको छ ।

## १.८. प्रतिवेदनको सीमा

मानव बेचबिखन विश्वव्यापी समस्या भएतापनि यस प्रतिवेदनले मुख्य गरी नेपाल र नेपाली संलग्न वा प्रभावित भएका मानव बेचबिखनका घटनालाई मात्र समेटेको छ । मानव बेचबिखन एक गम्भिर विषय भएकाले यसको गहिराईसम्म जानका लागि प्रयाप्त सूचना, तथ्यांङ तथा जानकारीको आवश्यकता पर्दछ तर यस क्षेत्रमा निकै कम मात्र एकीकृत तथ्यांक तथा आधिकारिक विवरण प्राप्त भएकाले प्रतिवेदनलाई बिस्तृत बनाउन कठिनाईहरु भए । नेपालमा कुनै एक संस्थासँग मानव बेचबिखन तथा ओसारपसारका सबै एकीकृत जानकारी तथा तथ्यांक उपलब्ध नहुँदा विभिन्न निकायसँग लिइएका विवरणमा दोहोरोपनाको जोखिम हुने सम्भावना रहन्छ। कोभिड-१९ को महामारीले गर्दा हिँडडुल प्रभावित हुनु, प्रत्यक्ष भेटघाट तथा छलफल हुन नसक्नु र यस क्षेत्रमा कार्यरत सङ्घसंस्थामा समेत यसको प्रभाव पर्नुले प्रतिवेदन तयारीका क्रममा केही थप चुनौती सामना गर्नुपर्‍यो ।

## १.९. प्रतिवेदनको स्वरुप

मानव बेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदनको दसौं श्रृङ्खला स्वरुप तयार पारिएको यस प्रतिवेदनलाई जम्मा ६ परिच्छेदमा विभाजन गरिएको छ। पहिलो परिच्छेद परिचय खण्डमा मानव बेचबिखनको अर्थ तथा परिभाषा, प्रतिवेदनको सान्दर्भिकता, उद्देश्य, खाका, अध्ययन विधि, अध्ययनको सीमा समावेश गरिएको छ। परिच्छेद दुईमा नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अवस्थाका सम्बन्धमा विश्लेषण गरिने छ । परिच्छेद तीनमा कोभिड महामारी र मानव बेचबिखनको चर्चा गरिएको छ । यसमा कोभिड-१९ ले पारेको आर्थिक सामाजिक प्रभाव र मानव बेचबिखनमा पार्ने असर तथा भविष्यमा यस्ता प्रकृतिको संकट आउँदा जोखिममा रहेका समुदायको संरक्षणका लागि कस्ता तयारीहरु गर्नु आवश्यक छ भन्ने विषयमा चर्चा गरिएको छ। परिच्छेद चारमा मानव बेचबिखन विरुद्धका व्यवस्था तथा नियन्त्रणका प्रयासको समीक्षा गरिएको छ । त्यसै गरी परिच्छेद पाँचमा पीडित तथा प्रभावितको मानव अधिकार तथा न्यायमा पहुँचको अवस्था बारे चर्चा गरिएको छ। परिच्छेद छ मा निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद- दुई

# नेपालमा मानव बेचबिखन तथा ओसारपसारको अवस्था

## १. मानव बेचबिखन तथा ओसारपसार

मानव बेचबिखनलाई गम्भिर अपराधको रुपमा लिएको छ । यसबाट विश्वका प्रायः सबै मुलुक प्रभावित छन् । नेपाल मानव बेचबिखनको स्रोत, मार्ग (माध्यम) र गन्तव्य मुलुकको रुपमा विकास भएको छ । बेचबिखनका उद्देश्य, बेचबिखनकर्ताले प्रयोग गर्ने विधि, बेचबिखनका क्षेत्र आदिमा परिवर्तन हुदैं आएका छन् । विभिन्न मुलुकहरुले आफनो राष्ट्रभित्र भएको मानव बेचबिखन सम्बन्धी घटना दर्ता तथा पीडित /प्रभावितहरुको तथ्याङ्कको संकलनमा जोड दिएकाले मानव बेचबिखनबाट प्रभावित तथा पीडितहरुको संख्यामा बृद्बि भएको छ ।[९] मुख्यगरी आर्थिक अवस्था कमजोर भएका, परिवार तथा समाजबाट एक्लाइएका तथा पारिवारिक हिंसा तथा अन्य हिंसामा रहेका व्यक्तिहरु मानव बेचबिखनको उच्च जोखिम अवस्थामा रहेका हुन्छन् । युएनओडिसीको मानव बेचबिखन सम्बन्धी विश्वव्यापी प्रतिवेदन २०२० अनुसार आर्थिक अवस्था कमजोर भएका तथा आर्थिक आवश्यकता भएका ५१ प्रतिशत, अव्यवस्थित परिवारसँग रहेका बालबालिका २० प्रतिशत, मानव तस्करहरुसँग नजिकको सम्बन्ध भएका व्यक्तिहरु १३ प्रतिशत, मानसिकरुपमा अस्वस्थ व्यक्ति १० प्रतिशत, आप्रवासनमा रहेका १० प्रतिशत, अभिभावकको संरक्षणमा नरहेका ९ प्रतिशत, न्यून शिक्षा तथा न्यून बैदेशिक भाषाज्ञान भएका ६ प्रतिशत, शारीरिक अपाङ्ग ३ प्रतिशत व्यक्तिहरु मानव बेचबिखनको उच्च जोखिममा रहेका छन् । यस्तै उक्त प्रतिवेदनले ५० प्रतिशत यौन शोषण, ३८ प्रतिशत जवरजस्ती श्रम, ६ प्रतिशत अपराधिक क्रियाकलापमा संलग्न गराउन, १५ प्रतिशत मगन्ते, १ प्रतिशत जवरजस्ती विवाह, १ प्रतिशत मिश्रित रुपमा तथा न्यून रुपमा बच्चाको व्यापार, मानव अङ्ग झिक्ने तथा अन्य कार्यहरुका लागी मानिसहरु मानव बेचबिखन तथा ओसारपसारमा पर्ने गरेका छन् ।[१०]

नेपालको परिप्रेक्ष्यमा हेर्नेहो भने आन्तरिक रुपमा विशेष गरी मनोरन्जन तथा सत्कार सेवाका श्रम बजारमा तथा बैदेशिक रोजगारका नाममा मानव बेचबिखनको जाखिम बढ्दो छ । मानव बेचबिखनका परम्परागत स्वरुपबाट नेपाली महिला र बालबालिका पीडित हुदै आएका थिए । जबरजस्ती/बाध्यकारी श्रम तथा सामान्य प्रकृतिका शोषणलाई मानव बेचबिखनको परिभाषाभित्र नसमेटिएको कारणले गर्दा मूलतः यौन व्यवसाय गर्न बाध्य पारिएकालाई मात्र बेचबिखनमा परेको मानिन्थ्यो । पछिल्लो समयमा, समग्र मानव बेचबिखनको स्वरुप पनि फेरिएको छ भने देशभित्र मानव बेचबिखनका घटनाहरु बढ्दै आएका छन् । जनसङ्ख्या वृद्धि, बढ्दो सहरीकरण, जीवनशैलीमा आएको परिवर्तन, व्यक्तिको आयमा भएको वृद्धि आदिले मानव बेचबिखनका नयाँ आयामहरु थपिएका छन् । देशभित्रको वयस्क मनोरञ्जन व्यवसाय यसमध्येको एक उदयीमान क्षेत्र हो जसको

९ मानव बेचबिखन सम्बन्धी विश्वव्यापी प्रतिवेदन २०१८, युएनओडिसी ।

१० मानव बेचबिखन सम्बन्धी विश्वव्यापी प्रतिवेदन, २०२०, युएनओडिसी ।

फैलावट अन्तर्राष्ट्रिय बजारसम्म पुगेको छ । रोजगारीको अभावमा जोखिमयुक्त कामहरु स्वीकार गर्नुपर्ने बाध्यताको फाइदा उठाउँदै बाँधा श्रमिक वा आधुनिक दासताको अभ्यास गर्ने क्षेत्रहरु पनि देखा परेका छन् । वैदेशिक रोजगारीमा श्रम शोषण, ठगि, हिंसा र यौनशोषणका घट्नाहरु भएको पाइएको छ। मानव अङ्ग झिक्ने, यौन तथा श्रम शोषणका लागि विवाह गर्ने जस्ता मानव बेचबिखनका नयाँ तर गम्भिर अपराधिक गतिविधि पनि बढ्दै गएका छन् । यस परिच्छेदमा यिनै विषयमा केन्द्रित रहेर बाह्य र आन्तरिक मानव बेचबिखनको विवेचना गरिने छ ।

## १.१. मानव बेचबिखनको समग्र अवस्था

मानव बेचबिखन तथा ओसारपसारका अधिकांश समस्याहरु बाहिर आउँदैनन् । बाहिर आएकामध्ये पनि सबै औपचारिक कानुनी उपचारको प्रक्रियामा प्रवेश गरेको अवस्था देखिँदैन । मानव बेचबिखन तथा ओसारपसार नेपालको लागि एक गम्भिर समस्या हो । मानव बेचबिखनको जालो नेपालका सबै प्रदेशमा फैलिएको छ । विशेष गरी यौन व्यवसायको लागि महिला तथा किशोरी/ युवतीहरु शिकार हुँदै आएकोमा हाल मानव बेचबिखनका नयाँनयाँ प्रयोजन थपिंदै जाँदा जुनसुकै उमेर समूह तथा लिङ्गका व्यक्तिहरु जोखिम अवस्थामा पर्ने गरेका छन् ।

आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को अवस्था हेर्दा मानब बेचविखन तथा ओसारपसारको जोखीम अझ बढेर गएको देखिन्छ । जसमा कोभीड महामारीका समयमा रोजगारी गुमेका कारणले व्यक्तिहरु मानव बेचबिखनको जोखीम अवस्थामा रहेको पाइन्छ । यि दुई आर्थिक वर्षहरुमा नेपाल प्रहरी, सर्वोच्च अदालतमा बहस पैरवी, जिल्ला अदालतहरुमा वहस पैरवी भएका मुद्दाहरु, सिमानाकामा निगरानी तथा उद्दार, कोभीडको कारण बेरोजगार बनेकाहरुको संख्या, विभिन्न कार्यक्रम तथा सहयोग मार्फत प्रत्यक्ष सहयोग प्रदान गरीएको संख्याले मानव बेचविखन तथा ओसारपसारको जोखीम नेपालमा झन उच्च भएर गएको पाइन्छ । आन्तिरक बेचविखन, मनोरञ्जनको क्षेत्रमा बेचविखन, सिमापार भारत तथा चाइनामा विभिन्न प्रयोजनको लागि हुने बेचविखन, अन्तराष्ट्रिय स्तरमा विभिन्न प्रयोजनको लागि हुने बेचविखन तथा ओसारपसारले महिला, वालवालिका तथा पुरुष सवैमा जोखीम अवस्था रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ र २०७७/७८मा नेपाल प्रहरीमा जम्मा २७०[११]वटा मानव बेचविखनको मुद्दा दर्ता भएको पाइन्छ । क्रमशः सर्वोच्च अदालतमा मानव बेचविखनमा ४०२, उच्च अदालतहरुमा मानव बेचबिखन सम्बन्धी ६१७, जिल्ला अदालतहरुमा मानव बेचबिखन सम्बन्धी ७६०, वटा गरी जम्मा १७७९ वटा मुद्दाहरुको वहस पैरवी भएको पाइन्छ, । गैर सरकारी संस्था माइती नेपालका अनुसार सन् २०१९/२०२० मा १०००० जनालाई सिमा नाकामा निगरानी तथा उद्दार मार्फत सेवा प्रदान गरेको पाइएको छ भने ८००० जनालाई पुर्नस्थापना गृह सम्बन्धि सेवा प्रदान गरेको पाइएको छ। त्यसैगरी छोरी संस्था मार्फत जोखीममा

११ नेपाल प्रहरी मानव बेचखिन अनुसन्धान व्यूरोबाट प्राप्त तथ्याङ्क

रहेका ४००० महिला तथा वालिकाहरुलाई विभिन्न कार्यक्रम मार्फत प्रत्यक्ष सहयोग प्रदान गरेको पाइन्छ, त्यसैगरी ओरेक नेपाल मार्फत जोखीममा रहेका २५०० महिला तथा वालिकाहरुलाई विभिन्न कार्यक्रम मार्फत प्रत्यक्ष सहयोग प्रदान गरेको पाइन्छ। आफन्त नेपालका अनुसार गएका आर्थिक वर्षमा सिमा नाका निगरानी, विभिन्न जनचेतनामुलक कार्यक्रम, कानुनी सहायता तथा पुर्नस्थापना गृह सम्बन्धी सेवा मार्फत ९००० को हाराहारीमा जोखीममा रहेका तथा पिडितहरुलाई सेवा दिएको पाइयो। शक्ति समुहका अनुसार गएका आर्थिक वर्षहरुमा १०००० जोखीममा रहेका तथा उद्दार गरीएका तथा विभिन्न कार्यक्रम मार्फत जोखीममा रहेका तथा पिडित प्रभावितहरुलाई सेवा प्रदान गरेको पाइन्छ। त्यसैगरी साथी संस्थाका अनुसार बार्षिक ३००० जोखीममा रहेका तथा विभिन्न हिंसाबाट पिडित तथा प्रभावितहरुलाइ सेवा प्रदान गरेका पाइन्छ। प्रवासी नेपाली समन्वय समितिका अनुसार सन् २०१९/२०२० मा ६०० जोखीममा रहेका तथा पुरुष हरुका लाागि पुर्नस्थापना गृह मार्फत प्रत्यक्ष सेवा तथा सुविधाहरु प्रदान गरेको पाइयो। त्यसैगरी आप्रवासी महिला कामदार समुह र पौरखी नेपाल मार्फत वैदेशिक रोजगार बाट फर्केर आएका महिला कामदारहरुलाई सेफ हाउस सम्बन्धि सेवा तथा सुविधा प्रदान गर्दै आएको पाइन्छ।

सामाजिक तथा आर्थिक परिवेशले अहिलेको अवस्थामा पनि धेरै जनालाई मानव बेचविखन गम्भीर अपराध हो भनि थाहा नहुनु तथा आफन्त तथा नजिकको व्यक्तिको कारण घटना घटेमा कानुनी प्रक्रियामा जान नखोज्ने, पारिवारीक तथा सामाजिक सहयोग नहुनु, किशोरीहरुको विद्यालय छाडने कम नरोकिनु, सामाजिक संजालको माध्यमबाट बढ्दो बेचविखनको अवस्था व्याप्त पाइएको छ।

तालिका नं. १.१.१ आ.ब.( २०७६/०७७) मा मानव बेचबिखन तथा ओसारपसारका विषयमा दर्ता भएको मुद्दाहरुको जाहेरी विवरण :

| सप्रईका | ब्रामण | | क्षेत्री | | जनजाती | | दलित | | म्धेशी | | ठकुरी | | विदेशी | | जम्मा | | कुल जम्मा | मु.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ नं प्रदेश | ० | ३ | ० | ८ | ० | १५ | ० | ४ | ० | ३ | ० | ० | ० | ० | ० | ३३ | ३३ | २२ |
| मधेश प्रदेश | ० | ० | १ | ० | ० | ७ | ० | ० | ० | ३ | ० | ० | ० | ० | १ | १० | ११ | ८ |
| बागमती प्रदेश | ० | १ | ० | ३ | ० | ७ | ० | ११ | ० | ० | ० | ० | ० | ० | ० | २२ | २२ | १३ |
| गण्डकी प्रदेश | ० | १ | ० | २ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ९ | ९ | ५ |
| लुम्बिनी प्रदेश | ० | ० | ० | ३ | १ | २५ | ० | १२ | ० | ३ | ० | १ | ० | ० | १ | ४४ | ४५ | ३० |
| कर्णाली प्रदेश | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | २ |
| सुदूरपश्चिम प्रदेश | ० | ० | ० | १३ | ० | ४ | ० | ६ | ० | ० | ० | २ | ० | ० | ० | २५ | २५ | १९ |
| उपत्यका | ० | २ | ४ | ५ | २ | २९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | ३६ | ४२ | २६ |
| व्यूरो | ० | ३ | ३ | १ | ३ | ३ | ० | २ | ० | ० | ० | ० | ० | ० | ६ | ९ | १५ | ११ |
| जम्मा | ० | १० | ८ | ३८ | ६ | ९६ | ० | ३५ | ० | ९ | ० | ३ | ० | ० | १४ | १९१ | २०५ | १३६ |

*स्रोत : नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरो ।*

आर्थिक वर्ष २०७६/७७ को अवस्था हेर्दा नेपालभरीका सबै प्रहरी ईकाईहरुमा मानव बेचबिखन सम्बन्धी जम्मा १३६ वटा जाहेरी दर्ता भएको देखिन्छ । जसमा १९१ महिला र १४ जना पुरुषहरु गरी २०५ जना व्यक्तिहरु मानव बेचबिखनबाट पीडित रहेको देखिन्छ ।

नेपाल प्रहरीमा दर्ता भएको मानव बेचबिखन सम्बन्धी जाहरीको प्रदेशगत रुपमा हेर्नेहो भने सबैभन्दा बढी लुम्बिनी प्रदेशमा ३० वटा मानव बेचबिखन सम्बन्धी जाहेरी दर्ता भएको देखिन्छ जसमा ४५ जना व्यक्तिहरु मानव बेचबिखनबाट पीडित रहेको देखिन्छ ।

प्रदेश नं. १ मा मानव बेचबिखन सम्बन्धी २२ वटा जाहेरीमा ३३ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ३३ जना महिलामा १५ जना जनजाती ८ जना क्षेत्री ४ दलित ३ ब्रामह्ण र ३ मधेशी महिलाहरु रहेको देखिन्छ । यस्तै मधेश प्रदेशमा ८ वटा मानव बेचबिखन सम्बन्धी जाहेरी दर्ता भएकोमा १ जना पुरुष र १० जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेका छन् । १० जना  महिलामा ७ जना जनजाती र ३ जना मधेशी महिलाहरु रहेका छन् भने १ जना पुरुष पीडित भएका देखिन्छन् ।

बागमती प्रदेशको मानव बेचबिखन सम्बन्धी १३ वटा जाहेरीमा २२ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । २२ जना महिलामा मा ७ जना जनजाती ३ जना क्षेत्री ११ जना दलित १ जना ब्रामह्ण पीडित रहेको देखिन्छ ।

गण्डकी प्रदेशको मानव बेचबिखन सम्बन्धी ५ वटा जाहेरीमा ९ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ९ जना महिलामा मा ६ जना जनजाती २ जना क्षेत्री ११ र १ जना ब्रामह्ण पीडित रहेको देखिन्छ ।

लुम्बिनी प्रदेशको मानव बेचबिखन सम्बन्धी ३० वटा जाहेरीमा ४४ जना महिला  र १ जना पुरुष मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ४४ जना महिलामा २५ जना जनजाती ३ जना क्षेत्री १२ जना दलित १ जना मधेशी र १ जना ठकुरी रहेका देखिन्छ भने १ जना जनाजाती पुरुष पीडित रहेको देखिन्छ ।

कर्णाली प्रदेशको मानव बेचबिखन सम्बन्धी २ वटा जाहेरीमा ३ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ३ जना महिलामा ३ जना क्षेत्री रहेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशको मानव बेचबिखन सम्बन्धी १९ वटा जाहेरीमा २५ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ। २५ जना महिलामा ४ जना जनजाती १३ जना क्षेत्री ६ जना दलित २ जना ठकुरी रहेको देखिन्छ ।

उपत्यकाको मानव बेचबिखन सम्बन्धी २६ वटा जाहेरीमा ३६ जना महिला र ६ जना पुरुष गरी जम्मा ४२ जना मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ। ३६जना महिलामा २९ जना जनजाती ५ जना क्षेत्री २ जना ब्रामह्ण रहेको देखिन्छ भने ६ जना पुरुषमा ४ जना क्षेत्री र २ जना जनजाती रहेको देखिन्छ ।

व्यूरोको मानव बेचबिखन सम्बन्धी ११ वटा जाहेरीमा ९ जना महिला तथा ६ जना पुरुष मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ९ जना महिलामा ३ जना जनजाती १ जना क्षेत्री २ जना दलित ३ जना ब्रामह्ण रहेको देखिन्छ भने ६ जना पुरुषमा ३ जना क्षेत्री र ३ जना जनजाती रहेको देखिन्छ।

तालिका नं. १.१.२ आ.ब. २०७७/७८मा मानव बेचबिखन तथा ओसारपसारका विषयमा दर्ता भएका मुद्दाहरुको विवरण :

| सप्रईका | ब्रामण | | क्षेत्री | | जनजाती | | दलित | | म्धेशी | | ठकुरी | | विदेशी | | जम्मा | | कुल जम्मा | मु.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| १ नं प्रदेश | १ | ३ | ० | २ | ० | २३ | ० | ४ | ० | ५ | ० | ० | ० | ० | १ | ३७ | ३८ | २३ |
| मधेश प्रदेश | ० | १ | ० | ० | ० | ७ | ० | १ | ० | ६ | ० | ० | ० | ० | ० | १५ | १५ | १३ |
| बागमती प्रदेश | ० | १ | ० | ० | ० | ६ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ८ | ८ | ५ |
| गण्डकी प्रदेश | ० | २ | ० | ० | ० | ४ | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ९ | ९ | ७ |
| लुम्बिनी प्रदेश | ० | १ | ० | ९ | १ | ११ | ० | १५ | ० | ३ | ० | ० | ० | ० | १ | ३९ | ४० | २७ |
| कर्णाली प्रदेश | ० | १ | ० | ० | ० | ० | ० | ३ | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ | ४ |
| सुदूरपश्चिम प्रदेश | ० | ६ | ० | १६ | ० | ८ | ० | ३ | ० | ० | ० | २ | ० | ० | ० | ३५ | ३५ | २५ |
| उपत्यका | ० | १ | ० | ३ | ० | ८ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | १४ | १४ | ९ |
| व्यूरो | ० | ३ | ० | ४ | २ | १२ | ० | १ | ० | १ | ० | १ | ० | ० | २ | २२ | २४ | २१ |
| जम्मा | १ | १९ | ० | ३४ | ३ | ७९ | ० | ३३ | ० | १५ | ० | ३ | ० | ० | ४ | १८३ | १८७ | १३४ |

*स्रोत : नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरो ।*

आर्थिक वर्ष २०७७/७८ को अवस्था हेर्दा नेपालभरीका सबै प्रहरी ईकाईहरुमा मानव बेचबिखन सम्बन्धी जम्मा १३४ वटा जाहेरी दर्ता भएको देखिन्छ । जसमा १८४ महिला र ४ जना पुरुषहरु गरी १८७ जना व्यक्तिहरु मानव बेचबिखनबाट पीडित रहेको देखिन्छ ।

प्रदेशगत रुपमा हेर्नेहो भने सबैभन्दा बढी लुम्बिनी प्रदेशमा २७ वटा मानव बेचबिखन सम्बन्धी जाहेरी दर्ता भएको देखिन्छ जसमा ४० जना व्यक्तिहरु मानव बेचबिखनबाट पीडित रहेको देखिन्छ ।

प्रदेश नं. १ मा मानव बेचबिखन सम्बन्धी २३ वटा जाहेरीमा ३७ जना महिला र १ जना पुरुष मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ३७ जना महिलामा २३ जना जनजाती २ जना क्षेत्री ४ दलित ३ ब्रामहृण र ५ मधेशी महिलाहरु रहेको देखिन्छ ।

मधेश प्रदेशमा १३ वटा मानव बेचबिखन सम्बन्धी जाहेरीमा १५ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेका छन् । १५ जना  महिलामा ७ जना जनजाती, ६ जना मधेशी, १ जना ब्रामहृण र १ जना दलित महिलाहरु पीडित भएका देखिन्छन् ।

बागमती प्रदेशको मानव बेचबिखन सम्बन्धी ५वटा जाहेरीमा ८ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ८ जना महिलामा मा ६ जना जनजाती १ जना दलित १ जना ब्रामहृण पीडित रहेको देखिन्छ ।

गण्डकी प्रदेशको मानव बेचबिखन सम्बन्धी ७ वटा जाहेरीमा ९ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ९ जना महिलामा ४ जना जनजाती ३ जना दलित र २ जना ब्रामहृण पीडित रहेको देखिन्छ ।

लुम्बिनी प्रदेशको मानव बेचबिखन सम्बन्धी २७ वटा जाहेरीमा ३९जना महिला  र १ जना पुरुष गरी ४० जना मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ३९ जना महिलामा ११ जना जनजाती ९ जना क्षेत्री १५ जना दलित ३ जना मधेशी, १ जना ब्रामहृण रहेका देखिन्छ भने १ जना जनाजाती पुरुष पीडित रहेको देखिन्छ ।

कर्णाली प्रदेशको मानव बेचबिखन सम्बन्धी ४ वटा जाहेरीमा ४ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ४ जना महिलामा ३ जना दलित र १ जना ब्रामहृण महिला पीडित रहेको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशको मानव बेचबिखन सम्बन्धी २५ वटा जाहेरीमा ३५ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । ३५ जना महिलामा ८ जना जनजाती १६ जना, ब्रामहृण ६ जना, क्षेत्री ३ जना दलित २ जना ठकुरी रहेको देखिन्छ ।

उपत्यकाको मानव बेचबिखन सम्बन्धी ९ वटा जाहेरीमा १४ जना महिला मानव बेचबिखन तथा ओसार पसारबाट पीडित रहेको देखिन्छ । १४ जना महिलामा ८ जना जनजाती ३ जना क्षेत्री १ जना ब्रामहृण, दलित २ जना रहेको देखिन्छ ।

मानव बेचबिखन अनुसन्धान व्यूरोमामानव बेचबिखन सम्बन्धी २१ वटा जाहेरीमा २२ जना महिला तथा २ जना पुरुष मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ । २२ जना महिलामा १२ जना जनजाती ४ जना क्षेत्री १ जना दलित ३ जना ब्रामहृण, १ जना मधेशी, १ जना ठकुरी रहेको देखिन्छ ।

## १.२. मानव बेचबिखनको आयाम

भारतमा मात्र केन्द्रित मानव बेचबिखन तथा ओसारपसारको श्रृङ्खलाले आफ्नो दायरालाई फराकिलो बनाउदै लगेको छ । आन्तरिक तथा वैदेशिक रोजगार, बयस्क मनोरञ्जन, नक्कली विवाह, मानव अंग झिक्ने आदि मानव बेचबिखनका क्षेत्रहरुमा विस्तार हुँदै आएको छ । विशेष गरी आर्थिक अवस्था कमजोर भएका, परिवारबाट एक्लिएका तथा रोजगारको खोजीमा रहेका, हिंसा पीडितहरु मानव बेचबिखनकर्ताको नजरमा पर्ने गरेका तथ्यहरु प्राप्त भएका छन् । मानव बेचबिखन महिला माथि हुने यौन शोषणमा मात्र सीमित नरही महिला पुरुष दुवैमा हुने यौन शोषण, आर्थिक शोषण, बन्धक तथा बाँधा मजदूर, जवरजस्ती श्रम शोषण, नक्कली विवाह(जवरजस्ती बच्चा जन्माउन) का लागी बेचबिखन भईरहेको हुन्छ । साथै बालबालिकाहरुलाई विभिन्न प्रलोभन दिएर रोजगारका लागी, घुम्न जाने बहानामा, आफन्त भेट्ने बहानामा, पढाइदिने बहानामा, औषधीको प्रयोग, प्रेम तथा अपनत्व देखाएर, मोवाईल किनिदिने तथा अन्य बहानामा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार हुने गरेको पाइएको छ ।

### १.२.१. आन्तरिक रुपमा मानव बेचबिखन तथा ओसारपसारको जोखीम

आर्थिक क्रियाकलापमा भएको वृद्धि, बढ्दो बसाईसराई तथा सहरीकरण, वैदेशिक रोजगारमा युवाहरुको उच्च संलग्नता आदि जस्ता कारणले गर्दा आन्तरिकरुपमा पनि मानव बेचबिखनको प्रभाव बढ्दै गएको छ । वयस्क मनोरञ्जनका क्षेत्रमा देखिएको यौन हिंसा, यौन व्यवसायमा संलग्नता, श्रम शोषण र बाह्य बजारसँगको सञ्जालीकरणले चुनौती थपेको छ । त्यस्तै अनौपचारिक रुपमा सञ्चालन भएका यौन व्यवसाय, बाध्यकारी श्रम, अवैधानिक मानव अङ्ग झिक्ने कार्य, घरेलु श्रमिकको शोषण आदिमा भएको वृद्धिले आन्तरिक मानव बेचबिखन तथा ओसारपसारको जोखिम पाइएको छ ।

**तालिका नं.१.२.१** नेपाल प्रहरीमा आन्तरिक(नेपालभित्र)रुपमा मानव बेचबिखन तथा ओसारपसारका घटनाका पीडित/प्रभावितहरुको संख्या :

| आ.ब. | महिला | पुरुष | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| २०७६/७७ | ८१ | ५ | ० | ३५ | १२१ |
| २०७७/७८ | ७७ | १ | ० | ५८ | १३६ |
| जम्मा | १५८ | ६ | ० | ९३ | २५७ |

*स्रोत : नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरो ।*

मानव बेचविखन तथा ओसारपसार अनुसन्धान ब्युरोबाट प्राप्त आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को अवस्था हेर्दा २५७ जना व्यक्तिहरु आन्तरिक मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित भएको देखिन्छ । जसमा महिला ६१.४ प्रतिशत, पुरुष २.३ प्रतिशत, बालिका ३६.१ प्रतिशत र बालक ० प्रतिशत रहेका छन् ।

माइती नेपालका अनुसार यस आर्थिक वर्षमा आन्तरिक अनुगमन तथा उद्दारमार्फत एक हजारभन्दा बढी महिला तथा २०० भन्दा बढि बालबालिकाहरुलाई आन्तरिक अनुगमनको सन्दर्भमा उद्दार गरिएको[१२] पाइएको छ ।

१२ माइती नेपाल

### १.२.२. मनोरञ्जन क्षेत्रमा मानव बेचबिखन तथा ओसारपसारको जोखीम

मानिसको जीवनशैलीमा आएको परिवर्तन, विश्वव्यापीकरण, प्रविधिको विकास एवं विस्तार, बढ्दो आप्रवासन, सहरीकरण तथा मध्यम वर्गमा भएको वृद्धिका कारण विश्वभर नै वयस्क मनोरञ्जन व्यवसाय विस्तार हुदै गएको छ। मानव बेचबिखन र ओसारपसारको दृष्टिमा वयस्क मनोरञ्जन व्यवसाय थप एक चुनौतीका रुपमा विश्वसामु देखा परेको छ। वयस्क मनोरञ्जन तथा सत्कार व्यवसायमा उच्च यौनजन्य हिंसाका क्रियाकलाप हुने गरेको तथ्य त्यस क्षेत्रमा कम उमेरका किशोरीको उपयोगमा रहेको बाहुल्यताले पुष्टि गर्दछ । नेपालका प्रमुख सहरहरुमा बढ्दो वयस्क मनोरञ्जन व्यवसायले आन्तरिक मानव बेचबिखन र ओसारपसारका घटना वृद्धि हुनुले थप जटिलता ल्याएको छ। यसका अतिरिक्त श्रमिकको खुला आवागमन, अन्तर्राष्ट्रिय मनोरञ्जन बजारसँगको सहज सम्पर्क र सञ्जाल, आन्तरिक र बाह्य एजेण्टको खुला गतिविधि, बेचबिखनकर्ताको सञ्जाल, खुला सीमाना, प्रविधिको बढ्दो प्रयोग, इन्टरनेट लगायतका सुविधाका कारण नेपाली महिला तथा किशोरीलाई देशभित्र र अन्तर्राष्ट्रिय मनोरञ्जन बजारमा उपयोग गर्ने क्रम बढ्दै गएको छ। क्याविन रेष्टुरेण्ट, दोहोरी साँझ, डान्सबार, मसाज सेन्टर, पार्लर जस्ता मनोरञ्जन केन्द्रमा यौन शोषणका गतिविधिहरु बढ्दै गएका प्रतिवेदनहरु सार्वजनिक हुने गरेका छन्। वयस्क मनोरञ्जन व्यवसायमा श्रम शोषण, यौन दुर्व्यवहार, मौखिक दुर्व्यवहार, आदि जस्ता शोषण हुने गरेको पाइन्छ। अध्ययन अनुसार श्रम शोषण, बलात्कारको प्रयास, शारीरिक सम्पर्कका लागि अनुरोध, अनुचित स्पर्श आदि जस्ता कार्य हुने गरेको बताएको छ ।

> बालिकाहरुलाई फेसबुकबाट चिनजान भएकी महिलाले राम्रो कमाई हुने काम लगाई दिने भनी काठमाण्डौंको कोटेश्वरमा रहेको गेष्टहाउसमा पुर्‍याई हाउसको मालिकको जिम्मा लगाइदिएकी । गेष्टहाउसमा मालिकले बालिकाहरुलाई पहिला वेटरको रुपमा राखेको र पछि विस्तारै ग्राहकको बिल बढाउनसँगै बस्ने खाना खान र ग्राहकहरुसँग २००० देखि ३५०० सम्म लिई जबरजस्ती शारीरिक सम्पर्क राख्न लगाई वेश्यावृतिमा लगाई कमाएको पैसासमेत आफैंले लिई श्रम शोषण समेत गरेकोले कानुनबमोजिम कारबाही गरी पाउँ भनने व्यहोराको जाहेरीको आधारमा निज ७२ बर्षिय गेष्टहाउस सञ्चालकलाई नेपाल प्रहरीले पक्राउ गरी अनुसन्धान गरी रहेको ।
>
> *स्रोत : मानव बेचबिखन अनुसन्धान व्यूरो, मेडिया डेस्क २०७८/०१/०३*

राष्ट्रिय मानव अधिकार आयोगबाट काठमाण्डौ जिल्लाको शहरी क्षेत्रमा रहेका रात्रीकालीन डान्सबार रेष्टुरेन्ट, क्याविन रेष्टुरेन्ट, दोहोरीसाँझ रेष्टुरेन्ट, डान्स क्लब, मसाज पार्लर र खाजा घरहरुमा कार्यरत श्रमजीवि तथा बालबालिकाहरुको मानव बेचविखनको जोखिम अवस्थाको अनुगमनका क्रममा युवती तथा किशोरीहरु नै बढी मानव बेचबिखनको जोखिम अवस्थामा रहेको पाइएको छ। उक्त अनुमगनका क्रममा प्राप्त तथ्यहरुमा :

- खाजा घरमा काम गर्ने बालिकालाई अर्डर लिन तथा दिन जाँदा ग्राहकले असामान्य व्यवहार गर्ने,
- खाजा घरको ढोकामा युवतीहरु सजिएर बस्ने तथा ग्राहकको पर्खाईमा बस्नुपर्ने,
- क्याविन रेष्टुरेन्टहरुमा युवतीहरुको मात्र उपस्थिति रहेको,
- नास्ता बनाउने ठाँउ नभएको के पाइन्छ भनी सोध्दा “मेन्यू अनुसार अर्डर गर्नु भन्ने मेन्यू अनुसार अर्डर गर्दा पाइदैन भन्ने, छैन भन्ने, अल्कोहलहरु पाइन्छ भन्ने गरेको”,
- क्याविन रेष्टुरेण्ट र खाजा घरमा सञ्चालकहरु नदेखिएको काम गर्ने युवतीहरु मात्र देखिएको,

- कुनै पनि डान्सबार, रेष्टुरेन्ट खाजा घर र दोहोरी साँझहरुमा सूचनापाटी नदेखिएका,
- दोहोरी साँझको मूलढोका अगाडी जाडो याममा पनि एउटा पातलो लुगा लगाई युवतीहरु सजिएर बाटोको छेउमा बसिरहेको,
- दोहोरी साँझमा कार्यरत श्रमिकहरु ड्रेसमा हुने तर ग्राहकसँगै बस्नु पर्दा छुट्टै सल ओड्ने श्रमिक हो भन्ने नचिन्ने भेषमा बस्ने र धेरैभन्दा धेरै बिक्री गराउनु पर्ने बाध्यता,
- दोहोरी साँझ रेष्टुरेन्टहरु एउटै एरियामा एक घर छोडी अर्को घरमा नजिक नजिक रहेको र दोहोरी साँझमा पनि दोहोरीको गीत नभई हिन्दी तथा नेपाली फिल्मका गीतहरुमा नृत्य गरिएको
- ग्राहकसँग युवती टाँसिएर बसेर खानुपर्ने, गफ गर्नुपर्ने, हुक्का तान्नु पर्ने, ग्राहक गएपछि मात्र युवतीहरु फटाफट बाहिर निस्कने खाजाको मेन्यू हुने तर खाजा नपाउने, हार्ड ड्रिङ्सहरु सोध्ने कार्य गर्ने, महिलाहरु जादाँ त्यति रुचि नदेखाउने, अर्डरहरु लिन नआउने आएपनि ढिलो आउने,
- डान्सबारमा १८ वर्ष भन्दामुनिका बालबालिकाहरुले काम गर्ने (नृत्य)डान्स गर्ने, ग्राहकसँग बसेर चुरोट खाने अल्कोहल खाने कार्य गरेको,
- अन्दाजी १४-१५वर्ष उमेरका बालिकाहरुले ग्राहकसँग बसी चुरोट, हुक्का तथा अल्कोहल खाने उनीहरुलाई रिझाउने, ग्राहकले बालिकाहरुको शरीर सुम्सुमाउने कार्य गरेको,
- खाजा घरहरु तथा रेष्टुरेन्ट र बारमा खाजाहरु, चिया, कफी तथा पेय पर्दाथको मूल्य बाहिरको तुलनामा अत्याधिक मंहगो रहेको,
- दोहोरी साँझ, डान्सबार तथा खाजा घरमा काम गर्ने श्रमिकहरुको मासिक तलब सरकारले तोकिदिएको न्युनतम रकमभन्दा न्युन रहेको पाइएको छ ।

### १.२.३. इट्टा उद्योगमा हुने शोषण तथा मानव बेचबिखन तथा ओसारपसारको जोखीम

नेपालमा आन्तरिक मानव बेचबखिनको एक महत्वपूर्ण क्षेत्रको रुपमा इट्टा उद्योगलाई लिन सकिन्छ । इट्टा उद्योगमा रहेको जोखिमपूर्ण अवस्था न्यूनिकरणका लागि नेपाल सरकारले विभिन्न कार्यहरु गरेको पाइन्छ । राष्ट्रिय योजना आयोग केन्द्रिय तथ्याङ्क विभाग, अन्तर्राष्ट्रिय श्रम संगठन र युनिसेफ नेपालको संयुक्त प्रयासमा सन् २०२० मा गरिएको अध्ययनले इट्टा उद्योगमा बाध्यकारी र जवरजस्ती श्रमले निरन्तरता पाएको उल्लेख छ । ईट्टा भट्टामा श्रममा रहेका १,७६,३७२ श्रमिक(परिवारका सदस्यसहित)मध्ये ६,२२९(३.५प्रतिशत) जवरजस्ती श्रममा रहेको देखाएको छ। साथै यस अध्ययनले परिवार सहितका मुख्य श्रमिकहरुलाई मात्र हेर्दा मुख्य श्रमिकहरु १०३,५४६ मध्ये ४,१४४(४ प्रतिशत) श्रमिकहरु जवरजस्ती श्रममा रहेको देखाएको छ । यस अध्ययनले कूल काम गर्ने मध्ये ४ प्रतिशत बाध्यकारी श्रम र ०.७ बँधुवा मजदुरको रुपमा कार्यरत भएको देखाएको छ। बाध्यकारी श्रममा रहेका मध्ये ३४.५ प्रतिशत किशोरी/महिला रहेका देखाएको छ। ईट्टा भट्टामा बस्ने पाँच देखी १७ बर्ष उमेर समूहका ३४,५९३ बालबालिकाहरु मध्ये १७,७३८ जना (४९प्रतिशत) बालबालिकाहरु बल श्रममा रहेको देखाएको छ । जसमा आधा भन्दा बढी (५१ प्रतिशत)भारत नागरिकका बालबालिकाहरु रहेको देखाएको छ [१३] । यस अध्ययनबाट नेपालले कुनै पनि प्रकारका बालश्रम शोषण तथा

१३ ईंट्टा उद्योगमा रोजगारको सम्बन्ध : एक सर्वेक्षण, डिसेम्बर २०२० , नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्द्रिय तथ्याङ्क विभाग, अर्न्तराष्ट्रिय श्रम संगठन र युनिसेफको संयुक्त अध्ययन प्रतिवेदन ।

अन्य प्रकारका शोषणलाई मान्यता नदिने संवैधानिक तथा कानुनी व्यवस्था गरेको भए तापनि इट्टा भट्टामा अझै पनि बालश्रम शोषण रहेको देखिन्छ । इट्टा उद्योगमा उद्योगहरुले कामदार आपुर्ति गर्न केहि व्यक्तिलाई ठेक्कामा दिएका हुने र ती ठेकेदार तथा रोजगारदाताहरुले विभिन्न स्थानबाट सस्तोमा श्रमिक उपलब्ध गराउने  गरेको र श्रमिक खोज्ने क्रममा रोजगारदाताले कामदारलाई अग्रिम भुक्तानी समेत गर्ने हुँदा दास वा बाँधाको रुपमा श्रम शोषण हुने गरेको देखिन्छ । असुरक्षित बस्ने ठाउँ, उचित कार्य वातावरणको अभाव तथा व्यवसायजन्य सुरक्षाका प्रबन्ध नअपनाईएकाले श्रमिकहरु उच्च जोखिम अवस्थामा रहेको पाइन्छ ।

### १.२.४. अङ्ग झिक्न प्रयोग गर्न गरिने मानव बेचबिखन

मानव बेचबिखन जस्तो गम्भीर अपराधमा स्वास्थ्य क्षेत्रमा गैरकानुनी ढङ्गबाट मानव अङ्ग बेचबिखन हुँदे आएको छ । आर्थिक बाध्यतामा परेका कतिपय व्यक्तिहरुलाई मानव अङ्गका तस्करहरुले ललाई फकाई झुक्याएर, अप्ठ्यारामा पारेर वा धम्क्याएर उनीहरुको अङ्ग बिक्री गर्ने गर्दछन् ।

क्यानडामा राम्रो तलबसहितको रोजगारी दिलाई दिने, बस्ने र खाने राम्रो प्रबन्धका साथै बसोबासको स्थायी अनुमति दिलाउने भनि प्रलोभनमा पारी योगेश सापकोटा र अन्य अभियुक्त मिली भारतको नयाँ दिल्ली लगि होटलमा राखेपछि थप भारतीय अभियुक्तहरु समेत संलग्न भई पीडितलाई क्यानडा जानको लागि २२००० अमेरिकी डलर नगद देखाउनुपर्ने भएकाले उक्त रकम ल्याउनु भनि पीडितलाई दबाब दिएको । पीडितका बुबा र मामा २ जनाले नगदै अमेरिकी डलर २२०५९ समेत लिई भारतको नयाँ दिल्ली पुगे पछि पीडितलाई क्यानडा जानको लागि भनि इन्दिरा गान्धि एअरपोर्ट र बाबु र मामालाई गुडगाउँस्थित होटलमा लगि बेहोस पारी किड्नी झिक्ने प्रयास गरेको र क्यानडाको लागि भनि एअरपोर्ट लगिएका पीडित एअरपोर्ट मै अलपत्र परेपछि बाबु र मामा खोज्दै होटल पुग्दा दुबैलाई बेहोस अवस्थामा फेला पारे पछि अस्पताल लगि उपचार गराई ठिक भएपछि पीडितहरुले आफ्नो साथमा बोकेको सम्पूर्ण नगद रकम लुटेको थाहा पाए पछि उजुरी दिएका र अभियुक्त पक्राउ परेका । लुटिएको रकम अमेरिकी डलर २२०५९ भारतीय रुपैयाँ १५००० र नेपाली रुपैयाँ ३५००० ।

*स्रोतः जनअधिकार संरक्षण मञ्च (पिपुल्स फोरम)*

### १.२.५. भारततर्फको मानव बेचबिखन तथा ओसारपसार

पछिल्लो समयमा नेपालबाट भारततर्फ विशेष गरी महिला तथा किशोरीहरुको ओसारपसार बढेको तथ्यहरु आयोगको अनुगमनका क्रममा पाइएका छन् । प्राप्त भएको तथ्यहरुमा दाउरा बोकेर, माछा बोकेर, घाँस बोकेर सीमा पार भारततर्फ मानिसहरुको ओसारपसार हुने, पहाडबाट आएका महिलाहरु तराईको भाषा प्रयोग गरी यही नजिकैबाट किनमेलको लागि भनी भारतको सीमा पार जाने, औषधी किन्ने बहाना, पारी सामान लिन जाने भनेर पनि मानिसहरुको नेपाल भारत सीमानाकाबाट पार गरी ओसारपसार गर्ने, पूजाको लागि, विवाह गरेर तथा फेसबुक, इमोबाट चिनजानका आधारमा भारततर्फ लाने गरेको, दिनभरी बदाम बेच्ने, माछा बेच्ने बेलुका उनै व्यक्तिहरुलाई प्रयोग गरेर सीमा पार गराएको,  विशेष गरी १६ वर्षदेखी २५ वर्षसम्मका धेरैजसो किशोर तथा किशोरी र युवा पुस्ताहरु नेटवर्क विजनेसका लागि भनी भारत जाने प्रवृत्ति बढेको, नेपाल भारतको सीमानाकाबाट ईजरायल, साइप्रस लगायतका वैदेशिक मुलुकाहरुमा अभिलेखबद्ध नभई जान लागेको फेला पारिएको (जसमा ५० वर्षकी महिला मानव बेचविखन तथा ओसारपसारको जोखिम अवस्थामा रहेको), पश्चिम रुकुम, रोल्पा प्युठानका मानिसहरु सिङ्गापुर भ्रमण तथा तालिमका नाममा समेत झापा जिल्लाको काँकटभिट्टाको सिमानाका हुँदै जाने गरेको, यस्तै हङ्कङ्ग, साइप्रस गएर परिचयपत्र लिन नेपाल भारतको सीमानाका पार जाने प्रवृत्ति रहेको पाइएको छ ।[१४]

१४ राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७७/११/१२ देखी २३ सम्म ईलाम, झापा, सुनसरी, मोरङ्ग जिल्लाहरुमा ग रेको अनुगमनका क्रममा प्राप्त गरेका तथ्य ।

झापा जिल्लाका सीमा निगरानी केन्द्र आफन्त नेपालकी एक कर्मचारीका अनुसार : विशेष गरी १६ वर्ष देखि २५ वर्षसम्मका धेरैजसो किशोरकिशोरी  र युवा पुस्ताहरु नेटवर्क विजनेसका लागि भनी भारत जाने प्रवृत्ति बढेको छ । उनीहरुलाई सीमामा रोकेर सोधपुक्ष गर्न लाग्दा "मलाई तपाईलाई जस्तै जागिर दिनु, घरको ऋण तिरिदिनु भनी रिसाउँछन् । मानव बेचबिखनमा संलग्न व्यक्तिहरु तालिम प्राप्त हुन्छन् जहाँ जहाँ निगरानीको उपस्थिति हुँदैन त्यहाँको बाटो प्रयोग गरेको हुन्छ । मुख्य नाकाबाट जाँदा सबै निगरानी केन्द्र छलेर रिक्सा, एम्बुलेन्स, गलत मेडिकल प्रेसक्रिप्सन प्रयोग गरेर जान्छन् । प्रायः जसो मानव बेचबिखनको घटनामा सीमा कटाउँदा नक्कली अभिभावक बनेर, अर्केको नागरिकतामा आफनो फोटो राख्ने प्रवृत्ति रहेको छ" ।[१५]

खुला सीमाना, परम्परागत सम्बन्ध, पारिवारिक, साँस्कृतिक तथा भौगोलिक निकटता र विद्यमान कानुनी व्यवस्थाले दुई देशबिचको आवतजावतलाई नियमन गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । यही सहजताको दुरुपयोग गरी नेपालीहरु ठूलो सङ्ख्यामा भारतीय बजारमा बेचिन पुग्दछन् । दुवै देशको सीमानामा सीमा सुरक्षा र नियमनका लागि उल्लेख्य मात्रामा चेकपोष्टको व्यवस्था र सुरक्षाकर्मी परिचालन गरिए तापनि मानव बेचबिखन नियन्त्रणमा निकै चुनौती रहेको छ ।

झापा, ईलाम, मोरङ्ग, सुनसरी, कपिलवस्तु, नवलपरासी, रुपन्देही, बाँके र बर्दिया जिल्लाहरुका सीमानाका निगरानी केन्द्रहरुमा मुख्य गरी रातीको समयमा समेत निगरानी बढाउनु पर्ने अवस्था छ । सीमानाकाबाट फर्काईएपछि नजिकको ईलाका प्रहरीमा जानकारी भए तापनि सबै घटनाहरुमा मुद्वा चलेको अवस्था छैन ।

सीमानाकामा रहेका ईलाका प्रहरी कार्यालयहरुमा जनशक्तिको अभाव भएको साथै सीमानाकामा खटिने सुरक्षाकर्मीहरुलाई मानव बेचबिखनका सम्बन्धमासामान्य जानकारी भएतापनि पीडितहरुको उद्दार प्रक्रियाका सम्बन्धमा आवश्यक जानकारी प्राप्त नभएको पाइएको छ ।

गैरसरकारी संस्थाका मान्छेले उद्दार गर्छन् भन्ने सोचाई रहेको छ । सीमानाकाका निगरानी केन्द्रहरुको भौतिक संरचनाहरु मानव अधिकारमैत्री नभएको तथा निगरानी केन्द्रहरु प्राय एकै ठाउँमा लस्करै रहेको, बर्षात्को बेला पानी चुहिने, सोधपुक्ष गरी काउन्सिलिङ गर्ने कक्ष छुट्टै नभएको, जाडोको समयमा अत्यन्त चिसो तथा साँघुरो भएको पाइएको छ । सीमानाकाका निगरानी केन्द्रमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत सुरक्षाको अभाव छ । उनीहरुलाई विभिन्न राजनैतिक व्यक्ति तथा पीडक पक्षबाट समेत धम्की आउने गरेको भन्ने गुनासो रहेको छ ।

सीमा निगरानी केन्द्रका अधिकारकर्मीका अनुसार "सीमानाकामा मानिसहरुलाई सोधपुक्ष गर्दा ती मानिसहरुले नै हातपात गर्छन । सिम कार्ड निकालेर फालिदिने र बुवा आमाको नम्बर नदिने गर्छन् । नेपाल भारत सीमामा औपचारिक नाकाभन्दा स-साना गल्ली छन्, मानिसहरु उक्त स-साना गल्लीका नाकाहरु भएर जाने गर्छन् । सीमानाकाका निगरानी केन्द्रहरुले रिक्सा चालकहरुलाई सोधपुक्ष गर्न खोज्दा रिक्सा जोडले चलाउने र हतार छ भनेर बहाना बनाई जाने गर्छन्" ।[१६]

यद्दपी विभिन्न समस्याका बावजूद नेपाल भारत सीमाबाट दैनिक सयौंको सङ्ख्यामा बेचबिखनमा पर्न सक्ने आशङ्का गरिएका व्यक्तिहरुको उद्दार गर्ने, अभियुक्तहरु पक्राउ गर्ने र नागरिक समाज, गैरसरकारी संस्था तथा संचारकर्मीहरुको सहयोगमा नेपाल र भारत सरकार मिलेर बेचबिखनमा परेका व्यक्तिहरुको उद्दार समयसमयमा हुदै आएको छ ।

---

१५ ऐ.ऐ.

१६ राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७७/११/१२ देखी २३ सम्म ईलाम, झापा, सुनसरी, मोरङ्गजिल्लाहरुमा गरेको अनुगमनका क्रममा प्राप्त गरेका तथ्य ।

नुवाकोट जिल्लाको ३४ बर्षकी २६ बबरमहल (च) उनको सानै उमेरमा भागी विवाह भएको बताउँछिन । विवाहपछि हाल उनका ५ जना छोराछोरी छन् । घरको आर्थिक अवस्था ठिकै रहेपनि विवाह गरेको १२ बर्षपछि उनको श्रीमान्ले श्रीमानको साथीसँग मसँग एकजना कुमारी केटी छ भनी उनको मोबाइल नम्बर दिएको र उनी गाउँको एक मेलामा गएको बेला त्यस व्यक्तिले फोन गरेर भेटेको र निज सेवाग्राहीलाई विवाहको लागि फकाउँदा सेवाग्राहीले म विवाहित हो र मेरो ५ वटा छोराछोरी छन् म विवाह गर्दिनभन्दा पनि जवरजस्ती ललाईफकाई लगेको थियो । त्यसपछि त्यस व्यक्तिले निज महिलाको श्रीमान्लाई जार तिरेको भनि रु. १,६०,०००/-समेत तिरेको बताएकी छन् । त्यसपछि उनलाई दोस्रो श्रीमान्को रुपमा रहेका व्यक्तिले ८ महिनासम्म घरमा नै राखेको र त्यसपछि काठमाण्डौ ल्याएर एउटा होटलमा एक जना महिलाको साथ छोडेर भागेको बताउँछिन । पुनः त्यस महिलले मासिक रु. १०,०००/-मा घरेलु कामदारको रुपमा काम गर्ने भनी अर्को एक जना व्यक्तिलाई पठाइन् र पुनः त्यो व्यक्तिले आफनो घरमा ६ दिन राखी अर्को व्यक्तिलाई जिम्मा लगायो र त्यो व्यक्तिले भैरहवाको सुनौली बोर्डर हुँदै भारतको ६४ नं. कोठीमा पुयाएको थियो । त्यसपछि उनलाई आर्गा भन्ने ठाउँको कोठीमा केही समयसम्म राखेपछि पुनः उनलाई दिल्लिको कोठीमा फर्काएको थियो । उनी त्यहीं हुँदा भारतको गैरसरकारी संस्था र प्रहरी प्रशासनले छापा मारेपछि उद्धार गरेर भारत सरकारको सरकारी होममा राखी त्यस होम र एक गैरसरकारी संस्थाको सहयोगमा संरक्षणको लागी शक्ति समूहले स्वदेश फिर्ता गरेको थियो । हाल उनलाई बेचबिखन गर्ने उनका श्रीमान लगायत यसमा संलग्न सबै व्यक्ति विरुद्ध शक्ति समूहको सहयोगमा मिति २०७८/०५/१ गते काठमाण्डौ जिल्ला अदालतमा मुद्दा चलिरहेको छ भने भारतको अदालतमा पनि मुद्दा चलेको र भारतको अदालतमा क्षतिपूर्तिका लागी बोलाएको छ ।

*स्रोत :शक्ति समूह*

**घटना नं. १**

“एक जना दाङ्ग जिल्लाकी किशोरीले मोबाइलमा फेसबुक चलाउँदा भारतका नागरिकले फेसबुकमा फोटो देखाएर मोडल बनाएदिने प्रस्ताव राखेपछि ति किशोरी दाङ्गबाट नाइट बस चढेर सुनसरी जिल्लाको भान्टाबारी सीमानाका हुँदै जान लाग्दा निगरानी केन्द्रबाट सम्झाई बुझाई घर फिर्ता पठाएको ।”[2]

**घटना नं. २**

“सप्तरी जिल्लाकी किशोरी विराटनगरमा बसेर पढ्दै थिइन, उनलाई भारतीय नागरिकले फेसबुकमार्फत मोबाईल किनिदिने बाहनामा सुनसरीको भान्टाबारी हुँदै भीमनगर आउन भनेपछि निज किशोरी भान्टाबारीको सीमानाका हुँदै जाँदा उनलाई सम्झाई बुझाई घर पठाइएको थियो ।”[3]

**घटना नं. ३**

“सप्तरी जिल्लाका २ जना युवतीहरुलाई पूजामा बसेबापत एक लाख दिने बाहनामा नेपाल भारत सीमा पार गर्न लागेको अवस्थामा सीमा निगरानी केन्द्रबाट उद्धार भई हाल मुद्दा चलिरहेको अवस्था छ ।”[4]

**घटना नं. ४**

“एक जना नेपाली महिलालाई भारतमा विवाह गरी पठाएको तर भारत पुगेपछि श्रीमतीको रुपमा स्वीकार नगरेर घरायसी काम तथा अन्य काममा लगाएको भनी ती महिला हाल नेपालस्थित माईतीघर आई बसिरहेको अवस्था छ ।”[५]

*स्रोतः राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनका क्रममा प्राप्त तथ्य*

### १.२.६. चीनतर्फको मानव बेचबिखन

नेपाली महिलाहरु विवाहको नाममा बेचबिखनको उच्च जोखिम अवस्थामा परेका छन् । चीनसँग बढ्दै गएको विवाह र त्यसले सिर्जना गरेको जोखिम देखिएको छ ।

१९ वर्षिय युवती 62-H52-c17-2020-19 आफ्नो एस.ई.ई. पश्चात अन्य जिल्लामा बसाइसराई गरेकी थिइन् । त्यहाँ उनले आफन्तको पार्लरमा पार्लर सिक्न थालिन् । पार्लर सिक्ने क्रममा उनी एक महिलासँग परिचित भइन् र ती महिलाले उनी पार्लरमा नै चाइनामा काम गर्दा राम्रो कमाई भएको बताइन् र उनलाई पनि चाइना लैजाने प्रक्रियामा सहयोग गर्न सक्ने आश्वासन देखाइन् । डिपेन्डेन्ट भिसामा उनले एक चाइनिज केटासँग विवाह गर्ने र उता गएपश्चात काम गर्न पाएपछि छुटेर बस्न सकिने, चाइना जान खर्च पनि नहुने भनेर ।बताएकोले राजी भइन् । सोही अनुसार कोर्टमा विवाह गर्ने, भिसा, पासर्पोटहरु मिलाउने र विवाहको लागी उमेर नपुगेको भएर उमेर बढाउने प्रक्रियामा सबै उनै महिला र चाइनिज व्यक्तिले गरी दिए । विवाहको लागि उमेर नपुगेको भएर उमेर बढाई विवाह गरेको प्रष्ट देखिँदा पनि कोर्टमा अफिसरहरुले कुनै खोजीनीति गरेनन् । विवाह सजिलैसँग भयो र चाइना जानको लागि एरपोर्टको आप्रवासन पनि कुनै कसैले केही सोधखोज गरेनन् । चाइना पुगेर नयाँ दुलहीलाई भित्रयाउने जस्तै त्यहाँ पनि केही विशेष क्रियाकलाप गरियो । यो देखेर उनलाई लाग्यो साँचिक्कै विवाह भएको त हैन ? उनले त्यहाँ पठाउने ती एजेण्ट महिलालाई सोधिन् र उनले बताइन् यसो नगरेपछि यहाँ कानुनी समस्या आइपर्ला भनेर गर्नु परेको अनि केही दिन पश्चात् काममा लग्ने भनी बताईन् । भाषा बुझ्नलाई अप्ठ्यारो भएको कारण उनलाई लाग्यो यो केही समयको लागि होला भनेर । केही दिनपश्चात उनलाई थाहा भयो कि उनलाई त्यहाँ चाइनिज बच्चाहरु जन्माउनको लागि विवाह गरि ल्याएको रहेछ । त्यहाँको समुदायका

फरकफरक केटाहरुले उनलाई जबरजस्ती शारिरीक सर्म्पक राखी बच्चा जन्माउनको लागि विवश गरेको बताइन् । त्यहाँ यसरी धेरै नेपाली केटीहरु फसेको पनि देखिन् । भाषा बुझ्न सकस भएको कारणले पनि कोहीले सहयोगको लागि बताउन नसकेको अवस्था थियो । तर उनले एक दिन फोन सर्म्पक पाइन् र लुकेर त्यहाँको अवस्थाको भिडियो बनाएर नेपालको एक महिलालाई सर्म्पक गरि उक्त भिडियो पठाइन् । तत्पश्चात ती महिलाले शक्ति समूहमा सर्म्पक गरिन् र उनको स्वदेश फिर्तीको लागि शक्ति समहूले प्रक्रिया अगाडि बढाएको थियो । शक्ति समूहले मानव बेचबिखन अनुसन्धान ब्यूरो, परराष्ट्र मन्त्रालयसँग बैठक बसेर स्वदेश फिर्तीको लागि छलफल गऱ्यो । परराष्ट्र मन्त्रालयबाट त्यहाँको नेपाली दुतावाससँग सर्म्पक गरेर उनको चाइनाबाट उद्दार गर्न सफल भएको थियो । १७ सेप्टेम्बर २०२० मा उनलाई शक्ति समूहको फ्रि अ गर्ल परियोजना अर्न्तगत स्वदेश फिर्ता गर्न सफल भयो ।

पीडित महिलाको भनाई अनुसार "मलाई थाहा थिएन कि महिलाहरु बच्चा जन्माउनको लागि पनि बेचबिखनमा पर्दा रहेछन् भनेर । दलालहरुको ललाई फकाईमा परेर मैले विवाह गरे तर त्यहाँ गएर विवाहलाई छोडपत्र गरि आफुले सोचे अनुरुप काम गर्छु भन्ने लागेको थियो तर एकदम गाह्रो हुँदो रहेछ अरुको देशमा । म जस्तै त्यहाँ धेरै महिलाहरु फसेको मैले देखेको छु र उनीहरुलाई पनि त्यहाँबाट उद्दार गरि स्वदेश फिर्ती गराउन सहयोग गर्न चाहन्छु ताकि उनीहरुले पनि सहज जीवनयापन गर्न सकुन् ।"

*स्रोत: शक्ति समुह*

२३ वर्षकी महिलालाई चीनमा व्यापार तथा रोजगार गर्ने प्रलोभनमा पारी ललाई फकाई गैरकानुनी तबरले २०७६ पुष २५ गते नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलबाट आफुसँगै चीनको एक शहरको टोलमा बस्ने चीनिया नागरिकको घरमा पुऱ्याई झुक्याई बिक्री गरेपश्चात उक्त चीनिया पुरुषले निजलाई शारीरिक र मानसिक यातना दिई बन्धक बनाई राखेको अवस्थामा मौका छोपी पीडितले निजको आफन्तसँग सामाजिक सञ्जालमार्फत आफु बिक्री भएको र यातना पाइरहेको जानकारी गराएपश्चात ब्यूरो लगायत विभिन्न सम्बन्धित निकायको समन्वयमा २०७७ कार्तिक १२ गते नेपाल फर्किइ निजको आफन्तहरुको सम्पर्कमा आई दिएको जाहेरीको आधारमा प्रतिवादी पक्राउ परि थप अनुसन्धान भई रहेको ।

*स्रोत: गैर कानुनी रुपमा चीन पुऱ्याई मानव बेचबिखन गर्ने फरार अभियुक्त पक्राउ (ब्यूरो २०७७ पुष १४), नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्यूरो ।*

## १.३. मानव बेचबिखन र वैदेशिक रोजगार

वैदेशिक रोजगारको भर्ना प्रक्रियामा यदि कुनै प्रकारको ठगि, शोषण वा दुर्व्यवहार भयो भने त्यो मानव बेचबिखन बन्न पुग्छ भनि अन्तर्राष्ट्रिय आप्रवासन संगठनको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ[१७]। कामदारमाथि ठगि, शोषण र दुर्व्यवहार भएमा मानव बेचबिखनको मुद्दा आकर्षित हुने अवस्था देखिन्छ। नेपालको संविधानले रोजगारी र श्रमको हकलाई क्रमशः धारा ३३ र ३४ मा मौलिक हकको रुपमा उल्लेख गरेको छ। नेपालमा प्रत्येक वर्ष करिब ५ लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछ तर त्यसमध्ये एक चौथाईले पनि आन्तरिक श्रम बजारमा रोजगारीको अवसर प्राप्त गर्दैनन्। आर्थिक वर्ष २०५७।०५८ मा ३५,५४३ जना श्रमिक वैदेशिक रोजगारमा गएकोमा १९ वर्षको अवधिमा आर्थिक वर्ष २०७५।०७६ मा ५,०८,८२८ जना श्रमिक वैदेशिक रोजगारमा गएको देखिन्छ। यसले गएको करिब दुई दशकमा १४ गुणाले वैदेशिक रोजगारी विस्तार भएको देखाउँदछ। अहिले कोभिड-१९ को महामारीको कारण २०७७ देखि यो क्षेत्र खुम्चिन पुगेको छ[१८]।

नेपाल विगत केही वर्षदेखि ग्रार्हस्थ उत्पादनको अनुपातमा उच्च विप्रेषण प्राप्त गर्ने मुलुकको सूचीमा पर्दै आएको छ। ग्रार्हस्थ उत्पादनसँग विप्रेषणको अनुपात गत आर्थिक वर्ष २०७५/०७६ मा २५.४ प्रतिशत रहेको थियो।[१९] तर नेपालीहरुले गन्तव्य मुलुकमा गएर गर्ने कामको प्रकृति, प्राप्त गर्ने पारिश्रमिक, उपभोग गरेका आवास तथा खानाको सुविधा, कार्य समय, भोग्नु परेका हिंसा, दुर्व्यवहार र जाँदाको क्रममा व्यहोर्नु परेका कठिनाई आदिलाई समीक्षा गर्दा मानव बेचबिखनको परिभाषामा समेटिने देखिन्छ। गन्तव्य मुलकमा उचित श्रम अभ्यासको अभावमा नेपाली श्रमिकहरुले दुर्घटना, मृत्यु, अङ्गभङ्ग, गम्भिर बिरामी, बेपत्ता, अनाहकको जेल सजाय, दण्ड जरिवानाको सामना गर्नुपर्नेको सङ्ख्या पनि वर्षेनी बढ्दै गएको छ।

साथै श्रम स्वीकृति नलिई विभिन्न माध्यम तथा मार्गबाट भारत बाहेकका मुलुकमा पुगेका नेपाली, घरेलु कामदारको रुपमा गएका विशेष गरी महिला श्रमिक, वयस्क मनोरञ्जनका क्षेत्रमा आवद्ध हुन पुगेका श्रमिक र उमेर बढाएर वैदेशिक रोजगारीमा पुगेका बालबालिका लगायतले भोगेका समस्या मानव बेचबिखनको जोखीम अवस्थामा परेको पाइन्छ।

### १.३.१. वैदेशिक रोजगारमा महिला कामदार र मानव बेचबिखन

वैदेशिक रोजगारमा महिला कामदारको संलग्नता वृद्धि हुदै गएको छ। महिला कामदारलाई विशेषत खाडी मुलुक र मलेसिया त्यसमा पनि घरेलु कामदारको रुपमा पठाउने वा नपठाउने भन्नेमा विभिन्न उतार चढाव देखिन्छ। वैदेशिक रोजगारको क्रममा घरेलु कामदारको रुपमा जाँदा विभिन्न प्रकारका कठिनाई भोल्नु पर्ने, श्रमको शोषण हुने, शारीरिक तथा मानसिक हिंसा तथा यौन शोषण समेतका गतिविधि हुने भएकाले

१७ विश्व आप्रवाशन प्रतिवेदन, २०२० आई.ओ.एम.

१८ बार्षिक प्रतिवेदन, २०७७ श्रम मन्त्रालय

१९ बार्षिक प्रतिवेदन, २०७७ श्रम मन्त्रालय

यसमा महिला कामदार पठाउनु हुदैन भन्ने एकथरिको तर्क रहदै आएको छ भने अर्कोतर्फ संविधान प्रदत्त अधिकारमा बन्देज लगाउने होइन कार्य वातावरण सुधारका लागि राज्यले आवश्यक प्रबन्ध गर्नु पर्दछ भन्ने रहेको छ। महिला कामदारको श्रम र रोजगारीको हक सुनिश्चित गरिनु पर्दछ र कार्यस्थलमा कुनै जोखिम भए त्यस्ता मुलुकसँग द्धिपक्षीय श्रम सम्झौता गरिनु पर्दछ भन्ने रहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगले गरेको घटना अध्ययनका क्रममा बैदेशिक रोजगारमा जाने महिलाहरुलाई राम्रो कमाई हुने भनी प्रलोभनमा पार्ने, वैदेशिक रोजगारीमा पठाउने मध्यस्थ गाउँघरकै चिने जानेको व्यक्ति भएको, वैदेशिक रोजगारमा पठाउने व्यक्तिले रोजगारमा जाने व्यक्तिको पासपोर्ट तथा भिषा बनाउने कार्यमा संलग्न रहेको तर पासपोर्ट र भिषा बनाउने प्रक्रिया र वैदेशिक रोजगारमा जाँदा प्राप्त गर्नुपर्ने सूचना तथा तालिमका सम्बन्धमा समेत पीडितलाई जानकारी नभएको, श्रम स्वीकृति नगराई छलकपटबाट रोजगारका लागि आवश्यक पर्ने कागजातविना नेपालको एयरपोर्ट तथा नेपाल भारतको सीमानाकाबाट विदेश पुऱ्याएको, एक देशको लागि भनी अर्को देशमा पुऱ्याएका, अर्को देशमा पुऱ्याएर बन्धक बनाउने कार्य गरेको, नेपाल भारतको सीमानाकाबाट श्रीलंका हुँदै अर्को देशमा लगेको, श्रीलंकामा एक महिनाको लागि भिजिट भिषा लिई अर्को दिन अर्को मुलुक पुऱ्याएको, विभिन्न डर धाक धम्की देखाई ईच्छा विपरित घरेलु कामदारको रुपमा काम गर्न बाध्य बनाएको, एउटा कामको लागि भनी अर्को काममा लगाएको, बँधुवा मजदूर बनाएको, पीडित र पीडितका आफन्तले स्वदेश फिर्ती गराउन अनुरोध गर्दा विभिन्न डर त्रास देखाई जबरजस्ती काममा लगाई स्वदेश फिर्तीमा समस्या गराएको, करकाप, डर, त्रासमा पारी एक देशबाट अर्को देशमा बन्धक बनाई ओसारपसार गरेको तथ्यहरु पाइएको छ।

## १.४. मानव बेचबिखन र बालबालिका

आयोगको अनुगमन र सरोकारवाला निकायहरुबाट प्राप्त भएका तथ्य अनुसार प्रायः १५/१६ वर्षका किशोरीहरु पूजाको लागि, विवाह गरेर तथा फेसबुक, इमोबाट चिनजानका आधारमा भारततर्फ लाने गरेको अवस्था छ। यस्तै बालबालिकाहरुलाई अभिभावक स्वयमले सीमानाका हुँदै भारत जान सहयोग गर्ने, तथा नक्कली बाबु आमा बनेर सीमानाका हुँदै भारत जाने, भारतमा कामका लागि जाँदा आफन्तको माध्यमबाट जाने, ललाई फकाई गरी लाने गरेका, बालकहरुलाई अध्ययनका लागी भारत लैजाने[२०], १५/१६ बर्षका किशोर किशोरीहरु दार्जिलिङ्ग काम गर्न भनेर ईलामको पशुपतिनगरको सीमानाकाबाट भारत जाने तर दार्जिलिङ्गमा के काम गर्ने थाहा नहुने भन्ने रहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगले काठमाण्डौ जिल्लाका केही डान्सबार, रेष्टुरेन्ट, दोहोरी साँझ तथा खाजा घरमा गरेको अनुगमनका क्रममा डान्सबारमा १८ वर्ष भन्दामुनिका बालबालिकाहरुले काम गर्ने डान्स गर्ने, ग्राहकसँग बसेर चुरोट खाने, अल्कोहल खाने कार्यहरु गरेको पाइएको छ। १४-१५वर्ष उमेरका बालिकाहरुले

२० आयोगको अनुगमनका क्रममा ईलाम जिल्लाको पशुपतिनगरमा रहेको माईती नेपालका कर्मचारीका अनुसार : "१० जना ६ देखि १३ वर्षका बालकहरुलाई लामा पढाउन दार्जिलिङ्गको मिरिकमा लामा र आफन्तले लग्दै गरेको देखेर उद्धार गरेका थियौं। उद्धार गरेर १ दिन राखे पछि २ जना बालकको परिवारले १० जना बच्चाहरुको जिम्मा लिएर घर पठाइएको थियो।"

ग्राहकसँग बसी चुरोट, हुक्का तथा अल्कोहल खाने उनीहरुलाई रिझाउने, ग्राहकले बालिकाहरुको शरीर सुम्सुमाउने कार्य गरेको पाइएको छ । मनोरन्जन क्षेत्रमा कार्यरत एक किशोरीका अनुसार प्राय जसो बालिका तथा किशोरीहरुको घरपरिवारलाई थाहा नदिई परिवारको मन्ज्जुरी बेगर साथी वा अन्य आफन्त तथा चिनेजानेको व्यक्ति मार्फत फकाई फुल्याई रोजगारी दिलाउने बहानामा घरदेखि बाहिर सहरी क्षेत्रमा आउने गरेको बताएकी थिइन् ।

यस्तै राष्ट्रिय मानव अधिकार आयोगले घटना अध्ययन अनुसार बालिका तथा किशोरीहरुलाई रोजगारीको बहानामा भारतमा लगि यौन शोषण गर्ने गरेको, अभिभावकबाट छुटाएर सहरमा ल्याएपछि जबरजस्ती सहर घुमाउने बाहनामा यौन दुर्व्यवहार गर्ने, दुर्गम जिल्लाका बालकहरुलाई भारतमा रोजगारी तथा भारतमा अभिभावक भेट्ने तथा जाडो छल्ने बाहनामा ओसारपसार गर्ने कार्यहरु भएको पाइएको छ ।

नेपाल प्रहरीमा पर्ने उजुरी, दर्ता भएका मुद्दा र विभिन्न घटनाले ठूलो सङ्ख्यामा बालबालिकाहरु मानव बेचबिखनबाट पीडित भएको पुष्टि गर्दछ । यस खण्डमा नेपालमा मानव बेचबिखनको द ृ ष्ट ि ब ा ट बालबालिका कति जोखिममा परेका छन् र पर्न सक्छन् भन्ने चर्चा गरिने छ ।

### १.४.१. हराएका बालबालिका

नेपालमा ठूलो सङ्ख्यामा बालबालिका हराउने, हराएका सबै फेला नपर्ने । फेला परेका के कसरी हराएका हुन र फेला नपरेका कहाँ पुग्ने गर्दछन् भन्ने सम्बन्धमा पर्याप्त अध्ययन हुन बाँकी नै छन् तर पनि हराएकामध्ये कतिपय बालबालिका मानव बेचबिखनबाट पीडित हुने अनुमान लगाउन सकिन्छ ।

**तालिका १.४.१. (क) आ.व. २०७६/७७मा बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको बालबालिकाको संख्यात्मक विवरण :**

| प्रदेश | हराएका बालबालिका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी रहेका | | | फेला परेका प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| प्रदेश १ | ९१ | ३०५ | ३९६ | ७७ | २४५ | ३२२ | १४ | ६० | ७४ | ८१।३१ |
| मधेश प्रदेश | १३३ | ५१४ | ६४७ | १०९ | ३४९ | ४५८ | २४ | १६५ | १८९ | ७०।७९ |
| बागमती (उपत्यका) | ८८ | ४० | १२८ | ६३ | २७ | ९० | २५ | १३ | ३८ | ७०।३१ |
| बागमती (उपत्यका बाहेक) | ११२ | २६७ | ३७९ | ९५ | २४८ | ३४३ | १७ | १९ | ३६ | ९०।५० |
| गण्डकी | ८९ | २८१ | ३७० | ६७ | २२८ | २९५ | २२ | ५३ | ७५ | ७९।७३ |
| लुम्बिनी | १०७ | २४० | ३४७ | १०० | २१० | ३१० | ७ | ३० | ३७ | ८९।३४ |
| कर्णाली | ८७ | १०२ | १८९ | ७२ | ९१ | १६३ | १५ | ११ | २६ | ८६।२४ |
| सुदुरपश्चिम | १२४ | १४९ | २७३ | १०७ | १३१ | २३८ | १७ | १८ | ३५ | ८७।१८ |
| जम्मा | ८३१ | १८९८ | २७२९ | ६९० | १५२९ | २२१९ | १४१ | ३६९ | ५१० | ८१।३१ |

*स्रोतः नेपालमा बालबालिकाकोस्थिति प्रतिवेदन २०७७, राष्ट्रिय बाल अधिकार परिषद्*

**तालिका १.४.१. (क)** मा आर्थिक वर्ष २०७६।०७७ मा जम्मा २७२९ बालबालिका हराएका र जसमध्ये ६९.५ प्रतिशत बालिका र ३०.५ प्रतिशत बालक रहेका छन् । हराउनेमध्ये अधिकांश बालिका छन् । हराएका मध्ये ८१.३ प्रतिशत फेला परेका छन् र यसरी फेला पर्नेमा ६८.९ प्रतिशत बालिका र करिब ३१ प्रतिशत बालक छन् । कूल हराएकामध्ये जम्मा ६९ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ भने बालक ८३ प्रतिशत फेला परेका छन् । यसले हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा कम रहेको देखिन्छ ।

**तालिका १.४.१. (ख) : आ. व. २०७७/७८ मा हराएका, हराएका मध्ये फेला परेका तथा खोजतलास जारी रहेका वालबालिकाको संख्यात्मक विवरण**

| प्रदेश | हराएका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी रहेका | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १नं. प्रदेश | १४९ | ४७७ | ६२६ | १३२ | ४१८ | ५५० | १७ | ५९ | ७६ |
| २ नं. प्रदेश | १२३ | ७६० | ८८३ | ९२ | ५३९ | ६३१ | ३१ | २२१ | २५२ |
| बगमती प्रदेश (उपत्यका बाहेक) | ८० | २५८ | ३३८ | ७२ | २३८ | ३१० | ८ | २० | २८ |
| बागमतीप्रदेश (केन्द्र १०४ मा प्राप्तनिवेदन संख्या) | ५९ | ४२ | १०१ | ५० | २७ | ७७ | ९ | १५ | २४ |
| म.न.प्र. परिसर भक्तपुरमा प्राप्तनिवेदन संख्या | ११ | २१ | ३२ | ७ | १८ | २५ | ३ | ४ | ७ |
| म.न.प्र. परिसर ललितपुरमा प्राप्त निवेदन संख्या | २३ | ६७ | ९० | १३ | ४९ | ६२ | १० | १८ | २८ |
| म.न.प्र. परिसर काठमाडौंमा प्राप्त निवेदन संख्या | ७८ | १३४ | २१२ | ६८ | ११० | १७८ | १० | २४ | ३४ |
| गण्डकी प्रदेश | ६६ | ३४७ | ४१३ | ५७ | ३१९ | ३७६ | ९ | २८ | ३७ |
| लुम्बिनीप्रदेश | १०१ | ३३४ | ४३५ | ९० | २८५ | ३७५ | ११ | ४९ | ६० |
| कर्णालीप्रदेश | ६४ | १३५ | १९९ | ५१ | १०४ | १५५ | १३ | ३१ | ४४ |
| सुदुरपश्चिमप्रदेश | ९५ | २३४ | ३२९ | ८० | १९० | २७० | १५ | ४४ | ५९ |
| जम्मा | ८४९ | २८०९ | ३६५८ | ७१२ | २२९७ | ३००९ | १३६ | ५१३ | ६४९ |

*स्रोत : राष्ट्रिय बाल अधिकार परिषद्बाट प्राप्त तथ्याङ्क ।*

**तालिका १.४.१. (ख)** मा आर्थिक वर्ष २०७७/७८ मा जम्मा ३६५८ बालबालिका हराएका र जसमध्ये ७६.७ प्रतिशत बालिका र २३.२ प्रतिशत बालक रहेका छन् । हराउनेमध्ये अधिकांश बालिका छन् । हराएका मध्ये ८२.२ प्रतिशत फेला परेका छन् र यसरी फेला पर्नेमा ७६.३ प्रतिशत बालिका र करिब २३.६ प्रतिशत बालक छन् । कूल हराएकामध्ये जम्मा ८१.७ प्रतिशत बालिका मात्र फेला परेको देखिन्छ भने बालक ८३.८ प्रतिशत फेला परेका छन् । यसले हराएका बालबालिकामध्ये बालिका फेला पर्ने सम्भावना बालकको तुलनामा कम रहेको देखिन्छ ।

### १.४.२. बेचबिखनमा परेका बालबालिका

नेपालमा वर्षेनी ठूलो सङ्ख्यामा बालबालिका हराउनु, हराएकामध्ये कतिपय बालबालिकाहरु फेला नपर्नु, हराउनेमा किशोरी तथा बालिकाको सङ्ख्या उच्च हुनु आदिले यसको सम्बन्ध मानव बेचबिखनको जोखिम बढाएको छ। मानव बेचबिखन तथा ओसारपसारमा परेका तथा उच्च जोखिम अवस्थामा रहेका बालबालिकाहरु पारिवारिक कलह तथा कुटपीट, मोबाइल (विदुतिय उपकरण)को प्रलोभन, जागिरको प्रलोभन तथा सामाजिक सञ्जालको माध्यम, घरेलु

कामदार आदिको कारणबाट अभिभावकत्वबाट विच्छेद भएका तथ्यहरु प्राप्त भएका छन् । त्यस्तै सञ्चार माध्यममा आउने गरेका बालबालिकासँग सम्बन्धित घटनाहरुको विश्लेषणले पनि कतिपय बालबालिका जोखिममा छन् भन्ने प्रष्ट हुन्छ ।

"एकजना १५ वर्षकी बालिकालाई उनको बुवाले भारतमा पढाउने भनेर लगेको ६ महिनापछि फर्कंदा गर्भवती भएर आएको र सोधपुक्ष गर्दा ती बालिका विवाह गर्न गएको भनेको तर श्रीमानको बारेमा सोधपुक्ष गर्दा श्रीमान भएको देखिएन ।"

*स्रोतः राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७७/११/१३ देखी २१ गते सम्म मोरङ्ग, ईलाम, सुनसरी र झापा जिल्लाहरुमा गरिएको अनुसगमनबाट प्राप्त तथ्य*

"एक जना दाङ्ग जिल्लाकी किशोरीले मोबाइलमा फेसबुक चलाउँदा भारतका नागरिकले फेसबुकमा फोटो देखाएर मोडल बनाएदिने प्रस्ताव राखेपछि ति किशोरी दाङ्गबाट नाइट बस चढेर सुनसरी जिल्लाको भान्टाबारी सीमानाका हुँदै जान लाग्दा निगरानी केन्द्रबाट सम्झाई बुझाई घर फिर्ता पठाएको ।"

*स्रोतः* ऐ.ऐ.

"सप्तरी जिल्लाकी किशोरी विराटनगरमा बसेर पढ्दै थिइन, उनलाई भारतीय नागरिकले फेसबुकमार्फत मोबाईल किनिदिने बाहनामा सुनसरीको भान्टाबारी हुँदै भीमनगर आउन भनेपछि निज किशोरी भान्टाबारीको सीमानाका हुँदै जाँदा उनलाई सम्झाई बुझाई घर पठाइएको थियो ।"

*स्रोतः* ऐ.ऐ.

"घरको मानसिक तनावले एक १६ वर्षकी किशोरी घर छोडेर भारततर्फ जाँदै गर्दा फेला परेको अवस्था छ । घरमा बुवा रक्सी खाने, कुटपीट गर्ने गरेकोले ईण्डिया दिदि नाता पर्नेको घर जान भनेर हिंडेको अवस्थामा सीमानाकाको निगरानी केन्द्रबाट सोधपुक्ष गरी ती किशोरीको अभिभावकलाई समेत सम्झाई बुझाई घर फिर्ता पठाइएको छ ।"

*स्रोतः* ऐ.ऐ.

"एक जना  १३ वर्षकी बालिकालाई आफन्तले सुत्केरी स्याहार्न भनेर भारत लगि बेचबिखन गरेको र फर्किएर आफनो घर आएपछि विवाह भएको विवाह पश्चात उक्त घटनाका बारेमा घरपरिवारले थाहा भएपछि सम्बन्ध विच्छेदसम्म भएको छ ।"

*स्रोतः* ऐ.ऐ.

पुष २३, २०७७ । सङ्खुवासभा जिल्ला मकालु गाउँपालिकाका १५/१६ बर्षका ३ जना किशोरीलाई काठमाण्डौ जिल्लामा जागिर लगाइदिने आश्वसनमा संखुवासभा जिल्ला घर भई काठमाण्डौ बसोबास गर्दै आएकी लाचेन शेर्पाले गाडीमा ईलामको पशुपतिनगर हुँदै भारत लैजान लाग्दा पूर्वी ईलामको प्रमुख सीमावर्ती नाका पशुपतिनगरबाट माइती नेपाल, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले उद्वार गरेको छ। निज शेर्पाले भारतस्थित दार्जिलिङ्गमा काम खोजिदिएको र महिनाको रु. नौ हजार तलब हुने जनाउँदै एक व्यक्तिलाई फोन गरेर बोलाएर उनीकै साथमा दार्जिलिङ्ग पठाएको सोधपुक्षको क्रममा खुलेको छ। गत मंसिरमा मात्र चोर बाटोको प्रयोग गरेर मानव तस्करले दोलखा र मकवानपुरका छ जना बालक र चार जना बालिकालाई भारततर्फ लैजाने क्रममा संयुक्त टोलीले उद्वार गर्न सफल भएको थियो । उद्वार गरिएका सबैलाई परिवारको जिम्मा लगाइएको जनाएको छ ।

*स्रोतः* रासस, भारत लैजाने क्रममा तीन किशोरीको उद्वार,
ps://www.ratopati.com/story/162352/2021/1/7/rescue-human-trafficking

माइती नेपालकी कानून अधिकृत उमा तामाङ्गका अनुसार "सीमानाकाबाट उद्वार भएका बालबालिकाहरुलाई परिवारको जिम्मा लगाएपछि परिवारको मन्जूरीले प्रहरीमा जाहेरी दर्ता  हुने गर्छ। तर धेरै जसो घटनाहरुमा परिवारले हाम्रो बच्चा भेटिहाल्यो अब मुद्दा नगर्ने भनेर बालबालिका जिम्मा लिएर जान्छन् । तर माइती नेपालले घटनाको गाम्भीरयर्तालाई हेरेर बालबालिकाको हकमा आफैं संरक्षकत्व भएर पनि कानूनी उपचारमा गएको छ ।

यसका अतिरिक्त प्रत्यक्षत मानव बेचबिखन र ओसारपसारबाट पीडित बालबालिका कति छन् त्यसको समीक्षा तलको तालिकाको सहायताबाट गर्न सकिन्छ ।

**तालिका १.४.२. (क) (आ.व. २०७६।०७७ मा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित बालबालिकाको सङ्ख्या)**

| प्रदेश | १० वर्ष मुनी | | ११-१६ वर्ष मुनी | | १७-१८ वर्ष मुनिका | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | जम्मा |
| प्रदेश १ | ० | ० | ० | १० | ० | १ | ० | ११ | ११ |
| मधेश प्रदेश | ० | ० | ० | ३ | ० | ० | ० | ३ | ३ |
| बागमती (उपत्यका बाहेक) | ० | १ | ० | ७ | ० | १ | ० | ८ | ८ |
| गण्डकी | ० | ० | ० | १ | ० | २ | ० | ३ | ३ |
| लुम्बिनी | ० | ० | १ | ९ | ० | ६ | १ | १५ | १६ |
| कर्णाली | १ | ० | ० | ० | ० | ० | १ | ० | १ |
| सुदुरपश्चिम | ० | ० | ० | ८ | ० | ८ | ० | १६ | १६ |
| काठमाडौं उपत्यका | | ० | ० | ५ | ० | ७ | ० | १२ | १२ |
| व्युरो | ० | ० | ० | २ | २ | ० | २ | २ | ४ |
| जम्मा | १ | १ | १ | ४५ | २ | २५ | ४ | ७० | ७४ |

*स्रोतः नेपालमा बालबालिकाकोस्थिति प्रतिवेदन २०७७, राष्ट्रिय बाल अधिकार परिषद्*

तलिका १.४.२.(क): आर्थिक वर्ष २०७६।०७७ मा जम्मा ७४ जना बालबालिका बेचबिखनबाट पीडित भएको औपचारिक तथ्यांक छ । जसमा ७० जना अर्थात ९४.५९ प्रतिशत बालिका र करिब ५.४० प्रतिशत मात्र बालक रहेको देखिन्छ । यसरी बेचबिखनमा पर्नेमा ११ देखि १६ वर्ष उमेर समूहका बालबालिका सबैभन्दा बढी पीडित छन् । कूल बेचबिखनमा परेकामध्ये ११ देखि १६ वर्ष उमेर समूहका करिब ६२.१६ प्रतिशत छन् जसमध्ये ९७.८ प्रतिशत बालिका पीडित छन् । त्यसपछि सबैभन्दा बढि पीडित १७ देखि १८ वर्ष उमेर समूहका बालबालिका अर्थात ३६.४ प्रतिशत छन् । यो उमेर समूहमा पीडित बालिका ९२.५ प्रतिशत देखिन आउँछ । यसले बालबालिका बेचबिखनको जोखिममा रहेको र त्यसमा पनि किशोरावस्थाका बालिकाहरु मानव बेचबिखनको उच्च जोखिममा रहेको संकेत गर्दछ । बेचबिखनमा पर्नेमध्ये सबैभन्दा बढि लुम्बिनी र सुदुरपश्चिममा देखिन्छन् भने कर्णालीमा यस्तो घटना कम रिपोर्टिङ्ग भएको पाइयो । प्राय सबै प्रदेशमा मानव बेचबिखनको जोखिम अवस्थामा बालबालिकामा परेको देखिन्छ ।

**तालिका १.४.२. (ख): (आ.व. २०७७/७८ मा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित बालबालिकाको सङ्ख्या)**

| प्रदेश | १० वर्ष मुनी | | ११-१६ वर्ष मुनी | | १७-१८ वर्ष मुनिका | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | जम्मा |
| प्रदेश १ | ० | ० | १ | ५ | ० | ८ | १ | १३ | १४ |
| मधेश प्रदेश | ० | २ | ० | ७ | ० | २ | ० | ११ | ११ |
| बागमती (उपत्यका बाहेक) | ० | ० | ० | ० | ० | २ | ० | २ | २ |
| गण्डकी | ० | ० | ० | ४ | ० | २ | ० | ६ | ६ |
| लुम्बिनी | ० | ० | ० | ११ | ० | ८ | ० | १९ | १९ |
| कर्णाली | ० | ० | ० | २ | ० | १ | ० | ३ | ३ |
| सुदुरपश्चिम | ० | ० | ० | १० | ० | ६ | ० | १६ | १६ |
| काठमाडौं उपत्यका | ० | ० | ० | ६ | ० | ० | ० | ६ | ६ |
| व्युरो | ० | ० | ० | २ | ० | १ | ० | ३ | ३ |
| जम्मा | **०** | **२** | **१** | **४७** | **०** | **३०** | १ | ७९ | ८० |

*स्रोत : नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरो ।*

**तालिका १.४.२. (ख)**: आर्थिक वर्ष २०७७/७८ मा जम्मा ८० जना बालबालिका बेचबिखनबाट पीडित भएको औपचारिक तथ्यांक छ । जसमा ७९ जना अर्थात ९८.७ प्रतिशत बालिका र करिब १.२ प्रतिशत मात्र बालक रहेको देखिन्छ । यसरी बेचबिखनमा पर्नेमा ११ देखि १६ वर्ष उमेर समूहका बालबालिका सबैभन्दा बढी रहेको देखिन्छ । कूल बेचबिखनमा परेकामध्ये ११ देखि १६ वर्ष उमेर समूहका करिब ६० प्रतिशत छन् जसमध्ये ९७.९ प्रतिशत बालिका पीडित छन् । त्यसपछि सबैभन्दा बढि १७ देखि १८ वर्ष उमेर समूहका ३७.५ प्रतिशत बालबालिका रहेका छन् । यो उमेर समूहमा बालिका ३७.५ प्रतिशत देखिन आउँछ । यसले किशोरावस्थाका विशेष गरी बालिकाहरु मानव बेचबिखनको उच्च जोखिम अवस्थामा रहेको देखिन्छ । बेचबिखनमा पर्नेमध्ये सबैभन्दा बढि लुम्बिनी र सुदुरपश्चिममा देखिन्छ भने बाग्मती (उपत्यका) बाहेकमा यस्तो घटना कम रिपोर्टिङ्ग भएको देखिन्छ ।

# परिच्छेद-तीन

# कोभिड-१९ महामारी र मानव बेचबिखन तथा ओसारपसार

## १. कोरोना महामारीले सिर्जना गरेका जटिलता

चीनको वुहानमा २०७६ मंसिरबाट सुरु भएको कोभिड-१९ ले २०७६ माघ ९ मा नेपालमा पनि पहिलो पटक कोरोना भाइरस पुष्टि भयो । भाइरसले मानव स्वास्थ्यमा गम्भीर प्रतिकूल प्रभाव पार्न थालेपछि २०७६ चैत्र ११ गतेदेखि चैत्र १८ गतेसम्म पहिलो पटक बन्दाबन्दीको घोषणा गरियो । यसले २०७७ साउन ७ गते अर्थात १२० दिनसम्म निरन्तरता पायो । विश्वब्याधीको रुपमा फैलदै गएको कारोना कहरले सिर्जना गरेका विभिन्न अप्ठ्याराहरुसँग जुध्दै नेपाली जनजीवन सामान्य अवस्थामा फर्कदै थियो । पुनः कोभिड-१९ को दोस्रो भेरियन्ट नेपाल प्रवेश गरेपछि विगतकोभन्दा धेरै गम्भिर स्वास्थ्य संकट सिर्जना गर्न पुग्यो लाखौं मानिसहरु भाइरसबाट संक्रमित भए भने हजारौंले ज्यान गुमाए । भाइरसको विस्तार र प्रभाव कम गर्न २०७८ वैशाख १६ गतेबाट निषेधाज्ञा जारी गरियो । देशका प्रायः सबै स्थानमा कोभिड-१९ ले मानव स्वास्थ्यमा संकट ल्याएको छ भने आर्थिक क्रियाकलाप र सामाजिक गतिविधि ठप्प प्रायः छन् । गरिबी, अभाव र बेरोजगारीबाट नेपाली समाजलाई अहिलेको विषम परिवेशले अकल्पनिय संकटमा पुऱ्याएको छ ।

कोभिड-१९ का कारण आर्थिक र सामाजिक विश्रृङखलता उत्पन्न हुँदा मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेको समुदाय माझ नै यसको जोखिम थपिएको छ । त्यसैले कोभिड-१९ ले मानव बेचबिखनमा पार्ने प्रभावको चर्चा नहुँदा प्रतिवेदनले पूर्णता पाउन नसक्ने भएकाले यस विषयलाई अलगै परिच्छेदमा समावेश गरिएको छ । यो विषय परिवेशमा मानव बेचबिखनको जोखिममा रहेका व्यक्ति तथा समुदायको पहिचान, संरक्षण र अवसर प्रदान गर्ने दिशामा नेपाल सरकारले लिएका नीतिहरुको पनि समीक्षा गरिएको छ । कोभिड-१९ जस्तै भविष्यमा आउन सक्ने विपत्तिका समयमा जोखिममा रहेका वर्ग समुदायको संरक्षणका लागि राज्यले दीर्घकालीन रुपमा लिनु पर्ने नीतिका सम्बन्धमा समेत सुझाव प्रदान गरिएको छ ।

### १.१. कोभिड-१९ को समग्र आर्थिक र सामाजिक प्रभाव

कोभिड-१९ ले महामारीको रुप ग्रहण गरेपछि यसले विश्वव्यापी आर्थिक क्रियाकलापमा सुस्तता ल्यायो जसले गर्दा विश्वका अधिकांश मुलुकको आर्थिक वृद्धिदर ऋणात्मक भई सन् २०२० मा विश्व आर्थिक वृद्धि ३.३ प्रतिशतले सङ्कुचन भयो । विश्वमा विकास भएको स्वास्थ्य उपचार सुविधा, भ्याक्सिनको उत्पादन र भ्याक्सिन लगाउनेको सङ्ख्यामा भएको वृद्धि र कोरोनाको व्यवस्थापनमा देखिएको सफलताले सन् २०२१ को विश्व आर्थिक वृद्धिदर ६ प्रतिशतले बढ्ने अनुमान अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । कोरोनाको प्रभावको कारण मुलुकको सम्पूर्ण आर्थिक गतिवधिहरु ठप्प हुँदा नेपालमा आर्थिक वर्ष २०७६/७७ को आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक हुन पुग्यो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाए अनुसार कोभिड-१९ द्धारा सिर्जित आर्थिक सङ्कुचनको पहिलो शिकार सीमान्त आय भएका वर्ग समुदाय हुन पुगेका छन् । विश्वभर थप ९ करोड मानिस चरम गरिबीमा धकेलिने अनुमान छ । नेपाल राष्ट्र बैंकको २०७७ को सर्वेक्षणले औपचारिक क्षेत्रमा कार्यरत ७२ लाख श्रमिकमध्ये २३ प्रतिशत अर्थात १७ लाख श्रमिकले रोजगारी गुमाएको अनुमान गरेको छ। साथै संगठित र असंगठित क्षेत्रका गरी ३५ देखि ४० लाख श्रमिकले रोजगारी गुमाएको अनुमान छ । कोभिड-१९ ले यातायात, पर्यटन, होटल तथा रेष्टुरेन्ट, थोक तथा खुद्रा व्यापार लगायतका सेवा क्षेत्रमा तुलनात्मक रुपले बढि क्षति पुऱ्याउँदा गरिबी र बेरोजगारीमा चाप परेको तथ्य आर्थिक सर्वेक्षण २०७७/७८ ले सार्वजनिक गरेको छ । विद्यालयदेखि विश्व विद्यालयसम्मका सबै कक्षा र तह गरी ८७ लाखभन्दा बढि विद्यार्थीको पठनपाठन लगायत शैक्षिक तालिका भत्किएको छ ।[२१] कोरोना महामारीको दोस्रो लहरले नेपालमा मानव बेचबिखन तथा ओसारपसारका जोखिम बढाएको छ । विगतदेखि गरिबी, बेरोजगारी, अभाव र असमानताको चपेटामा पर्दै आएको मानव बेचबिखनको दृष्टिबाट जोखिममा रहेको समूहको जीवनलाई अहिलेको  संकटपूर्ण अवस्थाले जोखिम अवस्थामा पुऱ्याएको छ ।

**तालिका १.१. (क) कोभिड-१९ पछि र अघिका मुख्य आर्थिक परिसूचक**

| सूचक/आर्थिक वर्ष | कोभिड अघि | कोभिडको क्रममा | |
|---|---|---|---|
| | २०७५।२०७६ | २०७६।२०७७ | २०७७।२०७८* |
| आर्थिक वृद्धिदर | ६.४ | -२.१ | ४.० |
| मुद्रास्फिति | ६.२ | ६.९ | ७.१ |
| जनसङ्ख्या (दश लाखमा) | २९.४९ | २९.८९ | ३०.३० |
| वैदेशिक रोजगारमा श्रम स्वीकृति लिनेको सङ्ख्या | ५०८८२८ | ३६८४३३ | ८५४५० |
| श्रम स्वीकृति लिने महिला | ३२१२३ | २८४३३ | ६३०६ |
| वार्षिक स्वरोजगार सङ्ख्या | १२८४० | ५२०२ | ४५४७ |
| उद्योगमा थपिएको रोजगारी | २३०४३ | १७३८८ | ७९५४ |
| युवा स्वरोजगार कोषको लगानी (हजारमा) | १५२१७०० | ७२४८६० | ११९२५० |
| पर्यटकको वृद्धिदर | २४.८ | २.१ | -८०.७ |

*स्रोतःआर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार अर्थ मन्त्रालय** पहिलो आठ महिनाको विवरण

तालिका १.१.(क) मा कोभिड-१९ भन्दा अगाडि र पछाडिको मुख्य आर्थिक परिसूचकहरु जुन मूलत गरिब विपन्न तथा ग्रामिण समुदायलाई प्रभाव पार्ने प्रकारका छन् त्यसलाई समावेश गरिएको छ । आर्थिक वृद्धिदर कोभिडभन्दा अघि ६.४ प्रतिशत रहेकोमा गत वर्ष २.१ प्रतिशतले ऋणात्मक रह्यो भने चालु आर्थिक वर्षमा ४ प्रतिशत हुने सरकारको अनुमान रहेको छ । यसले मुलुकको आर्थिक क्षमता निकै खस्केको देखाउँछ जसको सबैभन्दा बढि मार कमजोर वर्गमा नै पर्ने हो । त्यस्तै मुद्रास्फिति अर्थात वस्तु तथा सेवाको मूल्य बढ्दै जाँदा न्युन आय एवं आय आर्जन नभएका व्यक्तिहरुको जीवन थप कष्टकर बन्दै जान्छ ।  देशमा रोजगारी नपाएर वैदेसिक रोजगारका लागि जाने सीमान्तकृत वर्गले अवसर गुमाउँदा गरिबी बढन् सक्ने देखिन्छ । कोरोना अघिको वर्ष ५ लाख भन्दाबढी व्यक्ति वैदेशिक रोजगारमा गएकोमा आ.व. २०७६/७७ मा करिब ३ लाख ६८ हजार र चालु आ.व. २०७७/७८ मा  करिब ८५ हजारमात्र वैदेशिक रोजगारमा

२१ आर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार अर्थ मन्त्रालय ।

गएका छन् ।[२२] यसले गरिबको छनौटमा रहेको वैदेशिक रोजगार संकुचित हुँदा गरिबीको मार ग्रामिण क्षेत्रमा झन् गम्भिर भएको छ । समग्र वैदेशिक रोजगार घट्दा श्रम स्वीकृति लिएर विदेश जाने महिलाको सङ्ख्या घटेको छ । विगतदेखिको अनुभवमा श्रम स्वीकृति लिएर विदेश जाने महिलाको सङ्ख्या कम देखिंदा बेचबिखनमा धेरै महिला फस्न पुग्दछन् । कोरोनाले स्वरोजगार हुनेको सङ्ख्यामा पनि आधा कम गराएको छ । उद्यम गर्ने अवसर गुम्दा युवाहरु सङ्कटमा छन् । वर्षेनी उद्योगमा थपिने रोजगारी कोरानाअघि करिब २३ हजार रहेकोमा आ.व. २०७६/७७ मा र आ.व. २०७७/७८ मा १७ हजार र ७ हजारमा ओर्लिएको छ । यसले पनि युवाहरु रोजगारी अवसरबाट बञ्चित भएको देखाउँदछ।[२३] सानातिना व्यवसाय र रोजगारी सिर्जनासँग जोडिएका लगानी पनि निकै घटेको छ। धेरै ग्रामिण तथा विपन्न युवाहरु संलग्न हुने पर्यटन व्यवसाय लगभग पुरै बन्द हुँदा कैयन युवा वेरोजगार भएका छन्। त्यस्तै यातायात, खानी, होटल, निर्माण लगायतका क्षेत्रहरु बन्द हुँदा अनौपचारिक रोजगारीमा संलग्न गरिब तथा पछाडि परेको वर्ग समुदायको आम्दानीको स्रोत गुमेको छ। कोरोनाका कारण आर्थिक श्रृङ्खला भत्किदा सबैभन्दा मर्का गरिब तथा अनौपचारिक क्षेत्रमा कार्यरत व्यक्तिलाई परेको छ। आधिकारिक अध्ययन नभएतापनि उत्पन्न परिस्थितिले मानव बेचबिखनको जोखिमलाई निकै बढाएको हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

औपचारिक उद्यम व्यवसायमा संलग्न कम सीप र क्षमता भएका वर्गलाई पनि कोरोनाले गम्भिर धक्का दिएको छ । विशेषतः कमजोर वर्ग औपचारिक रोजगारीको क्षेत्रमा संलग्न भए पनि त्यहाँमध्येका कमसल काममा संलग्न हुने हुन् । उद्योगहरु बन्द भएको समयमा वा कम क्षमतामा सञ्चालन भएको समयमा त्यस्ता कामदारलाई रोजगारीमा लगाइदैन । कोरोना संकट सुरु भएपछि केही समय सबै उद्योग बन्द भए र पछि थोरै क्षमतामा उद्योगहरु सञ्चालन भए पनि सबै कामदारलाई पुनःकाममा फर्काइएन अर्थात उद्योगहरुले उल्लेख्य सङ्ख्यामा कामदार कटौती गरे । यसरी कटौतीमा परेका कामदार कस्ता प्रकृतिका हुन् भन्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकले अध्ययन गरेको छ ।

**तालिका १.१ (ख): उद्योग/व्यवसायको आकारअनुसार बन्दाबन्दी अवधिमा कर्मचारी/कामदार कटौतीको अवस्था (प्रतिशत)**

| उद्योग | कर्मचारी/कामदार कटौती | कटौतीमा परेकामध्ये अस्थायी/करार हिस्सा |
|---|---|---|
| घरेलु उद्योग | ३०.५२ | ६४.५२ |
| लघु उद्यम/साना खुद्रा व्यापार | २७.८० | ७३.६७ |
| साना उद्योग | २०.९६ | ५५.९३ |
| मझौला उद्योग | १६.९३ | ६०.०० |
| ठूला उद्योग | १३.९८ | ४५.०० |
| राष्ट्रिय औसत | २२.५० | ७०.५९ |

*स्रोतः कोभिड-१९ ले अर्थतन्त्रमापारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन, र नेपाल राष्ट्र बैंक, २०७७*

२२ आर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार अर्थ मन्त्रालय ।

२३ आर्थिक सर्वेक्षण २०७७/७८, नेपाल सरकार अर्थ मन्त्रालय ।

तालिका-१.१ (ख): मा नेपाल राष्ट्र बैंकले २०७७ मा गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी अध्ययनको निष्कर्षलाई समावेश गरिएको छ । राष्ट्र बैंकले जनाएअनुसार उद्योगहरुले बन्दाबन्दीको समयमा २२.५ प्रतिशत कर्मचारीको कटौती गरेका छन् । यसरी कटौतीमा परेका कर्मचारीमध्ये अस्थायी तथा करारमा रहेका कर्मचारीको हिस्सा ७०.५५ प्रतिशत थियो । बन्दाबन्दीको पहिलो मारमा अस्थायी तथा करारमा रहेका कर्मचारी परेको देखिन्छ । उचित शिक्षा, तालिम र अवसर प्राप्त नगरेका व्यक्तिहरु नै सामान्यत अस्थायी र करार कर्मचारीको रुपमा रहने हुनाले यस्ता व्यक्तिहरुको रोजगारी कोरोनाले खोसेको अवस्था छ । राष्ट्र बैंकको सोहि अध्ययनले सबैभन्दा बढी कामदार कटौती घरेलु र लघु उद्योग तथा साना खुद्रा व्यापारमा भएको निष्कर्ष निकालेको छ । यो क्षेत्रमा समाजका तुलनात्मक रुपले कमजोर अवस्थाका मानिसले रोजगारी प्राप्त गर्दछन् । त्यसमा पनि कटौतीमा पर्नेहरु अधिकांश अस्थायी र करारमा छन् । जसलाई कुनै प्रकारको सामाजिक सुरक्षा तथा क्षतिपूर्ति उपलब्ध गराईएको हुदैन । यसबाट विपन्न समुदायलाई कोरोनाले झन अप्ठ्यारोमा पारेको पुष्टि हुन्छ ।

नेपाल राष्ट्र बैंकले कोरोनाका कारण समग्र रोजगारीमा पारेको प्रभावको अध्ययन पनि गरेको छ । उक्त अध्ययनबाट प्राप्त निष्कर्षलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १.१. (ग): समग्र रोजगारीमा परेको प्रभाव (सङ्ख्या लाखमा)**

| क्षेत्र | आ.व. २०७५/२०७६ (कोभिडअघि) | आ.व. २०७६।२०७७ मा गुमेको अनुमानित रोजगारी | | | |
|---|---|---|---|---|---|
| | | प्रतिशत | औपचारिक | अनौपचारिक | जम्मा |
| आन्तरिक | १५९.०५ | ५.८ | ३.४८ | ४.७५ | ९.२८ |
| कृषि | १०३.०५ | १.५ | ०.०९ | १.४५ | १.५५ |
| गैरकृषि | ५६.०१ | १३.७ | ३.५६ | ४.११ | ७.७ |
| उद्योग | २१.९७ | १८ | १.०३ | २.९३ | ३.९५ |
| सेवा | ३४.०४ | ११ | २.२३ | १.५१ | ३.७५ |
| बाह्य रोजगारी | ३२ | २० | ० | ६.४ | ६.४ |
| जम्मा | १९१.१२ | ८.२ | ३.४८ | १२.१५ | १५.६४ |

*स्रोत: कोभिड-१९ ले अर्थतन्त्रमापारेको प्रभावसम्बन्धी सर्वेक्षण प्रतिवेदन, र नेपाल राष्ट्र बैंक, २०७७*

तालिका-१.१.(ग). मा कोरोनाले समग्र रोजगारीमा परेको प्रभाव समावेश गरिएको छ । कोभिड-१९ को कारण जम्मा १५ लाख ६४ हजारको रोजगारी गुमेको छ । १२ लाख १५ हजार अर्थात ७७.६ प्रतिशत अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक छन् । अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरु सामान्यतः मानव बेचबिखनको जोखिम समूहभित्रका हुन सक्ने अनुमान गर्न सकिन्छ । विपन्न समुदायका लाखौं मानिसहरुले दैनिकी धान्ने आधार नै गुमाउँदा उनीहरुको जीवन कष्टपूर्ण बन्न पुगेको छ । बीचमा स्वास्थ्य समस्यामा केही सुधार भए तापनि सबै उद्योगहरु सञ्चालनमा नआएका, सञ्चालनमा आएका उद्योगले पनि बीचमा

कटौती गरेका श्रमिकहरुलाई काममा फिर्ता नगरेको विवरण नेपाल राष्ट्र बैंकको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी दोस्रो पुनरावृत्ति सर्वेक्षण प्रतिवेदनले जनाएको छ। कोरोनाका कारण सबैभन्दा बढि प्रभावित सेवा क्षेत्र हो। यसमा करिब ३४ लाख नेपालीहरु संलग्न रहेको देखिन्छ। यी मध्ये ३ लाख ७५ हजारको रोजगारी गुमेको देखियो भने सम्पूर्ण सेवा क्षेत्र ठप्प भएको अवस्थामा बाँकी श्रमिकको पनि नियमित पारिश्रमिक तथा काम प्रभावित हुन पुग्यो। त्यस्तै गैरकृषि र उद्योग क्षेत्रका श्रमिकले पुरै रोजगारी नै गुमाउनु नपरे पनि आम्दानी तथा कामको अवसरमा प्रभाव परेको छ।

पहिलो चरणको बन्दाबन्दीको समयमा रोजगारी तथा आयआर्जन गुमाएका व्यक्तिहरु सबैले मुलुक सामान्य अवस्थामा फर्कदा पनि रोजगारी पाउन सकेका थिएनन्। त्यसमा पनि दोस्रो चरणमा आएको कोभिड-१९ को समस्याले झन बेरोजगारी बढाएको छ। वैदेशिक रोजगारमा रहेका ४ लाख ६२ हजारलाई सरकारले नै उद्दार गरेर देशमा ल्याएको छ। त्यस्तै रोजगारीको लागि भारत गएका लाखौंको सङ्ख्यामा नेपाल फर्केका छन्। गएका दुई वर्षमा श्रम बजारमा नयाँ थपिएका श्रमिकको ठूलो सङ्ख्या पनि कामको खोजीमा छ। त्यस्तै प्रत्येक वर्ष ४ देखि ५ लाखको सङ्ख्यामा वैदेशिक रोजगारमा जाने युवाहरु गएको दुई वर्षदेखि विगतमा जस्तै गरी वैदेशिक रोजगारीमा जान पाएका छैनन्। यसबाट प्रष्ट हुन्छ कि कोरोनाको कारण लाखौं व्यक्तिहरु जो सामाजिक र आर्थिक रुपमा पछाडि पारिएको क्षेत्र, वर्ग र समुदायका हुन रोजगारी तथा कामको अभावमा उनीहरुको दैनिकी कष्टपूर्ण बनेको छ।

मानव बेचबिखनको दृष्टिबाट सबैभन्दा जोखिममा रहेको वर्गलाई यसले झन् जोखिममा धकेलेको छ। यस्तै विषम परिस्थितिको प्रतिक्षामा रहेका बेचबिखनकर्ताहरु गाउँगाउँमा समस्यामा परेका व्यक्तिलाई ललाईफकाई गरेर अथवा विभिन्न परिबन्दमा पारेर बेचबिखन तथा ओसारपसारको जोखिम अवस्थामा पुर्‍याएको तथ्यहरु नेपालमा कोभिड-१९को महामारीको नियन्त्रणका लागी भएको लकडाउनमा घटेका घटनाहरुबाट प्रष्ट हुन्छ। लकडाउनको समयमा दुध तरकारी तथा अन्य दैनिक उपभोग्य सामान बोक्ने गाडी, ट्रिपरबाट रोजगारीका लागी भनी गाउँबाट युवती तथा किशोरीहरुलाई लग्दै गरेको, बैंकको नक्कली कार्ड बोकी मोटरसाइकलबाट भारतको सीमातर्फ लैंजादै गरेको आदि घटनाहरु विभिन्न संचार माध्यमबाट आएको थियो। यसका साथै नेपाल प्रहरीबाट समेत आन्तरिकरुपमा(नेपालभित्र) बेचविखनबाट प्रभावित विशेष गरी किशोरीहरुलाई काठमाण्डौ र पोखराका खाजाघरहरुबाट समेत उद्दार गरी कानूनी कारवाही अगाढी बढाएको छ।

नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरोका अनुसार नेपालमा कोभिड-१९ को महामारीको नियन्त्रणका लागी भएको पहिलो लकडाउनका समयमा प्रहरीमा जम्मा २० वटा मानव बेचविखन तथा ओसारपसारका मुद्दा दर्ता भएको देखाएको छ। जसमा २९ जना प्रभावित रहेका छन्। २९ जना प्रभावितमध्ये १३ जना महिला १५ बालबालिका (१८ बर्षभन्दा मुनिका) र १ पुरुष रहेका छन्।

# परिच्छेद-चार

# मानव बेचबिखन विरुद्धका व्यवस्था तथा नियन्त्रणका प्रयासको समीक्षा

## १. नीतिगत, संस्थागत व्यवस्था र गरिएका प्रयास

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपालले विभिन्न नीतिगत, कानुनी, संरचनागत तथा कार्यक्रमिक प्रयत्नहरु गर्दै आएको छ । मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा प्रलेखहरुको नेपाल पक्ष राष्ट्र भएको छ। नेपालले लागू गरेका नीति तथा कानुनी व्यवस्था,संरचना, संचालित गतिविधि र त्यसको समग्र प्रभावकारितालाई विवेचना गरिएको छ।

### १.१. नेपालको संविधानमा भएको मानव बेचबिखन तथा ओसारपसारविरुद्धको व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा मौलिक अधिकार र मानव अधिकारको सुनिश्चितताको व्यवस्था गरिएको छ । नेपालको संविधानमा भएका मानव बेचबिखन तथा ओसारपसार विरुद्धका व्यवस्थाहरुलाई तल तालिकामा संक्षिप्तमा प्रस्तुत गरिएको छ।

**तालिका १.१: संविधानमा भएका मानव बेचबिखन नियन्त्रणमा सहयोग गर्ने व्यवस्था**

| विषयहरु समावेश गरिएको क्षेत्र | भएका व्यवस्था |
|---|---|
| प्रस्तावना | लैङ्गिक विभेदको अन्त्य, समतामूलक समाजको निर्माण, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, कानुनी राज्य, सुशासन हासिल गर्ने संकल्प |
| | • सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६)<br>• स्वतन्त्रताको हक (धारा १७)<br>• समानताको हक (धारा १८)<br>• न्यायसम्बन्धी हक (धारा २०) |
| मौलिक हक | • अपराध पीडितको हक (धारा २१)<br>• रोजगारीको हक (धारा ३३)<br>• श्रमको हक (धारा ३४)<br>• महिलाको हक (धारा ३८)<br>• बालबालिकाको हक (धारा ३९)<br>• सामाजिक न्यायको हक (धारा ४२)<br>• सामाजिक सुरक्षाको हक (धारा ४३) |

| | |
|---|---|
| राज्यका निर्देशक सिद्धान्त तथा नीति | राज्यका निर्देशक सिद्धान्त (धारा ५०)<br>• समानता र स्वतन्त्रताको संरक्षण,<br>• लैङ्गिक समानता,<br>• सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य,<br>• राज्यका प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण,<br>• आर्थिक असमानताको अन्त्य,<br>• शोषणरहित समाजको निर्माण,<br>• विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि,<br><br>राज्यका नीतिहरु (धारा ५१)<br>• मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम गर्ने,<br>• नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने,<br>• राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,<br>• आर्थिक समृद्धि हासिल गर्ने,<br>• विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने,<br>• वैज्ञानिक भूमि सुधार गर्ने,<br>• सबैले काम पाउने अवस्था सुनिश्चित गर्ने,<br>• श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्ने,<br>• बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने,<br>• श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्ने,<br>• वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,<br>• जोखिममा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना र संरक्षण गर्ने,<br>• सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,<br>• न्याय प्रशासनलाई निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने । |
| प्रतिवद्ध संस्थाहरुको काम कर्तव्य र अधिकार | • राष्ट्रिय मानव अधिकार आयोग (धारा २४९)<br>• राष्ट्रिय महिला आयोग (धारा २५३)<br>• न्यायपालिका (भाग ११)<br>• राष्ट्रिय दलित आयोग (धारा २५५), आदिवासी जनजाति आयोग (धारा २६१), मधेशी आयोग (धारा २६२), थारु आयोग (धारा २६३), मुस्लिम आयोग (धारा २६४)<br>• नेपाल प्रहरी (धारा २६८) । |

## १.२. पन्ध्रौं योजनामा मानव बेचबिखन तथा ओसारपसार

पन्ध्रौं योजनाले दीर्घकालीन विकासको लक्ष्यसमेत निर्धारण गरेको छ । आ.व. २०७५/०७६ देखि विक्रम सम्वत २१०० सम्ममा निरपेक्ष गरिबी शून्य प्रतिशतमा झार्ने, बहुआयामिक गरिबी ३ प्रतिशतमा झार्ने, बेरोजगारी दर ३ प्रतिशतमा झार्ने, लैंगिक विकास सूचकांक १ प्रतिशत बनाउने र मुलुकलाई उच्च आय भएको मुलुकको स्तरमा पुऱ्याउने स्वर्णिम लक्ष्य निर्धारण गरेको छ। आवधिक योजनाको रुपमा यसले निर्धारण गरेको मानव बेचबिखन नियन्त्रणमा प्रत्यक्ष योगदान दिने केही सूचक र लक्ष्यहरुलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.२: पन्ध्रौं योजनाले तय गरेका केही प्रमुख लक्ष्य**

| प्रमुख सूचक | आधार वर्षको यथार्थ (आ.व. २०७४।०७५) | लक्ष्य (आ.व. २०८०।०८१) |
|---|---|---|
| गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (प्रतिशत) | १८.७ | ११ |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशत) | २८.६ | १३ |
| आम्दानीको माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palmo ratio) | १.३ | १.२५ |
| प्रतिव्यक्ति कूल राष्ट्रिय आय (USD) | १०४७ | १५९५ |
| काम गर्ने उमेर समूहका प्राविधिक र व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या (प्रतिशत) | २५ | ६० |
| बेरोजगारीदर (प्रतिशत) | ११.४ | ६ |
| लैंगिक विकास सूचकाङ्क | ०.९२५ | ०.९६३ |
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | २६.३ | १३ |
| दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | ८६.७ | १०० |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (प्रतिशत) | १७ | ६० |
| विपदका घटनाबाट प्रभावित जनसङ्ख्या (प्रतिहजार) | १९.५ | ५ |
| कानुनी शासन सूचकांक | ०.५३ | ०५८ |
| आधारभूत खाद्य सुरक्षाकोस्थितिमा रहेका परिवार (प्रतिशत) | ४८.२ | ८० |

*स्रोतः पन्ध्रौं योजना, समृद्धि र सुखका राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक*

विद्यमान उच्च गरिबी र बेरोजगारी कुनै व्यक्तिलाई मानव बेचबिखनको दुरावस्थासम्म पुऱ्याउने प्रमुख कारक मान्न सकिन्छ। गरिबी र बेरोजगारी घटाउने पन्ध्रौं योजनाको लक्ष्य छ भने हटाउने दीर्घकालीन लक्ष्य छ । जसले गर्दा पन्ध्रौं योजनाले समग्र आर्थिक, सामाजिक तथा शासकिय अवस्थामा सुधार गरी मानव बेचबिखन जस्तो गम्भीर अपराधको रोकथाम तथा नियन्त्रणमा विशेष भूमिका रहेको देखिन्छ ।

## १.३. नेपालमा मानव बेचबिखनसँग सम्बन्धित मुख्य नीति, कानुन, कार्ययोजना आदिको समीक्षा

नेपालले मानव बेचबिखन नियन्त्रणका लागि निकै लामो समयदेखि प्रयत्न गर्दै आएको छ । मानव बेचबिखन

विरुद्धको अभियानलाई सशक्त बनाउन राष्ट्रिय नीति, कानुन, संस्थागत प्रबन्ध, बजेटको व्यवस्था, कार्यक्रमहरु तर्जुमा गर्दै आएको छ । यसलाई गम्भिर अपराधको रुपमा स्वीकार गरी अन्तर्राष्ट्रिय र क्षेत्रिय व्यवस्थाहरु अनुमोदन गर्नुका अतिरिक्त तिनमा भएका व्यवस्थाहरुको कार्यान्वयन सुनिश्चित गर्ने प्रयास गर्दै आएको छ । मानव बेचबिखनमा नेपालले अवलम्बन गरेका मुख्यनीति, कानुनी व्यवस्था, त्यसको कार्यान्वयन, देखिएका समस्या र सुधारका लागि गरिएका प्रयासहरुलाई तालिकाको माध्यमबाट एकीकृतरुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**तालिका १.३: नीति, कानुन, कार्ययोजना**

| विद्यमान नीति, कानुन | कार्यान्वयनको अवस्था | कमजोरी | सुधारका प्रयास |
|---|---|---|---|
| नीतिगत व्यवस्था | | | |
| वैदेशिक रोजगार नीति, २०६८ | • वैदेशिक रोजगार क्षेत्रको समग्र व्यवस्थापनको राष्ट्रिय सोच प्रस्तुत<br>• नीतिबमोजिम कामदारको सुरक्षा, ठगि नियन्त्रण, सम्बद्ध निकायबीचको सहकार्य हुदै आएको<br>• नीति कार्यान्वयका लागि बनेको संयन्त्र क्रियाशिल रहेको ।<br>• नीति कार्यान्वयन राष्ट्रिय कार्ययोजना प्रयोगमा आएको । | • नीतिबमोजिमको ऐन बन्न नसक्नु<br>• नीतिको नियमित समीक्षा, मध्यावधि मुल्याङ्कन र अध्यावधिक नगरिनु<br>• मानव बेचबिखनको सबालले नीतिमा पर्याप्त स्थान नपाउनु | • नीति अध्यावधिक गर्ने कार्य प्रक्रियामा रहेको<br>• नीतिबमोजिमको वैदेशिक रोजगार ऐन बनाउने कार्य प्रक्रियामा रहेको |
| राष्ट्रिय रोजगार नीति, २०७१ | • मर्यादित र प्रतिफलयुक्त रोजगारी सिर्जनाका लागि छाता नीतिको रुपमा कार्यान्वयनमा रहेको<br>• नीति बमोजिम श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, रोजगारीसम्बन्धी ऐन जारी भएका । | • मानव बेचबिखनको परिभाषाभित्र पर्ने श्रमको बारेमा नीतिमा चर्चा नभएको<br>• आन्तरिक श्रम बजारमा हुन सक्ने श्रम शोषणको नियन्त्रणको लागि पर्याप्त व्यवस्था नभएको<br>• अन्य क्षेत्रगत नीतिसँग यस नीतिको तादात्म्यता कायम नभएको । | • रोजगारीको नाउँमा हुने मानव बेचबिखनका सबै स्वरुपलाई समेटेर नीति संशोधन गर्ने बारेमा छलफल अघि बढेको । |
| कानुनी व्यवस्था | | | |

| | | | |
|---|---|---|---|
| मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५ | • मानव बेचबिखन विरुद्धको विशिष्टिकृत कानुनकोरुपमा कार्यान्वयनमा रहेको<br>• यसै ऐनबमोजिम मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको काम हुदै आएको<br>• मानव बेचबिखन नियन्त्रणसम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना (२०६८-२०७८) कार्यान्वयनमा रहेको । | • ऐनले मानव बेचबिखनको परिभाषा भित्रपर्ने श्रम शोषण, अनौपचारिक यौन व्यवसाय, वैदेशिक रोजगारको आवरणमा हुने श्रम शोषण तथा मानव तस्करी जस्ता पक्षलाई पर्याप्त मात्रामा समेटन नसकेको<br>• अन्य ऐन कानुनसँग सामञ्जस्यता कायम नहुँदा मानव बेचबिखनका पीडितले न्याय पाउन समस्या भएको<br>• राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अपेक्षितरुपमा प्रभावकारी नभएको तथ्य मध्यावधि मूल्याङ्कन प्रतिवेदनले देखाएको । | • लैङ्गिक समानता कायम गर्न केही नेपाल कानुनलाई संशोधन गर्ने ऐन मार्फत मानव बेचबिखन ऐन २०६४ मा संशोधन गरिएको<br>• मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधनको प्रक्रियामा रहेको<br>• वैदेशिक रोजगार ऐन लगायत अन्य ऐनसँग तादात्म्यता कायम गरी ऐन बनाउने विषयमा साझेदार बीच साझाधारणा विकास भएको |
| वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली २०६४ | • वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन ऐन कार्यान्वयनमा रहेको<br>• श्रम स्वीकृति, वैदेशिक रोजगार व्यवसायीको नियमन, कामदारको सुरक्षा, उद्दार, पुर्नएकीकरण, क्षमता विकासका काम हुदै आएको<br>• ऐनबमोजिमका विभिन्न कार्यविधि, निर्देशिका, म्यानुअल कार्यान्वयमा रहेका । | • मानव बेचबिखनको प्रकृतिसँग मिल्ने श्रम शोषणलाई पनि यसै ऐनबमोजिम कारवाही गर्ने व्यवस्था रहेको<br>• विदेशमा घटेका श्रम शोषणका गम्भिर घटनाका हकमामानव बेचबिखनको प्रावधान बमोजिमगन्तव्य मुलुकको सहयोगमा दोषीलाई कारवाही गर्न नसक्नु<br>• ऐन पीडितमैत्री बन्न नसक्नु । | • यो ऐनमा केहि नेपाल कानुनलाई संशोधन गर्ने ऐनबमोजिम सामान्य परिमार्जन भई विदेशमा रहेका कामदारको निःशुल्क कानुनी प्रतिरक्षाको व्यवस्था भएको<br>• मानव बेचबिखनको प्रकृतिका अपराधको मुद्दा मानव बेचबिखन ऐनबमोजिम चल्न सक्ने गरी सिफारिस गर्ने व्यवस्था राख्ने बारेमा छलफल भएको<br>• ऐन संशोधनको प्रक्रियामा रहेको । |

## १.४. नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानूनहरु

नेपालले संयुक्त राष्ट्रसङ्घले पारित गरेका प्रमुख मानव अधिकार महासन्धिहरु र अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धिहरु अनुमोदन गरेको छ। अनुमोदन गरेपछि त्यसमा भएका व्यवस्थाहरु नेपालमा कानुनसरह लागु हुने तथ्यको सुनिश्चितता सन्धि ऐन, २०४७ ले गरेको छ। त्यसैले अनुमोदित अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रोटोकल, इच्छाधिन आलेख आदिको कार्यान्वयनको उचित प्रबन्ध गर्नु पर्दछ। नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरु र त्यसमा भएका व्यवस्थालाई संक्षिप्तरुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

**तालिका १.४ : नेपालले अनुमोदन गरेका केही महत्वपूर्ण दस्तावेजहरु**

| नेपाल पक्ष राष्ट्र भएका उपकरणहरु | नेपालले अनुमोदन गरेको मिति |
|---|---|
| महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ | ९ वैशाख २०४८ |
| आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ३१ वैशाख २०४८ |
| बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | २९ भाद्र २०४७ |
| बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० | ७ माघ २०६२ |
| मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकामा हुने बेचबिखन नियन्त्रण र सजाय गर्ने प्रलेख, (२०००), पालेर्मो प्रलेख | २०७६ फागुण २९ |
| वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि, २००२ | १४ कार्तिक २०६२ |
| बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि, १९३० (नं. २९) | २८ भाद्र २०५८ |
| सङ्गठन गर्ने र सामूहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि, १९४९ (नं. ९८) | १८ आश्विन २०५३ |
| समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी महासन्धि, १९५१ (नं. १००) | २० आश्विन २०३३ |
| रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि, १९५८ (नं. १११) | ३ आश्विन २०३१ |
| रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८) | १८ आश्विन २०५३ |
| बाल श्रमका निकृष्ट रूपहरूको उन्मुलनसम्बन्धी महासन्धि, १९९९ (नं. १८२) | २८ भाद्र २०५८ |

*स्रोतः कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय।*

नेपालले मानव बेचविखन विशेषगरी महिला र बालवालिकामा हुने बेचविखन रोक्न संयुक्त राष्ट्र संघिय प्रलेख (पार्लेमो प्राटोकल २०००) संघिय संसदको दुवै सदनबाट (राष्ट्रिय सभाबाट मिति २०७६।१०।०५ मा र प्रतिनिधि सभाबाट २०७६।११।२९) अनुमोदन गरेको छ। पालेर्मो प्रोटोकल २००० को अनुमोदन पश्चात यसको स्थानीयकरणको प्रयास स्वरुप नेपाल सरकार गृह मन्त्रालयबाट कार्ययोजना बनाइ कार्यान्वयनको चरणमा रहेको र त्यस कार्ययोजनाको प्रगति र भावि कार्ययोजना समेत निर्माण गरेको छ।

पार्लेमो प्रोटोकल अनुमोदनपश्चातको परिमार्जन गरिनुपर्ने नीति तथा कानुनहरु जसले मानव बेचविखन तथा ओसारपसार विरुद्धका कार्यहरुलाई समेटने प्रयत्न गरेको छ ।

## १.५. संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women – CEDAW) महासन्धि अनुगमन समितिबाट प्राप्त समापन टिप्पणी, विश्वव्यापी आवधिक समीक्षाका सिफारिस

संयुक्त राष्ट्रसङ्घीय महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of All Forms of Discrimination against Women – CEDAW), १९७९ अन्तर्गत गठन भएको महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (सिड समिति)बाट नेपाल को छैटौं आवधिक प्रतिवेदन उपर मानव बेचबिखन तथा ओसारपसार(रोकथाम तथा नियन्त्रण)का सम्बन्धमा निष्कर्ष सुझाव प्राप्त भएको छ ।

उक्त समितीले दिगो विकास लक्ष्य ५.२ को कार्यान्यनका लागी ध्यानाकर्षण गराउँदै सार्वजनिक, निजी क्षेत्रहरुमा सबै महिला, बालिकाहरु विरुद्ध हुने हिंसा, बेचबिखन, यौन र अन्य प्रकारका शोषण लगायत सबै प्रकारको हिंसा अन्त्य गर्न र यौन व्यवसायमा संलग्न महिलाहरुको मानव बेचबिखनको जोखिम एवं संभावनालाई रोक्न निम्न बमोजिमका बुँदाहरुमा सिफारिश गरेको छ :

- वैदेशिक रोजगारमा जान इच्छुक महिला कामदारहरूमाथि लागू गरिएको प्रतिबन्ध फुकुवा गर्ने, ग्रामीण, विस्थापित, आदिवासी जनजाति र दलित महिला तथा बालिकाहरूमा बेचबिखनका जोखिम र बेचबिखनको आपराधिक प्रकृतिका सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने ,
- बेचबिखनका पीडितहरू समयमा नै पहिचान गर्ने र तिनीहरूलाई सुरक्षा सेवा प्रदान गर्ने सुनिश्चित गर्न आधारभूत कार्यविधि अवलम्बन गर्ने र त्यसका विषयवस्तु न्यायिक तथा कानून कार्यान्वयन गर्ने अधिकारी र सेवा प्रदायकहरूलाई प्रदान गरिने प्रशिक्षणमा पनि समावेश गर्ने,
- पीडित र साक्षीको संरक्षण सम्बन्धी विधेयक शीघ्र पारित गर्ने र नेपाल प्रहरी प्रतिष्ठान तथा राष्ट्रिय न्यायिक प्रतिष्ठान मार्फत पीडितको संरक्षण सम्बन्धी राष्ट्रिय न्यूनतम मापदण्डबारे प्रशिक्षण प्रदान गर्ने,
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको संशोधन विधेयकलाई Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children सँग मेलखानेगरी अविलम्ब परिमार्जन गर्ने, विश्वव्यापी आवधिक पुनरावलोकनका समयमा गरिएका प्रतिबद्धता बमोजिम हुने गरी Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children अविलम्ब अनुमोदन गर्ने,
- कसूरको गम्भीरता बमोजिम सजाय निर्धारण हुने र बेचबिखनकापीडितहरू आपराधिक दायित्वबाट मुक्त हुने कुराको सुनिश्चितता गरी महिला तथा बालबालिकाको बेचबिखन, भ्रष्टाचारर राज्यका अधिकारीहरूको मिलेमतो सम्बन्धी मुद्दाहरूको अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय निर्धारण गर्ने,

- बेचबिखनबाट पीडित महिला र बालिकाहरूलाई कानूनी परामर्श, स्वास्थ्य उपचार, मनोवैज्ञानिक सहयोग, पुनःस्थापना र क्षतिपूर्तिमा पहुँच लगायत निजहरूलाई पर्याप्त सुरक्षा र उपचार प्रदान गरिने सुनिश्चितता गर्ने पुनःस्थापना केन्द्रहरूमा पर्याप्तस्रोतहरूको व्यवस्था गर्ने,
- यौनकार्यमा संलग्न रहेका महिलाहरूको अनुगमन र उनीहरूको शोषणबाट कानूनी सुरक्षा सुनिश्चित गर्ने एक बृहत् नीति, कानूनी र नियमनकारी संरचना निर्माण गर्ने र त्यस्तो कार्यमा संलग्न भएकै कारणले उनीहरूलाई अभियोजन नगरिने सुनिश्चितता गर्ने
- यौनकार्यमा संलग्न महिलाहरूलाई दुर्व्यवहार गर्ने र धम्क्याउने कानून कार्यान्वयन गर्ने अधिकारीहरूका सम्बन्धमा अनुसन्धान गर्ने, अभियोजन गर्ने र सजाय दिने र पीडितहरूलाई लैङ्गिक संवेदनशील ढंगले सुरक्षा र सहयोग प्रदान गरिने कुराको सुनिश्चितता गर्ने
- यौनकार्य छोड्न चाहने महिलाहरूको लागि बहिर्गमन कार्यक्रम सुदृढ तुल्याउने ।

सन २०२० मा नेपाललाई मानव अधिकार समिति तथा विश्वव्यापी तेश्रो आवधिक समीक्षाबाट मानव बेचविखनका सवालमा नेपाललाई केही सुझावहरु प्राप्त भएको छ । उक्त सुझावहरु तल तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका १.५: मानव अधिकार समिति तथा विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त मुख्य सिफारिसहरु**[२४]

| प्राप्त सिफारिसहरु | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | कैफियत |
|---|---|---|
| मानव बेचबिखन र आधुनिक दासतालाई सम्बोधन हुने गरी संयन्त्रहरुको निर्माण गर्दै मानव बेचबिखनका पिडितहरु विशेषगरी महिला तथा वालवालिकाहरुको पहिचान गर्ने, तिनिहरुको प्रभावकारी पुर्नस्थापना तथा संरक्षणका लागि आवश्यक रणनितिक कार्ययोजनाको निर्माण गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>स्थानीय सरकार । | |
| मानव बेचविखन तथा आधुनिक दासताको लागि जिम्मेवार व्यक्तिहरुलाई कानुनी दायरामा ल्याउने | नेपाल प्रहरी, गृह मन्त्रालय । | |
| मानव बेचविखन र सवै प्रकारका दासत्वलाई रोक्नको लागि प्रभावकारी सचेतना अभियान संचालन गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>गृह मन्त्रालय,<br>नेपाल प्रहरी,<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार<br>नागरीक समाज | |

२४ मानव अधिकार समिति विश्वव्यापी तेश्रो आवधिक समीक्षा, सन् २०२० ।

| | | |
|---|---|---|
| मानव बेचबिखनविरुद्धको प्रभावकारी सचेतना अभियान सञ्चालन गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार<br>नागरीक समाज | |
| मानव बेचबिखन तथा ओसारपसार, आधुनिक दासता, यौन शोषण, बाध्यकारी श्रमलाइ रोकथामका कार्यहरु गर्ने, मानव बेचबिखनबाट पिडितको पहिचान गर्ने र पुर्नस्थापना केन्द्र सञ्चालनको लागि पर्याप्त श्रोत साधनको व्यवस्था गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>अर्थ मन्त्रालय<br>श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय,<br>नेपाल प्रहरी,<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार | |
| मानब बेचविखनमा संलग्न व्यक्तिहरुलाई कारवाही गर्ने पिडितको पहिचान गरी सवै प्रकारको शोषण र बाल श्रम लगायतका सवै प्रकारका शोषणको रोकथामका कार्यहरु गर्ने । | मानव बेचबिखन नियन्त्रणका लागि राष्ट्रिय समिति, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>नागरीक समाज | |
| मानव बेचबिखन, दासत्व र यौन शोषण रोक्ने कार्यलाई नियन्त्रण तथा रोकथाम गर्न कार्यक्रमहरुको निर्माण गर्ने । | नागरिक संगठन तथा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय ।<br>श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय,<br>नेपाल प्रहरी,<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार | |
| मानव बेचबिखन, दासत्व र यौन शोषण, बाल श्रम लगायतका जबरजस्ती श्रम नियन्त्रणका लागि  पहल गर्ने । | नागरिक संगठन तथा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय ।<br>श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय,<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार | |

| | | |
|---|---|---|
| मानव बेचबिखन, दासत्व र यौन शोषण, बाल श्रम लगायतका जबरजस्ती श्रम नियन्त्रणका लागि संरक्षण, निरोध र कानुनी कार्वाहीलाई  अगाडी बढाउने । | नागरिक संगठन तथा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालय ।<br>श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय,<br>नेपाल प्रहरी<br>प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय,<br>स्थानीय सरकार | |
| मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई परिमार्जन गरी मानव बेचबिखनको परिभाषालाई अन्तराष्ट्रिय कानुन अनुरुप ल्याउन र मानव बचेबिखनका सबै पक्षहरुलाई समावेश गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय समिति,<br>कानुन न्याय तथा संसदीय मामीला मन्त्रालय,<br>संसद | |
| मानव बेचबिखनका पिडित तथा आप्रवासीहरुको अधिकारको सुरक्षाको व्यवस्था लागु गर्ने । | वैदेशिक रोजगार विभाग<br>नेपाल प्रहरी | |
| विशेषगरी बालवालिकाको बेचबिखन तथा वाध्यकारी श्रमको अन्त्यका लागि कार्ययोजना बनाई सचेतनामुलक कार्यक्रम, संरक्षण तथा पुनएकीकरण लगायतका कार्यक्रमहरुको पहल गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।<br>श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालय । | |
| मानव बेचविखन सम्बन्धि कानुन र राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्दै परिमार्जन समेत गर्ने | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय । | |
| मानव बेचविखन तथा ओसारपसारमा संलग्नहरुलाई कार्वाही गर्ने व्यवस्था लागु गर्ने | गृह मन्त्रालय | |
| वैदेशिक रोजगार ऐन र मानव बेचविखन तथा ओसापसार (नियन्त्रण) ऐनलाई पार्लेमो प्रोटोकलको अनुरुप बनाउने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय । | |

## १.६. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन अवस्था

राष्ट्रिय मानव अधिकार आयोग स्थापना कालदेखि नै व्यक्तिको मानव अधिकारको संरक्षण र मानव बेचबिखनको नियन्त्रणमा सक्रिय रहँदै आएको छ । आयोगले मानव बेचबिखनको प्रभावकारी नियन्त्रण तथा रोकथामका लागि सम्बद्ध निकायले निर्वाह गर्नुपर्ने भूमिकाका सम्बन्धमा सिफारिस गर्दै आएको छ ।

**तालिका १.६: राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस र कार्यान्वयनको अवस्था**

| आयोगबाट भएको सिफारिसको मुख्य सार | कार्यान्वयन अवस्था | कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|
| मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकामा हुने बेचबिखन रोकथाम, नियन्त्रण र सजाय गर्ने प्रलेख (२०००), पालेर्मो प्रलेखको अनुमोदन गरी कार्यान्वयन गर्ने । | कार्यान्वयन भएको | कार्ययोजना तयार गर्ने कार्यअघि बढेको । |
| स्वदेश तथा विदेशमा उद्दार तथा स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलनका लागि सरकार तथा सम्बन्धित निकायको नेतृत्व र गैससहरुको सहभागितामा द्रुत कार्यप्रणाली स्थापना र सञ्चालन गर्ने । | सुरुवात भएको | प्रणाली तथा संयन्त्र गठन भएको छैन यद्यपी पछिल्ला केही उद्दार कार्य नेपाल सरकारको नेतृत्वमा भएको छ । |
| विदेशमा रहेका बेचबिखन तथा तस्करी प्रभावित व्यक्तिलाई अध्यागमन कानुन वा श्रम कानुन जस्ता कारण सजाय हुनबाट सुरक्षा गर्ने व्यवस्था । | सुरुवात भएको | निःशुल्क कानुनी प्रतिरक्षाको व्यवस्था गरिएको । तर यो व्यवस्था अनुमति लिएर गएका वैदेशिक रोजगारका श्रमिकहरुका लागि मात्र भएको । |
| स्वदेश तथा बिदेशमा मानव अधिकारमैत्री हेरचाह केन्द्रको स्थापना । | न्यून कार्यान्वयन | विदेशमा अप्ठ्यारोमा परेकालाई सुरक्षित आवास दिने गरिएको तर व्यवस्थित हेरचाह केन्द्र नरहेको । |
| पीडितले सहज र सरल रुपमा क्षतिपूर्ति पाउने व्यवस्था मिलाउने । | न्यून कार्यान्वयन | अन्तरिम क्षतिपूर्तिको व्यवस्था र अभ्यास भए पनि पीडितले सहज र समयमा नै क्षतिपूर्ति पाउन नसकेको । |
| वैदेशिक रोजगारीका समस्याबाट पीडितहरुको न्यायमा पहुँच बढाउने, क्षमता विकास र सुदृढीकरण गर्ने । | न्यून कार्यान्वयन | निःशुल्क कानूनी सहायताका सेवाहरु प्रदान गरिए पनि दण्डहीनता कायम रहेको । अधिकांश उजुरी मिलापत्रमा टुंगिने गरेको । एजेण्टको भूमिका नघटेको । |
| मानव बेचबिखन तथा ओसारपसारका सवालमा नयाँ प्रवृत्ति र आयामहरुको अध्ययन तथा अनुसन्धान गर्ने । | न्यून कार्यान्वयन | राष्ट्रिय मानव अधिकार आयोगबाट केही अध्ययन भएको । गैससहरुबाट काम भइरहेको तर पर्याप्त लगानी यस क्षेत्रमा नभएका । |
| बाल समूह, आमा समूहलगायत स्थानीय सामुदायिक संगठनको सहभागितामा सचेतना अभियान सञ्चालन गर्ने । | आंशिक कार्यान्वयन | अतिप्रभावित भनिएका जिल्लामा नागरिक संगठन तथा सरकारबाट सचेतना कार्यक्रम चलेको । |

| | | |
|---|---|---|
| आर्थिक तथा सामाजिक सुरक्षा र सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने । | आंशिक कार्यान्वयन | आयआर्जन कार्यक्रम, बचत समूह, गरिबी निवारण, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा सामाजिक सुरक्षा कार्याक्रम । यद्यपी मानव बेचबिखन जोखिम वा प्रभावित समूह निश्चित नगरिएको । |
| हराएका बालबालिका तथा महिलाहरुको अवस्था अनुगमन र बेचबिखनमा परे नपरेको पहिचान गर्ने कार्यक्रम निर्माण र कार्यान्वयन । | आंशिक कार्यान्वयन | बालबालिकाको अवस्था अभिलेखीकरण गरिए पनि पर्याप्त अनुगमन हुन नसकेको । |
| विभिन्न सरोकार निकाय लक्षित क्षमता विकास कार्यक्रमहरु गर्ने । | आंशिक कार्यान्वयन | गैससहरुबाट भइरहेको तर विषयगत लक्षित कार्यक्रमहरु सञ्चालन नभएको । |
| पीडित तथा साक्षी सुरक्षाको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने । | आंशिक कार्यान्वयन | माग भएमा उपलब्ध गराइएको यद्यपी पीडित तथा साक्षीको सुरक्षा प्रभावकारी नभएको । |
| वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरुमा द्धिपक्षीय सम्झौता गर्ने । | आंशिक कार्यान्वयन | प्रमुख गन्तव्य मुलुकमा द्धिपक्षीय सम्झौताहरु भएको । |
| वैदेशिक रोजगारीमा जाने प्रमुख गन्तव्य मुलुकहरुका राष्ट्रिय मानव अधिकार निकायहरुसँग नेपालको राष्ट्रिय मानव अधिकार आयोगको द्धिपक्षीय सहकार्य प्रवर्द्धन गर्ने । | आंशिक कार्यान्वयन | कतारको राष्ट्रिय मानव अधिकार समितिसँग सम्झौता भएको । अन्य केही मुलुकका राष्ट्रिय मानव अधिकार आयोग तथा समितिहरुसँग आपसी समन्वय भई कार्यहरु गर्दै आएको । |
| जोखिमको सूचक तयार पार्ने तथा जोखिम समूह पहिचान गर्ने । | कार्यान्वयन नभएको | बजेट उपलब्ध हुन नसकेको । |
| सङ्घ, प्रदेश र स्थानीय तहमा मानव बेचबिखन विरुद्धको संयन्त्रलाई पुनर्संरचना गर्ने । | कार्यान्वयन नभएको | ऐन तथा नियमावलीको संशोधनमा ढिलाइ भएका कारण काम हुन नसकेको । |
| विपद् व्यवस्थापन योजनामा बेचबिखनको जोखिम र संरक्षणका उपायहरु समेट्ने । | कार्यान्वयन नभएको | विपद् व्यवस्थापनसँग सम्बन्धित समिति तथा निकायहरु मानव बेचबिखनका विषयमा संवेदनशिल हुन नसक्नु । |
| घरेलु कामदार तथा महिलाहरुमाथि लगाइएको उमेर हदलाई खारेज गर्ने । | कार्यान्वयन नभएको | नीति निर्माण तहमा समान बुझाई विकास हुन नसकेको । |
| सीमा निरीक्षण, उद्दार, स्वदेश फिर्ती तथा पुनःस्थापनाको विवरण अभिलेखीकरण गर्ने र राष्ट्रिय तथ्याङ्क प्रणाली सञ्चालन गर्ने । | कार्यान्वयन नभएको | छलफलहरु भएता पनि ठोसरुपमा कार्य हुन नसकेको । |

| | | |
|---|---|---|
| बढि शुल्क लिने, गलत स्वास्थ्य रिपोर्ट बनाउने, गलत सूचना दिने एजेन्टहरुलाई कानुनी कार्वाहीको दायरामा ल्याउने । | कार्यान्वयन भएको | बैदेशिक रोजगार ऐन संशोधन भई कार्यान्वयनमा रहेको । |
| मनोरञ्जन तथा सत्कार व्यवसायमा श्रमिकहरुको अवस्थाको नियमित अनुगमन गर्ने, अनुगमन तथा कार्वाही समितिलाई नयाँ व्यवस्था अनुसार पुनःसरचना र सक्रिय बनाउने । | कार्यान्वयन नभएको | बदलिएको संरचनामा अनुगमन कार्वाही समितिले काम गर्न नसकेको । श्रम मन्त्रालयबाट यस विषयमा कुनै कार्यविधि निर्देशिका नबनेको । |
| तीन तहका सरकारबिच नियमित समन्वय र सहकार्यको प्रणाली स्थापना गर्ने । | कार्यान्वयन नभएको | ऐन तथा नियममा स्पष्ट व्यवस्था नहुँदा नियमित समन्वय बैठकहरु नभएको । |

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको सम्म मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनहरुबाट*

## १.७. मानव बेचबिखन नियन्त्रणका लागि गरिएका संस्थागत तथा संरचनागत प्रबन्ध र तिनको भूमिका

मानव बेचबिखन नियन्त्रणका लागि बनेका नीति तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न संस्थागत तथा संरचनागत व्यवस्था आवश्यक हुन्छ। सरकार, निजी क्षेत्र, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदाय लगायत सबैको एकीकृत एवं सार्थक प्रयासबाट मात्र मानव बेचबिखनको साङ्लोबाट नागरिकलाई सुरक्षित राख्न सकिने तथ्यलाई आत्मसात गरी सरकारका सबै अङ्ग र समाजका सबै पक्ष (Whole of the Government and Whole of Society) एक साथ भन्ने अवधारणा अघि सारिएको छ । नियामक मन्त्रालयहरु, संवैधानिक आयोगहरु, मानव बेचखिन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिती, नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो आदि सरकारी निकायहरु सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारमाध्यम, आदि विभिन्न पक्षहरु महत्वपूर्ण भूमिकाका साथ क्रियाशिल रहदै आएको अवस्था छ । कतिपय संस्थाहरुको मानव बेचबिखन नियन्त्रणका कार्यमा प्रत्यक्ष संलग्नता रहन्छ भने कतिको अप्रत्यक्ष तर महत्वपूर्ण भूमिका रहेको छ ।

| **मानव बेचबिखन नियन्त्रणका लागि क्रियाशिल केही मुख्य निकाय, जिम्मेवारी, भूमिका तथा भावी कार्यदिशा** | | |
|---|---|---|
| निकाय/नाम | मुख्य जिम्मेवारी तथा निर्वाह गरेको भूमिका | अपेक्षित भूमिका |
| प्रत्यक्ष संलग्न सरकारी निकाय | | |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • नेपाल पक्ष राष्ट्र भएका सन्धि, महासन्धि आदिको कार्यान्वयन सुनिश्चित गर्ने,<br>• मानव बेचबिखन नियन्त्रणसम्बन्धी सिफारिसहरु कार्यान्वयन गर्न समन्वय गर्ने, मानव बेचबिखनसम्बन्धी नीति कानुन बनाउन सहजीकरण गर्ने । | • राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनमा तदारुकता देखाउने,<br>• अन्तर्राष्ट्रिय प्रतिबद्धता र सिफारिस अनुसारका कार्यहरु गर्ने/गराउने, नेपालको संविधान र कानुनले गरेका मानव बेचबिखन नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारिताका साथ सम्पादन गर्न नेतृत्व लिने । |
| गृह मन्त्रालय | • अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमनसम्बन्धी कार्य गर्ने,<br>• अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख राख्ने,<br>• मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन गर्ने, अपराध नियन्त्रणमा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय गर्ने । | • मानव बेचबिखन तथा ओसारपसारका उजुरी दर्तामा सहजता ल्याउने,<br>• मुद्दाहरुको अनुसन्धानमा सम्बन्धित निकायको दक्षता अभिवृद्धि तथा स्रोत साधन सम्पन्न बनाउने,<br>• अर्न्तदेशिय मानव बेचबिखन नियन्त्रणका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्ने, मानव बेचबिखनका तथ्यांक संकलन, प्रसोधन तथा प्रकाशन गर्ने । |

| | | |
|---|---|---|
| परराष्ट्र मन्त्रालय | • विदेशमा रहेका नेपाली नागरिकको संरक्षण गर्ने,<br>• अन्तर्राष्ट्रिय र क्षेत्रिय सञ्जालहरुसँग समन्वय तथा सहकार्य गर्ने,<br>नागरिकको रक्षाका लागि विदेशस्थित नेपाली नियोगसँग समन्वय गर्ने । | • विदेशमा रहेका नेपालीहरुको विवरण नियमित अध्यावधिक गर्ने प्रणाली विकास गर्ने,<br>• विदेशमा रहेका नेपाली नागरिकको संरक्षणको प्रबन्ध गर्ने,<br>विदेशमा अप्ठ्यारामा परेका नागरिकको उद्दारका लागि विशेष प्रबन्ध मिलाउने । |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | • महिला, बालबालिका तथा समाज कल्याणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन र अध्ययन अनुसन्धान तथा सर्वेक्षणका काम गर्ने,<br>• महिला सशक्तिकरण तथा बालबालिकाको सर्वाङ्गिण हितका लागि कार्य गर्ने,<br>मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका राष्ट्रिय प्रयासको नेतृत्व लिने । | • मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि राष्ट्रिय नीति नेतृत्व लिने,<br>मानव बेचबिखन नियन्त्रणका लागि सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षसँग समन्वय तथा सहकार्य गर्ने |
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन तथा नियमनको कार्य गर्ने,<br>• वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन र नियमन,<br>• बालश्रम निवारणसम्बन्धी कार्य गर्ने,<br>• कामदारको सामाजिक सुरक्षा,<br>• श्रमिकको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतासम्बन्धी कार्य गर्ने । | • नेपाली श्रम बजारलाई मापदण्डबमोजिम सञ्चालनका लागि आवश्यक व्यवस्था गर्ने,<br>• नेपाली श्रमिकहरु कामको लागि विश्वका जुनसुकै स्थलमा गएको भए तापनि तिनको संरक्षणका लागि भूमिका खेल्ने,<br>• श्रमिकको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रबन्धहरुलाई अनुमोदन गर्न प्रयत्न गर्ने । |
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | • मानव बेचबिखन पीडित तथा प्रभावितको शारीरिक तथा मानसिक स्वास्थ्य परीक्षण गर्ने र उपचारको प्रबन्ध मिलाउने,<br>• पीडित तथा प्रभावितलाई परामर्श सेवा प्रदान गर्ने । | • उपचार र मनोसामाजिक परामर्शको दायरा बढाउने,<br>• गम्भिर स्वास्थ्य समस्या भएका पीडितलाई पुनःस्थापना केन्द्रमा राखेर उपचार गर्ने प्रबन्ध मिलाउने । |

| | | |
|---|---|---|
| कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | • मानव बेचबिखनसम्बन्धी ऐन तर्जुमा तथा संशोधनमा सहजीकरण गर्ने,<br>• अन्तर्राष्ट्रिय प्रावधानहरुको नेपालले स्वीकार गर्ने सम्बन्धमा कानुनी सहयोग प्रदान गर्ने । | • मानव बेचबिखनका घटनालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनअर्न्तगत मात्र कारवाही अघि बढाउने व्यवस्था हुने गरी अन्य ऐनहरु समयानुकूल संशोधन गर्न मद्धत गर्ने,<br>• अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रलेख, इच्छाधिन आलेख लगायतमा भएको व्यवस्था कार्यान्वयन हुने गरी नेपालको कानुन तथा अन्य आवश्यक व्यवस्था मिलाउने सहजीकरण गर्ने । |
| महान्यायाधिवक्ताको कार्यालय | • मानव बेचबिखनको मुद्दा सरकारवादी हुने हुँदा मुद्दाको अभियोजन, बहस, पैरवी तथा प्रतिरक्षा गर्ने,<br>• सबै सरकारी वकिल कार्यालय, विशेष सरकारी वकिल कार्यालयमा बेचबिखनका मुद्दालाई महत्वका साथ अघि बढाउने वातावरण तयार गर्ने,<br>पीडितलाई न्याय दिलाउने कार्यमा सक्रियतापूर्वक लाग्ने । | • मानव बेचबिखनसम्बन्धी मुद्दाको फछ्र्यौटको दर बढाउन प्रयत्न गर्ने,<br>• पीडित, प्रभावित तथा साक्षीको संरक्षणमा भूमिका खेल्ने,<br>• पीडितको न्यायमा सहज पहुँच स्थापित गर्न प्रक्रियागत सरलीकरण गर्ने । |
| राष्ट्रिय महिला आयोग | • महिला विरुद्ध हुने हिंसा लगायत सबै प्रकारका विभेदको अन्त्यका लागि काम गर्ने,<br>• मानव बेचबिखन तथा हिंसाबाट पीडित महिलाको न्यायमा सहज पहुँच सुनिश्चित गर्ने । | • आयोगको क्षेत्राधिकार अनुसारको देशव्यापी सञ्जाल, स्रोतसाधन तथा कार्यदक्षता वृद्धि गर्ने,<br>• मानव बेचबिखन तथा ओसारपसार विरुद्ध कार्यरत अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्ने,<br>• मानव बेचबिखनसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्ने तथा सरकार समक्ष सिफारिस गर्ने । |
| नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान ब्युरो (२०७५ जेठ २७ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार स्थापना (हाल प्रहरी नियमावली, २०७१ बमोजिम सञ्चालित) भएको प्रतिवद्ध एकाई) । | • मानव बेचबिखन तथा ओसारपसारको रोकथाम, अनुसन्धान, पीडितको उद्दार र संरक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र साझेदारी गर्ने,<br>• मानव बेचबखिन नियन्त्रणमा अग्रपंक्तिमा रहेर भूमिका निर्वाह गर्ने । | • उजुरी दर्तामा सहजता ल्याउने,<br>• अनुसन्धानमा प्रभावकारिता वृद्धि गर्ने,<br>• पर्याप्त स्रोतसाधन र देशव्यापी कार्यालयको स्थापना गर्ने,<br>• अनुसन्धानमा व्यवसायिकता विकास गर्ने,<br>• एकीकृत सूचना तथा जानकारी व्यवस्थापनमा जोड दिने । |

| | | |
|---|---|---|
| अध्यागमन विभाग | • नेपालीको विदेश प्रस्थान र आगमनलाई व्यवस्थित गर्ने,<br>• विदेशीलाई नेपाल आगमन तथा फिर्ताको स्वीकृति दिने<br>• विमानस्थल मार्फत आवतजावत गर्नेको विवरण अध्यावधिक गर्ने,<br>• अवैधानिक तथा गलत उद्देश्यका आवतजावतलाई नियन्त्रण गर्ने । | • मानव बेचबिखन र ओसारपसार नियन्त्रणका लागि विशेष सजगता अपनाउने,<br>• अलेखवद्ध रुपमा सीमा वारपार गर्ने कार्यलाई व्यवस्थित गर्ने प्रणाली विकास गर्ने,<br>• विदेश आउने जानेको तथ्याङ्क एकीकृत र अध्यावधिक गर्ने,<br>• नेपालीको यात्रालाई व्यवस्थित गर्न अन्य मुलुकका समान प्रकृतिका संस्थासँग समन्वय गर्ने । |
| वैदेशिक रोजगार विभाग | • वैदेशिक रोजगारको नियमन गर्ने,<br>• श्रम स्वीकृति प्रदान गर्ने,<br>• वैदेशिक रोजगारमा ठगि नियन्त्रण गर्ने,<br>• नेपाली कामदारको गन्तव्य मुलुकमा अधिकार रक्षाका लागि विविध कार्य गर्ने,<br>• पीडित कामदारलाई न्याय प्रदान गर्ने । | • कामदारमाथि हुने श्रम शोषण तथा अन्य प्रकारका शोषण रोक्न आवश्यक कार्य गर्ने,<br>• कामदारको उद्दार तथा संरक्षणका कार्य गर्ने,<br>• निजी क्षेत्रको नियमनलाई चुस्तबनाउने,<br>• श्रम स्वीकृति लिएका कामदारको अध्यावधिक विवरण राख्ने । |
| श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | • श्रमिकका लागि सुरक्षित, मर्यादित र स्वस्थ्य कार्य वातावरणको सिर्जना गर्ने,<br>• औद्योगिक व्यवसाय र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षा गर्ने,<br>• विभेद रहित कार्यवातावरण निर्माण गर्ने,<br>• आन्तरिक श्रम बजारको व्यवस्थापन, श्रमिकको अधिकार रक्षाको कार्य गर्ने । | • आन्तरिक श्रम बजारमा रहेको श्रम शोषण, बालश्रम तथा विभिन्न प्रकारका विभेदको अन्त्य गर्ने,<br>• व्यवसायिक/औद्योगिक क्षेत्रमा हुने कामदारको कुनै पनि प्रकारका शोषणको अन्त्य गर्ने,<br>• स्वस्थ र सुरक्षित कार्य वातावरण निर्माण गर्ने,<br>• आन्तरिक श्रम बजारको नियमित अनुगमन गर्ने,<br>• बाह्य कामदारको नियमन र सुरक्षाको प्रबन्ध गर्ने । |
| महिला तथा बालबालिका विभाग | • महिला तथा बालअधिकारको संरक्षण तथा संवर्द्धन गर्ने,<br>• चेलीबेटी बेचबिखन नियन्त्रण, देह व्यापार, घरेलु हिंसा एवं महिला विरुद्ध हुने अपराध नियन्त्रणसम्बन्धी कार्य गर्ने,<br>• महिलासम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय गोष्ठि, सेमिनार र सम्मेलनको कार्य गर्ने,<br>• महिला सशक्तिकरण तथा विकास र बाल संरक्षणका कार्य गर्ने । | • तोकिएका जिम्मेवारी पूरा गर्न पर्याप्त स्रोतसाधनको व्यवस्था गर्ने,<br>• मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• देशभित्रको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष पहल कदमी लिने । |

| | | |
|---|---|---|
| कन्सुलर सेवा विभाग | • विदेशमा विभिन्न पेसा व्यवसाय गरी बसेका नेपाली नागरिकलाई आवश्यक पर्ने कानुनी सहायता, क्षतिपूर्ति, बीमा रकम दिलाउन मद्धत गर्ने,<br>• विदेशमा अलपत्र परेका नेपालीको उद्दार गर्ने,<br>• मृत्यु भएकाको शव झिकाउन सहयोग गर्ने । | • विभिन्न मुलुकमा समस्यामा परेका नेपालीको विवरण सङ्कलन गर्ने र तिनको उद्दारको लागि संयोजन गर्ने,<br>• विदेशमा अलपत्र परेका नागरिकको उद्दारका लागि स्रोतको प्रबन्ध गर्ने । |
| संसदीय समितिहरु | • मानव बेचबिखन र ओसारपसारको अवस्थाको अनुगमन गरी सरकारलाई निर्देशन दिने,<br>• बेचबिखन र ओसारपसारको अन्त्यका लागि कानुन बनाउन पहल गर्ने । | • विद्यमान कानुनको पुनरावलोकन गरी प्रभावकारी कानुन बनाउने,<br>• मानव बेचबिखन विरुद्धको अभियानमा सरकारलाई थप क्रियाशिल बनाउने । |
| प्रदेश सरकार | • विगतमा जिल्ला, अञ्चल तथा क्षेत्रीय तहमा रहेका मानव बेचबिखन विरुद्धका कार्य गर्ने संरचनाहरु प्रदेशमा गाभिएकाले प्रदेशले त्यस्ता संस्थाको क्रियाशिलता बढाउने,<br>• प्रदेशमा तर्जुमा हुने नीति, कानुन तथा कार्यक्रममा मानव बेचबिखन नियन्त्रणका व्यवस्थालाई प्राथमिकता दिने । | • मानव बेचबिखन नियन्त्रणलाई उच्च प्राथमिकता दिई नीति, कानुन, कार्यक्रम, बजेटको व्यवस्था गर्ने,<br>• प्रदेशभित्रका निकाय र स्थानीयतहसँग समन्वय गरी मानव बेचबिखनको अन्त्यका लागि सामूहिक प्रयत्न गर्ने । |
| स्थानीय सरकार | • विगतमा केन्द्र मातहत रहेका सम्वद्ध निकायहरु परिचालन गरी मानव बेचबिखन विरुद्धका कार्य गर्ने,<br>• स्थानीय नीति कानुन र कार्यक्रममा मानव बेचबिखन नियन्त्रणको विषय समावेश गरिएको । | • मानव बेचबिखन नियन्त्रणका लागि अलगै नीति, कानुन, कार्यक्रम तथा संरचनाको व्यवस्था गर्ने ।<br>• मानव बेचबिखनको रोकथाम, पीडितको संरक्षण, न्यायमा पहुँच अभिवृद्धिका लागि अग्रपंक्तिमा रहेर कार्य गर्ने । |
| सहयोगी सरकारी निकाय | | |
| वैदेशिक रोजगार न्यायाधिकरण | • वैदेशिक रोजगार सम्बन्धी मुद्दाको फैसला/किनारा गर्ने । | • न्यायाधिकरणमा पर्न आएका मुद्दाहरुको फछ्र्यौट समयमै गर्ने,<br>• मुद्दा फछ्र्यौटमा प्रक्रियागत सरलीकरण गर्ने । |
| वैदेशिक रोजगार बोर्ड | • कामदारको क्षमता अभिवृद्धि, सीप तालिम तथा सूचना प्रवाह गर्ने,<br>• कामदारको कल्याणसम्बन्धी कार्य गर्ने,<br>• अप्ठ्यारोमा परेका कामदारको उद्दार गर्ने,<br>• पुनःएकीकरणका कार्यक्रम सञ्चालन गर्ने । | • कामदारको क्षमता अभिवृद्धिमा देशव्यापी कार्यक्रम सञ्चालन गर्ने,<br>• कामदारको उद्दारका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने,<br>• गन्तव्य मुलुकमा श्रम शोषणसम्बन्धी अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने । |

| | | |
|---|---|---|
| विदेशस्थित नेपाली दूतावास तथा नियोगहरु | • उक्त देशमा रहेका नेपालीहरुको लगत राख्ने,<br>• नेपाली नागरिकको संरक्षणको व्यवस्था मिलाउने ।<br>• अप्ठ्यारोमा परेका नागरिकको उद्दार गरी स्वदेश फिर्ता गर्ने । | • उक्त देशमा रहेका नेपालीहरुको विवरण नियमित रुपमा अध्यावधिक हुने प्रणाली विकास गर्ने,<br>• समस्यामा परेका नेपालीको पहिचान, संरक्षण र घर फिर्तीमा सहयोग गर्ने ।<br>• अन्तर्राष्ट्रिय समुदायसँग समन्वय गरी नेपाली नागरिकलाई सुरक्षित राख्ने । |
| विशेष सरकारी वकिलको कार्यालय | • मुद्दाको बहस पैरवी गरी पीडितलाई न्याय दिलाउने,<br>• प्रमाणको सुरक्षा, पीडित र साक्षीको सुरक्षा गर्ने/ गराउने । | • पीडितको न्यायमा पहुँच अभिवृद्धि गर्ने,<br>• मुद्दादर्ता र वहसको कार्यलाई थप प्रभावकारी बनाउने |
| विभिन्न तहका अदालतहरु | • मुद्दाको निष्पक्ष सुनुवाइको प्रबन्ध गर्ने,<br>• पीडितलाई न्याय दिने । | • पीडितमैत्री न्याय प्रणाली विकास गर्ने,<br>• पीडितको न्यायमा सहज पहुँच स्थापित गर्ने । |
| राष्ट्रिय बाल अधिकार परिषद् | • बालबालिकाको सर्वाङ्गिण विकासमा सहयोग गर्ने,<br>• बालबालिकाको बेचबिखन र ओसारपसार विरुद्धको अभियान सञ्चालन गर्ने,<br>• जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार, संरक्षण तथा न्याय प्राप्तिमा सहयोग गर्ने,<br>• बालबालिकासम्बन्धी एकीकृत तथ्यांक विकास गर्ने । | • सबै बालबालिकासम्म संस्थागत जिम्मेवारी अनुसारको पहुँच विस्तार गर्ने ।<br>• बालअधिकार संरक्षणका लागि सबै निकायको संलग्नता बृद्धिको पहल गर्ने ।<br>• जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान, उद्दार,संरक्षण तथा न्याय प्रदान गर्न राष्ट्रव्यापी अभियान चलाउने,<br>• अन्तर्राष्ट्रिय साझेदारहरुसँग सहकार्य गर्ने । |
| गैरसरकारी संस्थाहरु | • मानव बेचबिखन विरुद्धको चेतना विस्तारको अभियान सञ्चालन गर्ने,<br>• बेचबिखनमा परेकाको पहिचान, उद्दार, संरक्षण तथा न्याय प्रदान गर्ने कार्यमा संलग्न रहने,<br>• समान उद्देश्यका संस्थासँग अन्तरदेशिय साझेदारी विकास गर्ने । | • सरकारका निकायसँग प्रभावकारी समन्वय र साझेदारी विकास,<br>• गैरसरकारी संस्थाहरु बीच सञ्जालीकरण गरी काममा हुन सक्ने दोहोरोपना हटाउने,<br>• संस्थाको क्षमता अभिवृद्धि तथा कार्यक्षेत्र विस्तार गर्ने । |
| निजी व्यवसाय | • श्रमिकलाई मर्यादित र उत्पादनशील रोजगारीको अवसर उपलब्ध गराउने ।<br>• असल श्रम सम्बन्ध विकासको प्रयत्न गर्ने,<br>• श्रमिकको सामाजिक सुरक्षामा योगदान गर्ने । | • सरकारले तोकेको मापदण्ड बमोजिमको सेवा, सुविधा प्रदान गर्ने,<br>• व्यवसाय सञ्चालनमा जनशक्ति भर्ना तथा अवकाशको प्रक्रियालाई पारदर्शी बनाउने,<br>• श्रमिकको हकहित संरक्षणका कार्यमा सकारात्मक सहयोग गर्ने । |

| | | |
|---|---|---|
| अन्तर्राष्ट्रिय संस्थाहरु | • अन्तर्राष्ट्रिय कानुन तथा प्रतिवद्धताहरु कार्यान्वयनमा ल्याउन क्रियाशिल हुने,<br>• मानव बेचबिखन नियन्त्रणका लागि विश्वव्यापी सञ्जालीकरण गर्ने,<br>• ज्ञान, प्रविधि तथा सूचनाको आदानप्रदान गर्ने,<br>• पीडितको संरक्षण तथा न्यायमा पहुँच वृद्धिमा सहकार्य गर्ने, | • अन्तर्राष्ट्रिय सहयोग र सहकार्य बढाउने,<br>• उच्च जोखिममा रहेका मुलुक तथा समुदायलाई विशेष सहयोगको प्रबन्ध गर्ने,<br>• राष्ट्रिय कानुन, संयन्त्र तथा कार्य प्रणालीलाई प्रभावकारी बनाउन प्रत्येक देशलाई सहयोग उपलब्ध गराउने । |
| नागरिक समाज | • मानव बेचबिखन विरुद्धका सूचनाहरु प्रवाह गर्ने,<br>• घटनाहरु बाहिर ल्याउन मद्धत गर्ने,<br>• पीडितको उद्दार, संरक्षण र न्याय प्रदान गर्न सहयोग गर्ने । | • मानव बेचबिखन रोक्नका लागि सामाजिक अभियान सञ्चालन गर्ने,<br>• मानव बेचबिखनसम्बन्धी घटनाहरुको जानकारी सम्बन्धित निकायमा पु¥याउने,<br>• बेचबिखन विरुद्धको राष्ट्रिय अभियानमा क्रियाशिल हुने । |

## १.८. दिगो विकास लक्ष्य र मानव बेचबिखन

दिगो विकास लक्ष्य विश्वव्यापी विकास एजेण्डा हो । नेपालले यसलाई स्थानीयकरण गर्दै आएको छ । पन्ध्रौ योजनाका अन्तरवस्तुमा यसलाई समेटिएका कारण प्रत्येक प्रदेश र स्थानीय तहले आवधिक योजनाहरु तर्जुमा गर्दा र वार्षिक योजना कार्यान्वयनमा ल्याउँदा दिगो विकास लक्ष्यका सूचकहरुलाई आन्तरिकीकरण गरी कार्यान्वयनको प्रबन्ध मिलाएका छन् । सूचकको निर्धारण, प्राथमिकीकरण र लक्ष्य तय गर्ने सवालमा स्थानीय तहहरुलाई पर्याप्त सहयोग प्राप्त हुन सकेको देखिदैन । यसले दिगो विकासले निर्धारण गरेका लक्ष्यहरु हासिल हुनमा कठिनाई सिर्जना गर्ने देखिन्छ ।

दिगो विकास लक्ष्यको लक्ष्य बुँदा नं.- ५, ८ र १६ बाध्यकारी श्रम, यौन शोषण, बाल शोषण लगायतका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित छन् । लक्ष्य-५ मा नेपालले प्रस्तुत गरेको प्रतिक्रियामा महिला र बालिका विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्यका लागि कार्यान्वयनयोग्य असल कानुन र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्ने उल्लेख छ। घरभित्र, सङ्घसंस्था तथा अन्यत्र हुने लैङ्गिक हिंसा, यौन शोषण, दुर्व्यवहार, तथा विभेदको अन्त्यमा जोड दिइएको छ। परिलक्ष्य ५.१ मा महिला तथा किशोरीहरुमाथि हुने सबैखाले विभेद सबै संस्थाबाट अन्त्य गर्ने र समान कामको लागि समान ज्याला अनुपात २०८७ सम्ममा (महिला पुरुष बराबर) ०.९२ बनाउने । परिलक्ष्य ५.२ मा निजी तथा सार्वजनिक स्थानमा सबै महिला तथा किशोरीहरुमाथिको सबैखाले हिंसाको अन्त्यको साथै बेचबिखन तथा यौनजन्य र अन्य प्रकारका शोषणको अन्त्य गर्ने । महिलाले भोग्नुपर्ने जीवनभरिको भौतिक र यौनजन्य हिंसा २८.४ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने एवं परिलक्ष्य ५.३ मा बालविवाह र जबरजस्ती विवाह तथा महिला माथिको वैवाहिक बलात्कार लगायतका अभ्यास अन्त्य गर्ने लक्ष्य लिएको छ ।

लक्ष्य-८ को सन्दर्भमा नेपालले देशमा ठूलो सङ्ख्यामा गरिब श्रमिकहरु कार्यरत रहेको तथ्य उजागर गरेको छ भने अनौपचारिक क्षेत्रमा बालश्रमको अवस्था नाजुक रहेको पनि उल्लेख गरेको छ । २०८२ सम्ममा

निकृष्ट प्रकारको बालश्रम निषेध तथा अन्त्यको सुनिश्चित गर्न तत्काल र प्रभावकारी उपायहरु अपनाउने तथा बाध्यकारी श्रमको उन्मूलन गर्ने, बालसैन्य प्रयोग तथा भर्ती लगायत सबै प्रकार र स्वरुपका बालश्रमको अन्त्य गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । जोखिमपूर्ण अवस्थामा काम गरिरहेका बालबालिका ३० प्रतिशतबाट शून्य प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ। लक्ष्य-१६ का सन्दर्भमा नेपालले महिला तथा बालबालिका विरुद्धको हिंसाको अन्त्यका लागि विशेष ध्यान केन्द्रित गर्नुपर्ने उल्लेख छ । परिलक्ष्य १६.२ मा दुरुपयोग, शोषण, बेचबिखन तथा बालबालिकाहरु माथि हुने सबै स्वरुपका हिंसा र यातना अन्त्य गर्ने लक्ष्य प्रस्तुत छ। परिलक्ष्य १६.२ मा प्रतिवर्ष एक लाख जनसङ्ख्यामा मानव बेचबिखनबाट पीडित भएका (भारत समेत) बालबालिका ६४ बाट शून्यमा झार्ने भनिएको छ । दिगो विकासको परिमाणात्मक लक्ष्य र सूचकमा मानव बेचबिखन र ओसारपसारका सम्बन्धमाः बाल विवाह, छिटो विवाह, बाध्यकारी विवाह तथा यौनिक हिंसा जस्ता गलत अभ्यासको अन्त्य गर्ने, मर्यादित कामको सुनश्चितता गर्ने, दुर्व्यवहारको अन्त्य, बालबालिकामाथिको यातना, शोषण, बेचबिखन र सबै प्रकारका हिंसा अन्त्य गर्ने, महिला तथा बालिका विरुद्ध हुने बेचबिखन तथा यौन शोषण लगायत सबै प्रकारका हिंसाको अन्त्य गर्ने समयबद्ध लक्ष्य तय गरिएको छ ।[२५]

## १.९. नीति तथा कानुन कार्यान्वयनमा रहेका समस्या

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ कार्यान्वयनमा रहेको भए तापनि यसले समेटेको मानव बेचबिखनको दायरा साँघुरो हुँदा समयक्रमसँगै यस क्षेत्रमा देखा परेका नयाँ आयामहरु समेटिन सकेका छैनन । रोकथाम, संरक्षण र न्यायको सुनिश्चितता जस्ता आधारभूत विषयमा समेत यो ऐनले अपेक्षाकृत सफलता पाउन सकेको छैन । वैदेशिक रोजगारको आवरणमा मानव बेचबिखनका घटनाहरु निरन्तर घटेका छन् तर वैदेशिक रोजगार ऐनले मानव बेचबिखनको अवधारणालाई नसमेटेकोले पीडितले न्याय पाउन सकेका छैनन् । श्रम ऐन लगायतका ऐनले नेपालभित्रको मानव बेचबिखन तथा ओसारपसारको कल्पना नगर्दा नेपालमा बढ्दै गएको आन्तरिक बेचबिखनका विषयले प्राथमिकता पाएको छैन । सम्वद्ध कानुनकाबीचमा अन्तरसम्बन्ध स्थापना गर्ने तथा पीडितलाई न्याय दिने सवालमा विद्यमान कानुनमा कमजोरी रहेका छन् । संविधानले प्रत्याभूत गरेका हकको कार्यान्वयनको अवस्था, दिगो विकास लक्ष्यतर्फ भएका प्रगति साथै नेपालले २०७६ मा पालेर्मो प्रोटोकल अनुमोदन गरेपश्चात भएका कार्यहरु र त्यसका प्रतिफलको पनि समीक्षालाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले गरेको मानव बेचबिखनको परिभाषा अहिले मुलुकमा देखिएका मानव बेचबिखनका घटना र मानव बेचबिखनको विश्वव्यापी परिभाषाको रोहमा संकुचित रहेको पाइयो । ऐनले श्रम शोषण, अनौपचारिक यौन व्यवसाय, वैदेशिक रोजगारको आवरणमा हुने गरेको मानव बेचबिखन तथा तस्करी, आन्तरिक बजारको बढ्दो मानव बेचबिखन, वयस्क मनोरञ्जन क्षेत्र, नक्कली विवाह आदि जस्ता मानव बेचबिखनसम्बन्धी क्रियाकलापलाई समेटन सकेको छैन ।
- मानव बेचबिखन नियन्त्रण सम्बन्धमा बनेको कानुन कार्यान्वयनमा आएको लामो समय भै सक्दा पनि परिवर्तित परिवेश अनुसार समस्याको सम्बोधन हुने गरी ऐनको संशोधन हुन सकेको छैन ।

२५ पन्धौं योजना, आर्थिक बर्ष २०७६/७७ २०८०/८१, राष्ट्रिय योजना आयोग ।

यद्दपी पार्लेमो प्रोटोकल २००० लाई नेपाल सरकारले अनुमोदन गरेको छ तर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लाई पार्लेमो प्रोटोकल अनुरुप परिमार्जन गरेको छैन ।

- नेपालले मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रिय महासन्धि, अनुबन्ध आदिहरु अनुमोदन गरेको छ । सन्धि ऐन, २०४७ अनुसार त्यसरी अनुमोदन गरिएका अन्तर्राष्ट्रिय व्यवस्थाहरु नेपालको लागि कानुनसरह लागु हुने व्यवस्था छ । अनुमोदन गरिएका व्यवस्थाहरु कार्यान्वयन गर्न पारस्परिक बहुपक्षिय र द्विपक्षिय सम्झौताको आवश्यकता पर्दछ । त्यसतर्फ नेपालको प्रगति न्यून रहेको छ । जसका कारणले विदेशमा बेचबिखनमा परेका नेपाली नागरिकको न्यायमा पहुँच स्थापित गराउन सकेको छैन ।

- मानव बेचबिखनको प्रभाव नेपालमा वृद्धि हुदै गएको छ । विभिन्न प्रकृति र आयामका बेचबिखनहरु बढ्दै गएका छन् । यस्ता समस्याहरुसँग जुध्नको लागि मानव बेचबिखन सम्बन्धी बृहत राष्ट्रिय नीतिको अभाव देखिएको छ ।

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनले स्थापित गर्न खोजेको मानव बेचबिखनको दायरालाई वैदेशिक रोजगार ऐनमा भएको व्यवस्थाले अंगीकार गर्न सकेको छैन । यसरी आधारभूत परिभाषामा नै भिन्नता देखिंदा मानव बेचबिखन नियन्त्रणमा जटिलता थपिएको छ ।

- मानव बेचबिखनको सम्बन्धमा पर्याप्त अध्ययन, अनुसन्धान र एकीकृत सूचना, जानकारी तथा तथ्यांक उपलब्ध नहुँदा मानव बेचबिखन नियन्त्रणमा कार्यान्वयन योग्य नीति, कानुन तथा कार्यक्रमहरु तर्जुमा हुन सकेको सकेको छैन ।

- मानव बेचबिखनको लागि सरकारका सबै निकाय र पुरै समाज क्रियाशिल हुनु पर्दछ तर मानव बेचबिखनका क्षेत्रमा क्रियाशिल सरकारी निकायकाबिच पनि भरपर्दो समन्वय स्थापित हुन सकेको छैन । भने यस क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्था र सरकारका निकायबिचको समन्वय र सहकार्य पनि कमजोर देखिएको छ ।

- नेपालमा नयाँ संविधान जारी भएपछिको राज्य संरचना बमोजिमको कानुनी व्यवस्था, संरचनाको निर्माण आदिमा सामञ्जस्यता कायम गर्न सकिएको छैन । यसले गर्दा विगतमा मानव बेचबिखन नियन्त्रणमा संलग्न निकायको भूमिका पनि अन्यौलमा पर्दा स्थानीयस्तरसम्म बेचबिखन बढ्न सक्ने जोखिम देखिन्छ ।

- मानव बेचबिखन विरुद्धको १० वर्षे कार्ययोजना तथा विभिन्न नीतिगत, कानुनी, कार्यक्रमिक व्यवस्था र अभ्यासलाई हेर्दा समीक्षा गर्दा मानव बेचबिखनको दीर्घकालीन समाधानभन्दा पनि नेपालमा तत्काल घटित घटना तथा समस्यालाई सम्बोधन गर्ने तथा पीडितलाई तत्कालिन राहत प्रदान गर्नेतर्फ मात्र केन्द्रित भएको पाइन्छ ।

- मानव बेचबिखनका पीडित तथा प्रभावितको वास्तविक अर्थमा संरक्षण: पुन:स्थापना, पुन:एकीकरण, जीविकोपार्जन तथा निर्धक्क भएर सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माणको विश्वासनिय आधार बन्न सकेको छैन ।

- मानव बेचबिखनममा संलग्न भएका व्यक्तिलाई कानुनको दायरामा ल्याउने कार्यमा अपेक्षित उपलब्धि हासिल हुन नसक्दा पीडित असुरक्षित हुने र पीडकहरुले बेचबिखनका गतिविधि अझ बढाउने जोखिम रहेको छ ।
- वैदेशिक रोजगारमा विद्यमान ठगि, शोषण, हिंसा र जोखिमले त्यहाँ उल्लेख्य मात्रामा मानव बेचबिखनका घटना भएको पुष्टि हुन्छ । तर त्यस्ता क्रियाकलापमा संलग्न व्यक्तिलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार मुद्दा नचलाई वैदेशिक रोजगार ऐन, २०६४ अनुसार मुद्दा चलाउँदा मानव बेचबिखनको अभियुक्त सामान्य सजाय भोगेर उन्मुक्ति पाउने अवस्था छ ।
- वैदेशिक रोजगारका लागी नेपालीहरु विशेष गरी महिलाहरुको विदेशी नागरिकसँग नक्कली विवाह हुने प्रवृत्ति बढ्दै गएको अवस्था छ । जसले विदेशमा नेपाली महिला तथा किशोरीहरुको यौन शोषण तथा श्रम शोषण बढाएको छ । त्यस्ता गतिविधिहरुको नियमित अनुगमन र नियन्त्रणमा सरकारको भूमिका देखिंदैन ।
- इट्टाभट्टमा बस्ने पाँचदेखि सत्रवर्ष उमेर समुहका कुल बालबालिकाहरु मध्य ४९ प्रतिशत बालबालिकाहरु बालश्रममा रहेको एक अध्ययन प्रतिवेदनबाट देखिन्छ । साथै यस अध्ययन ले इट्टाभट्टमा काम गने ' मध्ये ४ प्रतिशत व्यक्तिहरु बाध्यकारी श्रम र ०.७ प्रतिशत बँधुवा मजदूरको रुपमा काम गरेको दे खाएको छ । पार्लेमो प्रोटोकलको परिभाषामा बालश्रम , बाध्यकारी श्रम तथा बँधुवा मजदूर जस्ता कार्यहरुलाई मानव बेचबिखन सम्वन्धी अपराधमा राखेको छ । जसले गर्दा इट्टाभट्टमा मानव बेचबिखन तथा ओसारपसारको उच्च जोखिम रहेको देखिन्छ । [२६]

## १.१०. संरचनागत सुधार

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नका लागि नेपाल सरकारले कार्यान्वयनमा ल्याएका कानुन र नेपालले अन्तर्राष्ट्रिय समुदायमा गरेको प्रतिबद्धता पुरा गर्नका लागि विद्यमान संरचनाहरु पर्याप्त भएको नभएको समीक्षा गरिनु आवश्यक छ । मानव बेचबिखन नियन्त्रणमा खट्ने नेपाल प्रहरीको पनि प्रतिबद्ध विभाग तथा कार्यालयहरु जोखिम क्षेत्रहरुमा हुनु पर्नेमा सो हुन सकेको छैन । सम्बन्धित सरकारी निकायहरुमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक पर्ने जनशक्ति, तालिम तथा स्रोत साधनको व्यवस्था मिलाउन सकेमा मात्र कानुनको कार्यान्वयनमा प्रभावकारिता आउने छ ।

२६ ईंट्टा उद्योगमा रोजगारको सम्बन्ध : एक सर्वेक्षण, डिसेम्बर २०२० , नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्द्रिय तथ्याङ्क विभाग, अर्न्तराष्ट्रिय श्रम संगठन र युनिसेफको संयुक्त अध्ययन प्रतिवेदन ।

# परिच्छेद-५

# नेपालमा मानव बेचबिखनबाट पीडित तथा प्रभावितको मानव अधिकार तथा न्यायमा पहुँचको अवस्था

## १. मानव बेचबिखनबाट पीडित तथा प्रभावितको मानव अधिकारको अवस्था :

मुख्यत : नेपालमा मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुले सुरक्षाको अनुभति नगरेकोले धेरै मानव बेचबिखनका घटनाहरुको प्रहरीमा जाहेरी दर्ता गर्न नमानेको अवस्था छ । साथै नेपालमा मानव बेचबिखनबारे यकीन तथ्याङ्क उपलब्ध छैन । नेपाल प्रहरीमा केवल मानव बेचखिन पीडित तथा प्रभावितले मन्जुरी दिएर मात्र मानव बेचबिखनको मुद्दा दर्ताको तथ्याङ्क रहेको छ ।

नेपाल प्रहरीले दुई बर्ष आ.ब. २०७६/७७ र २०७७/७८ मा दायर भएका मानव बेचबिखन सम्बन्धी मुद्दाका पीडितको संख्या निम्न बमोजिम रहेको छ ।

| आ.ब. | मुद्दा संख्या | पीडित संख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | बालक (१८ बर्ष मूनिका) | बालिका (१८ बर्ष मूनिका) |
| २०७६/७७ | १३६ | ११९ | ११ | ४ | ७१ |
| [१०]२०७७/२०७८ | १३४ | १०४ | ३ | १ | ७९ |
| जम्मा पीडितसंख्या : ३९२ जना | | | | | |

*स्रोत : नेपाल प्रहरी मााव बेचबिखन अनुसनधान व्यूरो ।*

आ.ब. २०७६/७७ मा नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरोमा दर्ता भएको मानव बेचबिखन सम्बन्धी मुद्वामा २०५ जना व्यक्तिहरु मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको देखिन्छ । जसमा ११९ जना महिला, ११ जना पुरुष, ४ जना बालक र ७१ जना बालिका रहेका छन् । यस्तै आ.ब. २०७७/७८ मा नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरोमा दर्ता भएको १३४ वटा मानव बेचबिखन सम्बन्धी मुद्वामा १८७ जना व्यक्रिहरु मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएको देखिन्छ । जसमा १०४ जना महिला ३ जना पुरुष १ जना बालक र ७९ जना बालिका रहेका छन् ।

यस्तै नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान व्यूरोमा आन्तरिक रुपमा (नेपालभित्र) भएका मानव बेचबिखन सम्बन्धी मुद्वाका पीडितहरुमा आ.ब. २०७६/७७ मा महिला ८१ जना, ५ जना पुरुष र ३५ जना बालिका गरी १२१ जना रहेका छन् । आ.ब. ब.२०७७/७८ मा ७७ जना महिला, १ जना पुरुष र ३५जना बालिका रहेको देखाएको छ ।[२७]

जिल्ला सरकारी वकिलको कार्यालयहरुमा बहस पैरवी भईरहेको मानव बेचबिखन सम्बन्धी अपराधको

२७ नेपाल प्रहरी मानव बेचबिखन अनुसन्धान व्यूरो

मुद्धाका पीडित एवं प्रभावितहरुमा आ.ब. २०७६/७७ को रेकर्ड अनुसार महिला १७३ जना र बालबालिका ७१ जना[२८] र आ.ब. २०७७/७८ मा मानव बेचबिखन मुद्दामा पीडित महिला संख्या १७२ र पीडित बालबालिका ३०[२९] गरी जम्मा ३४५ महिला र १०१ जना बालबालिका रहेको देखिन्छ ।

मानव बेचबिखन एक गम्भीर अपराध तथा सागठनिक अन्तराष्ट्रिय अपराधको रुपमा मात्र नभई यसबाट पीडितहरु आधारभूत मानव अधिकारको प्राप्तिबाट वञ्चित रहेका हुन्छन् । मानव बेचबिखनमा मुख्यत : क) मानिसहरुको स्वतन्त्रता तथा व्यक्तिको सुरक्षाको अधिकार, ख )बाँच्नपाउने अधिकार, ग) दासता तथा श्रम शोषण विरुद्वको अधिकार, घ) यातना, ऋुर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्वको अधिकार, ङ) लैङ्गिक हिंसा विरुद्वको अधिकार, च )आवतजावत गर्न पाउने अधिकार, छ) स्वास्थ्य सम्बन्धी अधिकार, ज) सूरक्षित वातावरणमा काम गर्न पाउने अधिकार, ज) पारिवारिक पुर्नमिलनको अधिकार झ) सामाजिक सुरक्षाको अधिकार ञ) यौन शोषणबाट संरक्षित हुन पाउने अधिकार ट) सुरक्षित वासस्थानको अधिकार ठ) बालबालिकाको हकमा विशेष संरक्षणका अधिकार ड) स्वदेश फिर्ती सम्बन्धी अधिकार ढ) सङ्गठन सम्बन्धी अधिकार आदि ।

मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर फौजदारी अपराधबाट पीडितहरुले शारीरिक, मानसिक, भावनात्मक र आर्थिक क्षति व्यहोरेका हुन्छन् । जसले गर्दा उनीहरु राज्यबाट प्रदत्त मानव अधिकार तथा सर्वमान्य रुपमा तोकिएका विश्वव्यापी मानव अधिकारको उपभोगबाट बञ्चित भई आवाज विहीन भएका हुन्छन् । यस्ता आवाज विहीन अपराध पीडितहरुले आफू उपर भएको अपराधमा सवुद संकलन र मुद्दा प्रतिरक्षा गर्न सक्दैनन् । फलस्वरुप पीडकलाई अपराध बमोजिमको सजाय दिलाई समाजमा मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधलाई रोकी नागरिक तथा पीडितलाई न्याय दिलाउन जरुरी हुन्छ ।

नेपालले अनुमोदन गरेको मानव बेचबिखन सम्बन्धी आलेख(पार्लेमो प्रोटोकल)२००० को परिभाषामा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरुको समग्र मानव अधिकार हनन हुने कुरालाई उजागार गरेको छ । मानव बेचविखन तथा ओसारपसारको कार्य अनैच्छिक र शोषणपूर्ण र मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरु आफूले भोग्नुपर्ने जीवनप्रति अनभिज्ञ हुन्छन् । साथै मानव बेचबिखन तथा ओसारपसारमा परेकाहरुलाई बल प्रयोग गरी वा त्रासमा पारी मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरुको माग पूरा गर्न बाध्य पारिन्छ, पीडितलाई सांस्कृतिक, भाषिक रुपमा एक्लाई शारीरिक चुनौतीपूर्ण वातावरणमा राखिन्छ र कानूनी पहिचान र न्यायमाथिको पहुँचबाट टाढा पुर्‍याइन्छ । मानव बेचबिखन तथा ओसारपसारबाट पीडितको अन्तर्निहित मानव स्वतन्त्रताको हनन हुन्छ ।[३०]

राष्ट्रिय मानव अधिकार आयोगबाट यो प्रतिवेदन तयार पार्दा सम्मको अवस्थामा प्राप्त भएका नेपालमा

२८ महान्याधिवक्ताको बार्षिक प्रतिवेदन,आ.ब. २०७६ र ७७

२९ महान्याधिबक्ताको बार्षिक प्रतिवेदन, आ.ब. २०७७ र ७८

३० आयोगको अनुगमन तथा पीडित/प्रभावितहरुसागको प्रत्यक्ष अन्तर्वार्ताबाट प्राप्त तथ्यको विश्लेषणबाट । (गोपनीयताको कारण पीडितहरुको नाम खुलाइएको छैन)

मानव बेचबिखन सम्बन्धी घटनाहरुलाई केलाउँदा मानव बेचविखनबाट पीडितहरु तथा प्रभावितहरु मानव बेचबिखन तथा ओसारपसारमा संलग्नहरुका कारणले सही सूचना प्राप्त गर्नबाट बञ्चित भएको देखिन्छ । आन्तरिक वा बाहयरुपमा मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्तिहरु शारिरीक तथा मानसिक रुपमा शोषित भएका हुन्छन् । उनीहरुलाई प्रभावमा, प्रलोभनमा, गुमराहमा पारी एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउने, धम्की दिने, महिला तथा बालिकाहरुलाई यौन दुर्व्यवहार तथा यौन शोषण गर्ने, श्रम शोषण गर्ने, बन्धक बनाउने, अपहरण शैलीमा ओसारपसार गर्ने, बाध्यरुपमा काममा लगाउने, बेचबिखन गर्ने, काम गरेको तलब नदिने र दिएतामा तोकिए बमोजिमको तलब नदिने, कामका कुनै शर्तहरु नहुने, अत्यधिक समय काम गर्नुपर्ने, स्वास्थ्य तथा खानामा समस्या पार्ने, परिवारलाई सम्पर्कगर्न नदिने, कुटपीट गर्ने, मानसिक दवाव दिने, वैदेशिक रोजगारका नाममा गएकालाई सहजरुपमा स्वदेश फिर्ति हुनबाट समस्यामा पार्ने एवं हिंसामा परेको मुद्दामा सम्बन्धित मुलुकबाट संवेदनशिलरुपमा नहेर्ने, बालबालिकालाई अध्ययनको नाममा परिवारकै मन्जूरीले ओसारपसार गर्नेआदि कार्यहरु भएका छन् । मानव बेचविखन तथा ओसारपसारबाट पीडितहरु तथा प्रभावितहरुको निम्न बमोजिमको मानव अधिकार उपभोग गर्नबाट बञ्चित भएका हुन्छन् :

१. सम्मानपूर्वक बाँच्न पाउने अधिकार

२. आत्मसम्मानको अधिकार

३. स्वतन्त्रताको अधिकार

४. विचार र अभिव्यक्तिको स्वतन्त्रता,

५. आवात जावत गर्ने स्वतन्त्रता

६. पेसा, रोजगार छान्न पाउने अधिकार

७. मानसिक तथा शारीरिक हिंसा विरुद्धको अधिकार

८. जवरजस्ती श्रम विरुद्धको अधिकार

९. दुर्व्यवहार र अपमानजनक व्यवहार विरुद्धको अधिकार

१०. पर्याप्त र उचित खाना, आवास, औषाधोपचारको अधिकार

११. न्यायिक र कानूनी उपचार सम्बन्धी अधिकार

१२. स्वदेश फिर्ती सम्बन्धी अधिकार

१३. यौन हिंसा विरुद्धको अधिकार

१४. प्रजनन सम्बन्धी अधिकार

१५. दासता तथा श्रम शोषण विरुद्धको अधिकार,

१६. आवतजावत गर्न पाउने अधिकार,

१७. सूरक्षित वातावरणमा काम गर्न पाउने अधिकार,

१८. पारिवारिक पुर्नमिलनको अधिकार

१९. सामाजिक सुरक्षाको अधिकार

२०. सुरक्षित वासस्थानको अधिकार

२१. बालबालिकाको हकमा विशेष संरक्षणका अधिकार

## २. मानव बेचबिखनबाट पीडित र प्रभावितहरु विरुद्ध हुने मानव अधिकार हनन् तथा शोषण

क. सम्मानपूर्वक बाँच्न नपाउने(पीडितमाथि अरुको नियन्त्रण रहने, तथा नियन्त्रणमा गर्ने व्यक्ति तथा समुहले पीडितलाई निम्नस्तरको व्यवहार गर्ने),

ख. व्यक्तिगत स्वतन्त्रताको उपभोगबाट बञ्चित गर्ने(बेचबिखनमा परेका व्यक्तिले व्यक्तिगत स्वतन्त्रताको उपभोग गर्न पाएको हुँदैन । विचार र अभिव्यक्तिको स्वतन्त्रता, आवात जावत गर्ने स्वतन्त्रता र पेसा, रोजगार छान्न पाउने जस्ता स्वतन्त्रताबाट उनीहरु बञ्चित भएका हुन्छन् ।

ग. लैङ्गिक, मानसिक तथा शारीरिक हिंसामा पर्ने( बेचबिखनमा परेका अधिकांश महिलाहरुमाथि यौनहिंसा हुने गरेको पाइन्छ । बेचबिखनका पीडितहरुमाथि कुटपीट लगायतका शारीरिक हिंसा र त्रासमा राखिने वा धम्कीको प्रयोग गरिने हुँदा मानसिक हिंसा पनि उनीहरुमाथि हुने गर्दछ ।)

घ. दुर्व्यवहार र अपमानजनक व्यवहार हुने (मानव बेचबखिनमा परेका व्यक्तिहरु कुटपीटबाट र अपमानजनक व्यवहारबाट पीडित भएका हुन्छन् । उनीहरु पर्याप्त र उचित खाना, आवास, औषधोपचारबाट बञ्चित गर्ने र शाब्दिक ज्यादती वा बेइज्जत गर्ने थुनेर राख्ने (बन्धक बनाउने), जवरजस्ती एक देशबाट अर्को देशमा स्थानान्तरण गर्ने, आदि दुर्व्यवहारहरुको जोखिममा पर्दछन्)

ङ. आर्थिक, शारीरिक तथा श्रम शोषण हुने( बेचबिखनका पीडतसँग सुरुमा भर्ना गर्ने वा स्थानान्तरण गर्ने बेलामा रकम असुली गर्ने, उनीहरुलाई गन्तव्यमा पुगेपछि कामको पारिश्रमिक नदिने, तोकिएभन्दा बढी घण्टा वा जोखिमपूर्ण काममा लगाउने गर्दछन् ।

च. जवरजस्ती श्रम वा बँधुवा मजदूरको अवस्था जोखिम पर्ने(बेचबिखनका पीडितलाई उनीहरुको ईच्छा बिपरीत र उनीहरुले नचाहेको काममा लगाउने गरिन्छ ।

छ. व्यवसायजन्य असुरक्षा र स्वास्थ्य जोखिममा पर्ने(बेचविखनका पीडितलाई उनीहरुको इच्छा बिपरीत र उनीहरुले नचाहेको काममा लगाउने गरिन्छ ।)

ज. आधारभूत आवश्यकता पूर्ति गर्नबाट बञ्चित(बेचबिखनका पीडितहरुलाई उचित खानपान र आवास उपलब्ध नगराइने जोखिम रहन्छ) ।

झ. मानसिक तनावको अवस्था सामना गर्नुपर्ने(आफूमाथि भएको झुक्याहट र ज्यादतीका कारण बेचबिखनका पीडितहरुमा मनोसामाजिक र मानसिक स्वास्थ्य समस्या हुने गर्दछ।)

ञ. न्यायिक र कानूनी उपचार न्यायमा पहुँच नपाउने(बेचबिखनका पीडितमाथि खरीदकर्ताको नियन्त्रण हुने र ती खरीदकर्ताको पहुँच र प्रभाव प्रायः ज्यादै ठूलो हुने भएको कारण बेचबिखनका पीडितहरुले न्यायिक र कानूनी उपचारमा पहुँच प्राप्त गर्नज्यादै कठिन भएको छ ।)

ट. स्वदेश र आफनो घर फर्कन नपाउने( बेचबिखनमा परेकाहरु सहजै नियन्त्रणमुक्त भई आफ्नो घर फर्कन सक्दैनन् ।)

यस्तै मानव बेचविखनका पीडित र प्रभावितहरुको मानव अधिकार हनन हुने चरणहरुमा :

क. स्थानान्तरणको पूर्व : बेचबिखनको आशयले लैजाने ऋममा धम्की, अपहरण, शारीरिक तथा यौन हिंसा जस्ता कार्यहरु हुन सक्छन् ।

ख. स्थानान्तरणको ऋममा : बेचबिखनको उद्देश्यले ओसारपसार गर्नेऋममा धम्की, अपहरण,परिचयपत्र जफत गर्ने, आर्थिक शोषण तथा यौनजन्य हिंसा र गन्तव्यमा पुर्‍याइनु भन्दा अघि पटकपटक बेचबिखनमा पर्नु जस्ता जोखिम अवस्थामा पर्ने सम्भावना रहन्छ ।

ग. गन्तव्यमा : बेचबिखनका लागि गन्तव्यमा पुरयाइएपछि पीडितलाई नियन्त्रणमा लिने, लैङ्गिक, मानसिक तथा शारिरीक हिंसामा पर्ने, आर्थिक, शारीरिक तथा श्रम शोषण हुने, जवरजस्ती श्रम वा बँधुवा मजदूरको अवस्थामा पर्ने लगायत विभिन्न शोषण, दुर्व्यवहार एवं अमानवीय व्यवहारहरु हुने गर्दछन् ।

घ. उद्धारका ऋममा : बेचबिखनका पीडित र प्रभावितलाई उद्धार गर्ने ऋममा ती पीडित र प्रभावितहरुमाथि नियन्त्रण कायम राख्नेहरुबाट हमला, असुरक्षा र ज्यादतीपूर्ण व्यवहारका अलावा सुरक्षाकर्मी तथा सरोकारवाला समेतबाट विभिन्न किसिमका दुर्व्यवहार तथा न्यूनतम आधारभूत मानव अधिकारको उल्लंघन हुन सक्छ । विदेशमा बेचबिखनबाट पीडितहरुलाई नै उल्टै राज्यका निकायले अध्यागमन वा अन्य कानुन उल्लंघन गरेका भन्ने नाममा स्वदेश आइपुगेपछि नियन्त्रणमा लिने र सजाय गर्ने गरेको पाइन्छ ।

ङ. पुनःस्थापना र पुनःमिलनको चरण : प्रभावित खासगरी महिलालाई पुनः मिलन गराउँदा समाज तथा घरपरिवारले स्वीकार नगर्ने, दुर्व्यवहार गर्ने, विगतमा भएको घटनालाई बारम्बार दोहोर्‍याएर लाञ्छना लगाउने आदि गर्ने गरेको पाइन्छ ।

यस्तै नेपालमा वा नेपालबाट हुने मानव बेचबिखनका प्रमुख कारणहरुमा गरिबी र बेरोजगारी, लैंगिक विभेद र हिंसा, न्यून सामाजिक मर्यादा र हेयको दृष्टिकोण, पारिवारीक बिचलन र विमेल, ईच्छा विपरीत गरिने विवाह, शहरमुखी बसाईसराई, उपभोगवादी चलन, कमजोर सरकारी नियमन, मानिस खरीद गर्नेहरुको तर्फबाट माग बढ्नु र वैदेशिक रोजगारीमा जानेहरुको अस्वच्छ र गैरकानूनी श्रमिक भर्ना, अभ्यास र सुरक्षित आप्रवासन सम्बन्धी सूचना र सेवामा पहुँचको कमी रहेका छन् ।

मानव बेचबिखनबाट पीडित तथा प्रभावित सम्बन्धी ४ वटा प्रतिनिधिमुलक घटना अध्ययन तपसिलमा उल्लेख गरिएको छ । उक्त घटनाहरुका सम्बन्धमा आयोगबाट अनुगमन तथा अनुसन्धान गरी मानव अधिकारको दृष्टिकोणबाट नीतिगतरुपमा सिफरिश गर्ने निर्णय भएको छ ।

# तपसिल

**घटना न ं.१**

सीमा(नाम परिवर्तन तथा ठेगाना गोप्य राखिएको)को नाजुक आर्थिक अवस्थाको कारण देखाई वैदेशिक रोजगार प्रलोभनमा पीडक पक्षले उनीलाई नेपाल भारतको सीमानाकाबाट भारतको दिल्लि-श्रीलंकाको कोलम्बो-कतारको दोहा-हुँदै घरेलु कामदारको रुपमा कुवेत पुर्‍याएको थियो । निज सीमा कुवेत पुगि सकेपछि कुवेतमा घर मालिकबाट शारीरीक मानसिक यातना लगायतका हिंसाबाट प्रताडित भएको भनी लुकेर मोबाइल मार्फत आफनो श्रीमानलाई जानकारी गराइन् । श्रीमानले नजिकैको ईलाका प्रहरी कार्यालय तथा प्रशासन कार्यालयमा श्रीमतिको स्वदेश फिर्ति र वैदेशिक रोजगारका लगी लग्ने व्यक्ति विरुद्ध निवेदन दिए । तर सीमाको उद्धार गर्ने कार्यमा ढिलाई हुनुका साथै सो अवधीमा पीडकबाट सीमाका परिवारलाई धम्की आएको र स्थानीय प्रहरी र प्रशासनबाट घटनाको प्रभावकारी रुपमा छानवीन नगरेको, पीडकबाटै स्वदेश फिर्तिका लागी केही रकम दिई कागज गराउँदा समेत सीमाको समयमा उद्धार हुन सकेन । पछि सीमा लाई राष्ट्रिय मानव अधिकार आयोग समेतको पहलमा नेपाली दूतावासबाट उद्धार गरी स्वदेश फिर्ति गराइएको थियो । तर निज पीडित सीमा स्वदेश फर्किसकेपछि उनले आफू उपर भएको हिंसा तथा अपराधका बारेमा सम्बन्धित निकायहरुमा जान नसकेको कारण न्यायिक उपचारको अधिकार तथा मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराधबाट पीडितको मानव अधिकारको गम्भीर उल्लंघनमा परिपूरणको अधिकारबाट सीमा वञ्चित भएकी छिन् ।

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन*

**घटना नं. २ :**

नीता(नाम परिवर्तन)लाई पीडकले बैदेशिक मुलुक कतारमा अस्पतालमा काममा लगाइदिन्छु र राम्रो कमाई हुने भनी प्रलोभनमा पारेको र पीडकले आफैं नीताको पासपोर्ट तथा भिषा बनाउने कार्य गरेको थियो । यसरी उनलाई पीडकपक्षकै पहलमा श्रम स्वीकृति नगराई र बैदेशिक रोजगार विभागमा समेत दर्ता नगराई वैदेशिक रोजगारको लागि वैदेशिक मुलुक दुवई पुर्‍यायो । दुवईमा नीतालाई २८ दिन बन्धक बनाई स्थलमार्ग हुँदै ओमन पुर्‍यायो । दुवईमा उनी बन्धकमा हुँदा स्वदेश फिर्तिका लागी पीडकहरुसँग हार गुहार माग गर्दा उल्टै उनलाई पीडकपक्षले धम्की समेत दिई कुवेतबाट स्थलमार्ग हादै ओमन पुर्‍याएर ओमनमा एक मेनपावर कम्पनीलाई जिम्मा लगाए । उक्त मेनपावर कम्पनबिाट नीताको ईच्छा विपरित ओमनको एक घरमा घरेलु कामदारको रुपमा राखे । उक्त घरमा नीतालाई घर मालिकबाट खानलगाउन नदिने, धेरै समय काममा लगाउने, कुटपीट गर्ने, यौन दुर्व्यवहार गर्ने, घरपरिवारसँग सम्पर्क गर्न नदिने, काम गरे वापतको तलब माग्दा तलब नदिई किनेको भनी घर फर्कन समेत बञ्चित गर्ने कार्य भएको थियो । उनका श्रीमानले नीतालाई फकाई फुल्याई विदेश पुरयाउने व्यक्ति विरुद्ध प्रहरीमा जाहेरी दिएका थिए र सम्मानित जिल्ला अदालतमा मानव बेचविखन सम्बन्धी मुद्धा समेत चलिरहेको थियो । यता पीडित नीताको स्वदेश फिर्तीका लागी पहल भैरहेको थियो । उनलाई स्वदेश फिर्ति गर्ने क्रममा नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, कन्सुलर विभाग र ओमन स्थित दूतावासले पहल गरेको थियो । उद्धार हुने क्रममा नीता काम गर्ने मालिकले १५०० रियालमा २ बर्षका लागी मेन पावर कम्पनीसँग सम्झौता गरी किनेको र उक्त पैसा असूल नभएसम्म फिर्ता गर्न नमिल्ने भनी उक्त घर मालिकले ईन्कार गरेकोले निज पीडितलाई स्वदेश फिर्ता गर्न गाह्रो भएको जानकारी आयोगमा प्राप्त भएको थियो ।

नीता उद्धार भएर स्वदेश फिर्ती हुनुभन्दा अगाडी नै सम्मानित जिल्ला अदालतबाट पीडक भनिएका व्यक्तिले सफाई पाएपछि उनी पुनरावेदन गर्न नसकेको भनी बताईन् । उनलाई विभिन्न धम्की आएकोले आफू पुनरावेदन गर्न जान नसकेको बताएकी थिइन् । साथै उनी स्वदेश फिर्ति बाहेक कुनै पनि सहयोग प्राप्त नगरेको भन्ने समेत बताइन् ।

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन*

**घटना नं. ३**

१६ बर्षकी एक बालिकालाई आफन्त नाता पर्ने एक महिलाले ६ महिनादेखी काठमाण्डौमा जागिर लगाइदिन्छु भनी ललाई फकाई काठमाण्डौ जाउँ भनी रु.५००/- समेत गाडी भाडा दिई उनै आफन्त महिलाको चिनेजानेकै आफन्त अर्की महिलाको काठमाण्डौ स्थित एक घरमा पठाइन् । ति महिलाले भोलिपल्ट बिहान एक जना अपरिचित पुरुष व्यक्तिसँग जबरजस्ती जा भनी हातमा समाएर माइक्रोबसमा राखीदिइन् । ति अपरिचित पूरुषले माइक्रोबसमा राखी काठमाण्डौको विभिन्न शहरी ईलाकाहरुमा पुर्‍याउनुका साथै शरीरको संवेदनशील अंगहरुमा छुने समाउने जस्ता कार्यहरु गर्‍यो । ति अपरिचित व्यक्तिले चकलेट खान दिएकोमा बेहोस अवस्थामा पीडितलाई पुन : ति महिलाको कोठामा(बासस्थान) पुर्‍याए । यता ति बालिकाको घर परिवारले सोधखोज गरी प्रहरीमा खोजतलासका लागी पहल गरे । यो कुरा थाहा पाएर पीडक पक्षले बालिकालाई ति आफन्त महिलाको माईती घर लगेर धम्काउने काम गरे । त्यसपछि बालिकालाई प्रहरी कार्यालयमा उपस्थित गराई बालिकाको परिवारको जिम्मा लगाए । पीडित बालिकाका परिवारले पीडक विरुद्व जिल्ला प्रहरी कार्यालयमा मानव बेचविखन विरद्वको मुद्दा दर्ता गर्न जाँदा उजुरी दर्ता नभई पीडित र पीडकपक्षबीच छलफल गराइएको, र जाहेरी दर्ता गराउँदा अधिकारकर्मीहरु र प्रहरीहरुबीच भनाभन भएको, जाहेरी दर्ता हुन नसकेको भन्ने आयोगमा जानकारी प्राप्त भएको थियो । उक्त घटना पछि पीडित आफनो परिवार र समाजमा बसी अध्ययन गर्न नसकेकोले बालिका एक गैर सरकारी संस्थाको पुर्नस्थापना गृहमा बसी अध्ययन गरेको पाइएको थियो ।

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन*

**घटना नं. ४**

एक १२ बर्षकी नाबालिकालाई चिनेजानेको एक पुरुषले ललाई फकाई भारतको दिल्लिको एक होटेलमा लगी राखेको अवस्थामा नयाँ दिल्लीस्थित प्रहरीले ति नाबालिकालाई उद्धार गरी एक बाल गृहको संरक्षकत्वमा राख्यो । बालिकालाई दिल्लि पुर्‍याउने पुरुषलाई पक्राउ गरी भारतको दिल्लिस्थित अदालतकै आदेशले पीडकलाई थुनामा राखी अपहरण र यौन शोषण सम्बन्धी मुद्वा चलिरहेको थियो । बालिका भारतको दिल्लिको एक बाल गृहमा रहेको र उनको ठेगाना पनि स्पष्ट नखुलेको, बालिका घर जान निरन्तर ईच्छा गरेकोले शक्ति समूहलाई उक्त बाल गृहले बालिकाको घरसम्म पुर्‍याउनका लागि जिम्मा दियो । जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु तथा शक्ति समूहको विशेष समन्वयमा निज बालिकाको वास्तविक घर ठेगाना पत्ता लगाई निज बालिकालाई निजको भिनाजु मार्फत घरमा आमासँग भेट गराएको थियो ।

बालिकालाई भारतबाट स्थलमार्ग हुँदै नेपाल ल्याउने क्रममा नेपाल भारत सीमामा रहेको सीमावर्ती जिल्ला बाँके नेपालगञ्जको जिल्ला प्रशासन कार्यालयले परिवारसँग पुर्नमिलन र पुर्नएकीकरणका लागी शक्ति समूह नेपालको प्रतिनिधिलाई जिम्मामा लगायो । सो क्रममा बालिकालाई पारिवारिक पुर्नमिलन गराउने क्रममा कपिलवस्तु जिल्ला प्रहरी कार्यालय र महिला तथा बालबालिका सेवा केन्द्र, कपिलवस्तुले समेत निज बालिकाको हालको अवस्था, मानसिक अवस्था, शारिरिक अवस्था तथा घटना विवरण नबुझी बालिकालाई निजकै भिनाजु नाता पर्नेलाई जिम्मा दिई पठायो । तत्पश्चात् बालिकाको नयाँ दिल्लीस्थित अदालतमा मुद्दाको सुनुवाईको क्रममा शक्ति समूह नेपालले नै समन्वय गरी लैजाने र ल्याउने गरेको थियो । निज बालिकाको परिवारको आर्थिक अवस्था निकै नाजुक एवं संरक्षक नभएको तथा हाल आफै १३/१४ बर्षको उमेर रहेको र निज आफै असुरक्षित भएको कारण र उनको मुद्दाको सुनुवाई हुने क्रममा नियमित भारतको नयाँ दिल्ली ओहोर दोहोर गर्न कठिनाई भएकोले उनको सहजताको लागि उनी पुनः दिल्लीको प्रयास बाल गृहमा रहेको रहनुपर्‍यो ।

*स्रोत : राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन*

## ३. पीडितको न्यायमा पहुँच

मानव बेचबिखन तथा ओसारपसार गम्भिर अपराध भएको र यसको प्रभाव नेपालमा फैलदै गएको छ । मानव बेचबिखनमा परेका व्यक्तिहरुको पहिचान हुन नसक्दा न्याय प्रक्रियामा असर पुगेको छ । साथै पीडकको त्रास सधै रहि रहने हुँदा पीडितले सधै असुरक्षाको महसुस गर्ने, परिवार तथा समाजमा पनि सकारात्मक धारणा बनाउन सजिलो नहुने, आयआर्जनका अवसरको अभावमा सामान्य जीवनयापन गर्नको लागि पनि कठिनाई हुने आदि विभिन्न कारणले गर्दा एक पटकको पीडित सधैको पीडित भइरहनुपर्ने अवस्था विद्यमान छ । पीडकको पहिचान गर्न झनै कठिन हुने गर्दछ । एउटै घटनामा धेरै अभियुक्तहरु संलग्न हुने हुँदा मुख्य अभियुक्त को हो भन्नेमा पीडित दोधारमा पर्नु, आफुले आरोप लगाउँदा पीडकले आफुलाई पछिसम्म दुःख दिने डरले यथार्थ बोल्न डराउनु, पीडक नजिकको आफन्त हुँदा पारिवारिक तथा सामाजिक दबाब पर्नु, पीडकले सजाय पाउँछ भन्नेमा पीडितलाई त्यति धेरै विश्वास नहुनु, पीडितले पीडक नै नचिन्नु आदि विभिन्न कारणले अभियुक्तको पहिचान निकै कठिन हुने गर्दछ। यसले गर्दा न्याय दिनका लागि पहिलो खुड्किलो पीडित तथा पिडकको पहिचान नै सहज देखिंदैन । समस्यामा परेका व्यक्तिको पहिचान, उद्दार, संरक्षण, पुर्नमिलन, पुनःस्थापना र न्याय प्रदान गर्ने कार्य निकै जटिल हुन्छ। यसको लागि विशेष प्रयत्न, प्रतिवद्धता, प्रविधि, विशेषज्ञता र स्रोत साधनको आवश्यकता पर्ने गर्दछ ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार कार्यलाई अपराधको रुपमा स्वीकार गरी सोही बमोजिम कानुनी व्यवस्था गरिएका छन्। मानव बेचबिखनका जति घटना घट्छन् त्यसको थोरै प्रतिशत मात्र प्रहरीमा जाहेरी दर्ता भएका हुन्छन् र दर्ता भएकामध्ये केहि मात्र न्याय प्राप्तिको औपचारिक प्रक्रियामा प्रवेश गर्दछन् । घटनाहरु दर्ता हुनु र न्याय पाउनुमा समाजमा चेतनाकोस्तर, कानुनी कार्यान्वयनको पर्याप्तता, संलग्न निकायको सक्षमता तथा क्रियाशिलता, सामाजिक तथा आर्थिक परिवेशले प्रभाव पार्दछ। नेपालमा उल्लेखित विषयमा केही अपर्याप्तता तथा कमजोरी भएका कारणले मानव बेचबिखनबाट पीडित/प्रभावितको न्याय सम्मको पहुँच पुग्न सकेको छैन । यसको पुष्टि बाहिर आएका घटनाहरुमा पीडितले छिटो छरितो ढङ्गबाट न्याय पाउन नसकेको घटनाले गर्दछ ।

### दर्ता गरिएका मुद्दाको सङ्ख्या, प्रकृति, त्यसको फछ्र्यौटको अवस्था

**महान्याधिवक्ताको कार्यालयबाट आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ मा सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाहरुको विवरण**

**तालिका ३.१. आ.ब. २०७६/७७ मा महान्यायधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहसपैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाहरुको विवरण :**

| मुद्दाको नाम | लगत मुद्दा (आ.व. अनुसार) | | | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५।२०७६ | २०७६।२०७७ | जम्मा | कसूर ठहर तथा दावी | सफाई तथा दाबी नपुग्ने | मुल्तबी अन्य | जम्मा | |
| मानव बेचबिखन | १४६ | ५५ | २०१ | २१ | १८ | ० | ३९ | १६२ |
| वैदेशिक रोजगार | ५२५ | १९० | ७१५ | १८ | २६ | ० | ४४ | ६७१ |

*स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७६/०७७*

तालिका ३.१.: महान्यायाधिवक्ताको कार्यालयबाट आ.ब. २०७६/०७७मा मानव बेचबिखनका अघिल्लो आर्थिक बर्षको लगत मुद्दा समेत गरी २०१ मुद्दामा बहस पैरवी र प्रतिरक्षा गरेको देखिन्छ। जम्मा बेचबिखनका मुद्दामा २१ वटामा कसूर ठहर तथा दाबी पुगेको, १८ वटामा सफाई तथा दाबी नपुग्ने भनी ३९ वटा मुद्दाको फर्छौट तथा मानव बेचबिखनका बाँकी मुद्दा १६२ वटा रहेका छन्। मानव बेचबिखनका मुद्दा मध्ये १०.४ प्रतिशतको कसूर ठहर भएको, ८.९ प्रतिशत दाबी नपुग्नेसमेत गरी जम्मा ३९वटा मुद्दा अर्थात १९.४ प्रतिशत मुद्दा मात्र फछ्र्यौट भएको पाईयो। त्यस्तै वैदेशिक रोजगारका आ.ब. २०७६/७७ मा अघिल्लो आर्थिक बर्षको मुद्दा समेत गरी जम्मा ७१५ वटा मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा भएको देखिन्छ। जम्मा बैदेशिक रोजगारका मुद्दामा १८ वटामा कसुर ठहर तथा दावी पुगेको, २६ वटा मुद्दामा सफाई तथा दावी नपुग्ने जसमा ४४ वटा मात्र बैदेशिक रोजगारका मुद्दाहरुको फर्छौट भएको तथा ६७१ वटा मुद्दा बाँकी रहेका छन्। आ.ब.२०७६/७७मा बैदेशिक रोजगारका ७१५ मुद्दा मध्ये २.५१ प्रतिशतको कसुर ठहर भएको, ३.६३ प्रतिशत सफाई तथा दावी नपुग्ने समेत गरी जम्मा ४४ अर्थात ६.१५ मुद्दा मात्र फर्छौट भएको पाइयो।

**तालिका ३.२. आ.ब. २०७७/७८ मा सर्वोच्च अदालतमा बहसपैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाहरुको विवरण :**

| मुद्दाको नाम | लगत मुद्दा (आ.व. अनुसार) | | | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६।२०७७ | २०७७।२०७८ | जम्मा | कसूर ठहर तथा दावी | सफाई तथा दाबी नपुग्ने | मुल्तबी अन्य | जम्मा | |
| मानव बेचबिखन | १६२ | ३९ | २०१ | २७ | ३० | ० | ५७ | १४४ |
| वैदेशिक रोजगार | ६७१ | ६७ | ७३८ | १८० | २६३ | ० | ४४३ | २९५ |

*स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७७/७८*

तालिका-३.२. मा महान्यायाधिवक्ताको कार्यालयबाट आ.ब. २०७७/७८मा मानव बेचबिखनका अघिल्लो आर्थिक बर्षको लगत मुद्दा समेत गरी २०१ मुद्दामा बहस पैरवी र प्रतिरक्षा गरेको देखिन्छ। जम्मा बेचबिखनका मुद्दामा २७ वटामा कसूर ठहर तथा दाबी पुगेको, ३० वटामा सफाई तथा दाबी नपुग्ने भनी ५७ वटा मुद्दाको फर्छौट तथा मानव बेचबिखनका बाँकी मुद्दा १४४ वटा रहेका छन्। मानव बेचबिखनका मुद्दा मध्ये १३.४३ प्रतिशतको कसूर ठहर भएको, १४.९२ प्रतिशत दाबी नपुग्नेसमेत गरी जम्मा ५७ वटा मुद्दा अर्थात २८.३५ प्रतिशत मुद्दा मात्र फछ्र्यौट भएको पाईयो। त्यस्तै वैदेशिक रोजगारका आ.ब. २०७७/७८ मा अघिल्लो आर्थिक बर्षको मुद्दा समेत गरी जम्मा ७३८ वटा मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा भएको देखिन्छ। जम्मा बैदेशिक रोजगारका मुद्दामा १८० वटामा कसुर ठहर तथा दावी पुगेको, २६३ वटा मुद्दामा सफाई तथा दावी नपुग्ने जसमा ४४३ वटा मात्र बैदेशिक रोजगारका मुद्दाहरुको फर्छौट भएको तथा २९५ वटा मुद्दा बाँकी रहेका छन्। आ.ब.२०७७/७८मा बैदेशिक रोजगारका ७३८ मुद्दा मध्ये २४.३९ प्रतिशतको कसुर ठहर भएको, ३५.६३ प्रतिशत सफाई तथा दावी नपुग्ने समेत गरी जम्मा ४४३ अर्थात ६०.०२ मुद्वा फर्छौट भएको देखिन्छ।

यसरी यसरी आ.व. २०७६/७७ र आ.ब. २०७७/७८मा महान्यायधिवक्ताको कार्यालयबाट बहसपैरवी भएका मानव बेचविखनका ४०२ वटा मुद्दामध्ये ९६ वटा अर्थात् २३.८८ प्रतिशत मुद्दा मात्र फर्छौट भएको

देखिन्छ । फर्छ्यौट भएका मुद्दा मध्ये ४८ वटा मुद्दामा अर्थात ५० प्रतिशत मुद्दामा कसूर ठहर तथा ४८ वटा मुद्दामा अर्थात ५० प्रतिशत मुद्दामा सफाई तथा दावी नपुग्ने गरी फैसला भएको देखिन्छ ।

आ.व. २०७६/७७ र आ.ब. २०७७/७८मा महान्याधिवक्ताको कार्यालयबाट बैदेशिक रोजगारका १४५३ वटा मुद्दामध्ये ४८७ वटा अर्थात् ३३.५१ प्रतिशत मुद्दा मात्र फर्छ्योट भएको देखिन्छ । फर्छ्यौट भएका मुद्दा मध्ये १९८ वटा मुद्दामा अर्थात ४०.६५ प्रतिशत मुद्दामा कसूर ठहर तथा २८९ वटा मुद्दामा अर्थात ५९.३४ प्रतिशत मुद्दामा सफाई तथा दावी नपुग्ने गरी फैसला भएको देखिन्छ ।

**आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ मा उच्च सरकारी वकिलको कार्यालयबाट बहसपैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाको लगत :**

**तालिका ३.३. आ.ब. २०७६/७७ मा उच्च सरकारी वकिलको कार्यालयबाट बहसपैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाहरुको विवरण :**

| मुद्दाको नाम | लगत मुद्दा (आ.व. अनुसार) | | | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | २०७५।२०७६ | २०७६।२०७७ | जम्मा | कसूर ठहर तथा दाबी | सफाई तथा दाबी नपुग्ने | मुल्तबी अन्य | जम्मा | |
| मानव बेचबिखन | १५५ | १७१ | ३२६ | ६२ | ११९ | ० | १८१ | १४५ |

*स्रोतः महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७६/०७७*

**यस तालिकामा** उच्च सरकारी वकिलको कार्यालयबाट बहस पैरवी गरिएका विषयगत मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण प्रस्तुत गरिएको छ । उच्च सरकारी वकिलको कार्यालयबाट मानव बेचबिखनसम्बन्धी अघिल्लो आर्थिक वर्षको लगत मुद्दा समेत गरी जम्मा ३२६ वटा मुद्दामा बहस पैरवी भएका मध्ये १८१ वटा मुद्दाको अर्थात ५५.५१ प्रतिशत मुद्दा फछ्र्यौट भएका देखिन्छ । फछ्र्यौट भएका मुद्दामध्ये ६२ वटा मुद्दामा अर्थात ३४.२५ प्रतिशत मुद्दामा कसूर ठहर भएको र ११९ वटा मुद्दामा अर्थात ६५.७४ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ । यसरी उच्च सरकारी वकिलको कार्यालयले बहस पैरवी गरेका अधिकांश मुद्दामा अभियुक्त विरुद्धको दाबी नपुग्ने फैसला भएको देखिन्छ ।

**तालिका ३.४. : आ.ब. २०७७/७८मा उच्च सरकारी वकिलको कार्यालयबाट बहसपैरवी र प्रतिरक्षा गरिएका मानव बेचबिखन मुद्दाहरुको विवरण :**

| मुद्दाको नाम | लगत मुद्दा (आ.व. अनुसार) | | | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| | २०७६।२०७७ | २०७७।२०७८ | जम्मा | कसूर ठहर तथा दाबी | सफाई तथा दाबी नपुग्ने | मुल्तबी अन्य | जम्मा | |
| मानव बेचबिखन | १४४ | १४७ | २९१ | ४९ | ८२ | ० | १३१ | १६० |

*स्रोतःमहान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७७।२०७८*

**यस तालिकामा** उच्च सरकारी वकिलको कार्यालयबाट मानव बेचबिखनसम्बन्धी अघिल्लो आर्थिक वर्षको लगत मुद्दा समेत गरी जम्मा २९१ वटा मुद्दामा बहस पैरवी भएका मध्ये १३१ वटा मुद्दाको अर्थात ६८.५८ प्रतिशत मुद्दा फछ्र्यौट भएका देखिन्छ। फछ्र्यौट भएका मुद्दामध्ये ४९ वटा मुद्दामा अर्थात ३७.४० प्रतिशत मुद्दामा कसूर ठहर भएको र ८२ वटा मुद्दामा अर्थात ६२.५९ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ। यसरी उच्च सरकारी वकिलको कार्यालयले बहस पैरवी गरेका अधिकांश मुद्दामा अभियुक्त विरुद्धको दाबी नपुग्ने फैसला भएको देखिन्छ।

यसरी आ.व. २०७६/७७ र आ.ब. २०७७/७८मा उच्च सरकारी वकिलको कार्यालयबाट बहसपैरवी भएका मानव बेचविखनका ६१७ वटा मुद्दामध्ये ३१२ वटा अर्थात् ५०.५६ प्रतिशत मुद्दा मात्र फर्छ्योट भएको देखिन्छ। फर्छ्योट भएका मुद्दा मध्ये १११ वटा मुद्दामा अर्थात ३५.५७ प्रतिशत मुद्दामा कसूर ठहर तथा २०१ वटा मुद्दामा अर्थात ६४.४२ प्रतिशत मुद्दामा सफाई तथा दावी नपुग्ने गरी फैसला भएको देखिन्छ।

**तालिका ३.५. आ.ब. २०७६/७७ र आ.ब. २०७७/७८ मा जिल्ला सरकारी वकिलको कार्यालयहरुबाट बहस, पैरवी, प्रतिरक्षा भएका मानव बेचबिखन सम्बन्धी मुद्दाहरुको विवरण :**

| (आ.व. अनुसार) | लगत मुद्दा | फछ्र्यौट | | | | बाँकी |
|---|---|---|---|---|---|---|
| | | कसूर ठहर तथा दाबी | सफाई तथा दाबी नपुग्ने | मुल्तबी अन्य | जम्मा | |
| २०७६/२०७७ | ३८५ | ८८ | ४६ | ३ | १३७ | २४८ |
| २०७७/२०७८ | ३७५ | | ८७ | २ | १६१ | २१४ |

*स्रोत: महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७६।२०७७ र २०७७/७८*

**यस तालिकामा** जिल्ला सरकारी वकिलको कार्यालयहरुबाट मानव बेचबिखनसम्बन्धी आर्थिक वर्ष २०७६/७७ मा लगत मुद्दा समेत गरी जम्मा ३८५वटा मुद्दामा बहस पैरवी भएका मध्ये १३७ वटा मुद्दाको अर्थात ३५.५८ प्रतिशत मुद्दा फछ्र्यौट भएका देखिन्छ। फछ्र्यौट भएका मुद्दामध्ये ८८ वटा मुद्दामा अर्थात ६४.२३ प्रतिशत मुद्दामा कसूर ठहर भएको र ४६ वटा मुद्दामा अर्थात ३३.५ प्रतिशत मुद्दामा सफाई पाएको देखिन्छ चने ३ वटा मुद्दामा (२.१ प्रतिशत) मुद्दाको मुल्तवी भएको देखिन्छ।

जिल्ला सरकारी वकिलको कार्यालयहरुबाट आ.ब. २०७७/७८ मा मानव बेचबिखन सम्बन्धी लगत मुद्दा समेत गरी जम्मा ३७५ वटा मुद्दामा बहस पैरवी भएकोमा १६१ वटा मुद्दाको फर्छ्योट भएको देखिन्छ। फर्छ्योट भएका मुद्दामध्ये ७२ वटा(४४.७ प्रतिशत) मुद्दामा कसूर ठहर भएको र ८७ वटा मुद्दामा(५४ प्रतिशत) मुद्दामा सफाई पाएको देखिन्छ।

यसरी दुवै आर्थिक बर्ष(आ.ब.२०७६/७७ र २०७७/७८मा) मानव बेचबिखन सम्बन्धी जम्मा ७६० वटा मुद्दामा जिल्ला सरकारी वकिलको कार्यालयहरुबाट बहस पैरवी भएकोमा जम्मा २९८ वटा (३९.६ प्रतिशत) मुद्दाको फर्छ्योट भएको देखिन्छ। फर्छ्योट भएका मुद्दा मध्ये १६० वटा मुद्दामा अर्थात् ५३.६९ प्रतिशत मुद्दामा कसूर ठहर भएको र १३३ वटा मुद्दामा(४४.६ प्रतिशत) मुल्तवी भएको देखिन्छ।

## ४. पुन: स्थापना केन्द्र

मानव बेचबिखनबाट पीडित व्यक्तिहरुलाई राख्नका लागि पुन:स्थापना केन्द्र सञ्चालनमा छन्। यसले पीडितहरुको सुरक्षा र न्याय प्रदान गर्न सहजता प्रदान गर्ने गरेको छ। सरकारी निकायहरुको रेखदेखमा विभिन्न गैरसरकारी संस्थाहरुले देशका विभिन्न स्थानमा पीडितलाई राख्ने गरी पुन:स्थापना केन्द्र सञ्चालनमा ल्याएको छ।

**तालिका ४.१ : पुन:स्थापना केन्द्रको विवरण**

| क्र.सं. | पुन:स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | पुन:स्थापना केन्द्र व्यवस्थापन करार गर्ने संस्था | क्षेत्राधिकारका जिल्लाहरू |
|---|---|---|---|
| १. | झापा | माइती नेपाल | ताप्लेजुङ, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर। |
| २. | सिन्धुपाल्चोक | शक्ति समूह | सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा। |
| ३. | काठमाडौँ | ए.बी.सी. नेपाल | रसुवा, नुवाकोट, धादिङ, सोलुखुम्बु, भक्तपुर, काठमाडौँ, ललितपुर, ओखलढुङ्गा, खोटाङ। |
| ४. | पर्सा | माइती नेपाल | बारा, रौतहट, पर्सा, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर, सिराहा, सप्तरी। |
| ५. | चितवन | आदर्श नारी विकास केन्द्र | चितवन, मनाङ, मुस्ताङ, तनहुँ, लमजुङ, गोर्खा, मकवानपुर। |
| ६. | रुपन्देही | माइती नेपाल | गुल्मी, अर्घाखाँची, रूपन्देही, कपिलवस्तु, पाल्पा, स्याङजा, नवलपरासी, म्याग्दी, बागलुङ, पर्वत। |
| ७. | बाँके | साथी | सल्यान, बर्दिया, बाँके, जाजरकोट, हुम्ला, जुम्ला, मुगु, डोल्पा, रूकुम, रोल्पा, दाङ, प्यूठान। |
| ८. | कैलाली | सिर्जनशील समाज | दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ्ग, कैलाली, कञ्चनपुर, बाजुरा, अछाम, डोटी, दैलेख, कालीकोट। |
| ९. | कास्की | थ्रीएन्जेल्स | बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश। |
| १०. | सुर्खेत | आवाज | कालीकोट, दैलेख, बर्दिया, सुर्खेत |

*स्रोत : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा*

# परिच्छेद-छ

# निष्कर्ष तथा सिफारिस

## १. निष्कर्ष

**(क) नेपालमा मानव बेचबिखनको अवस्था**

नेपालमा पछिल्लो समयमा आन्तरिक बजारमा नै मानव बेचबिखनको सञ्जाल फैलदै गएको पाइएको छ। विगतमा स्रोत मुलुकको रुपमा मात्र रहेको नेपाल अहिले गन्तव्य र मार्ग मुलुकको रुपमा विकास भएको छ। यसले मानव बेचबिखनको उच्च जोखिमतर्फ मुलुक धकेलिएको सङ्केत गर्दछ। श्रम शोषण, वेश्यावृत्ति, विदेश पठाउने, अङ्ग झिक्ने, विवाह आदि जस्ता विभिन्न उद्देश्यका लागि मानव बेचबिखन हुने गरे तापनि नेपालमा मूलत यौन शोषणका लागि मानव बेचबिखन हुने गरेको देखिन्छ। वैदेशिक रोजगारको आवरणमा ठूलो सङ्ख्यामा मानव बेचबिखन हुने गरेको छ। मनोरञ्जनको क्षेत्र, बाध्यात्मक श्रम आदि जस्ता नयाँ अभ्यासहरु बढ्दै गएको देखिन्छ। मानव बेचबिखनको एकीकृत तथ्यांक पाउन निकै कठिन छ। साथै प्राप्त तथ्यांकमा दोहोरोपना हुनु र विवरण खण्डीकृत पनि नहुनुले मानव बेचबिखनबाट पीडित तथा प्रभावितहरुको पहिचान गर्न नसकिएको देखिन्छ।

**मानव बेचबिखनको जोखिममा रहेका नागरिक**

नेपालमा मानव बेचबिखनको समस्या गम्भिर भए तापनि जोखिममा रहेका व्यक्तिहरुको तथ्यांक सङ्कलन र अध्यावधिक गर्ने प्रणाली विकास भएको छैन। मानव बेचबिखन नियन्त्रणका लागी क्रियाशिल गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय संस्थाहरु र नागरिक समाजले आआफ्नै ढंगबाट मानव बेचबिखन नियन्त्रणमा प्रयासहरु सफल गरेका पाइएको छ। नेपाल प्रहरीले मानव बेचबिखनका घटनाको विवरण राख्ने गरेको छ तर त्यहाँ उपलब्ध हुने तथ्यांकलाई अन्तिम मान्न सकिने अवस्था छैन। मानव बेचबिखन तथा ओसार पसारका पीडित/प्रभावितहरुलाई विभिन्न गैरसरकारी संस्थाहरुले उद्धार गरेका, प्रहरी आफैंले उद्धार गरेका घटनाहरुमा धेरैजसो घटनाहरु प्रहरीमा दर्ता हुँदैनन्। नेपाल प्रहरीले राख्ने गरेको तथ्यांक, सञ्चार माध्यममा आउने घटनाहरु, बेचबिखनका मुद्दा, वैदेशिक रोजगारीमा रहेकाको समस्या विश्लेषणका प्रतिवेदनहरु, अन्तर्राष्ट्रिय सङ्घ संस्थाका समीक्षा र गैरसरकारी सङ्घसंस्थाका विवरणहरु आदिलाई आधार मान्दा नेपालमा मानव बेचबिखनको जोखिम अवस्थामा अति विपन्न, निरक्षर, दुर्गम भेगमा बसोबास गर्ने अवसरबाट वञ्चित समुदाय, दीर्घरोगी तथा अशक्तका परिवार, सामाजिक विभेदमा परेको समुदाय र असुरक्षित वैदेशिक रोजगारमा रहेका व्यक्ति र विशेषगरी महिला तथा किशोरीहरु रहेका छन्। विद्यमान कोभिड १९ को संकटले आर्थिक र सामाजिक संरचनामा पिछडिएको वर्गका महिला, किशोरीहरु तथा बालबालिकाहरु

मानवबेचबिखनको जोखिम अवस्थामा रहेका छन् । यस्तै परिवेश र उपलब्ध तथ्यको आधारमा नेपालमा जोखिममा रहेका नागरिकको सङ्ख्या आंकलन गरिएको छ ।

### बेचबिखनको जोखिममा रहेकाको सङ्ख्या[३१]

| क्र.सं. | जोखिममा रहेका समुदाय | सम्वद्ध जनसङ्ख्याको आकार | जोखिममा रहेकाको अनुमानित प्रतिशत | जोखिममा रहेको जनसङ्ख्या |
|---|---|---|---|---|
| १. | विपन्न | ५१०००००० | १७ | ५१०००० |
| २. | निरक्षर | ४२०००००० | १५ | ५०४००० |
| ३. | पिछडिएको वर्ग (दलित, सीमान्तकृत लोपोन्मुख) | ६००००००० | १५ | ९००००० |
| **जम्मा** | | | | **१९१४०००** |

नेपालमा ठूलो सङ्ख्यामा नागरिकहरु मानव बेचबिखनको जोखिममा छन् । व्यक्तिमा रहेका कमजोरीको फाइदा उठाउदै बेचबिखनकर्ताले मानिसलाई विभिन्न प्रलोभनमा वा बाध्यतामा पारी बेचबिखन गर्ने सम्भावना देखिन्छ । नेपालमा करिब १९ लाख मानिस मानव बेचबिखनको जोखिममा छन् । त्यस्ता व्यक्तिहरुको संरक्षणमा सरकारले विशेष योजना बनाई कार्यान्वयन गर्नु आवश्यक छ । सरकार र समग्र नागरिक समाजको संलग्नता र सक्रियताले नागरिकको सुरक्षा सुनिश्चितता प्रदान गर्न सक्छ ।

### बेचबिखनमा परेकाको अनुमानित सङ्ख्या

विभिन्न स्रोतबाट मानब बेचबिखनमा परेकाको विवरण प्राप्त भए तापनि मानव बेचबिखनमा परेकाको ठूलो सङ्ख्या जानकारीमा आउन नै सकेको छैन । विवरण राख्न नसकिएको अवस्था, सिमानाकाहरु व्यवस्थित नहुँदा विवरणको जानकारी नै नहुने, धेरै निकायले काम गर्दै आएका तर एकीकृत विवरण तयार पार्ने निकाय नभएको सन्दर्भमा विभिन्न स्रोतबाट प्राप्त विवरणहरु विगतको अनुभव समेतको आधारमा मानव बेचबिखनमा परेकाको सङ्ख्या अनुमान गर्ने प्रयत्न भएको छ । यसरी गरिएका अनुमान कति यथार्थपरक हुन सक्छ त्यसमा प्रशस्त प्रश्न गर्ने ठाउँ रहन्छ । तर बेचबिखनमा परेकाको प्राप्त केही विवरण र विगतको अनुभव समेतको आधारमा नेपालमा मानव बेचबिखनमा परेकाको विवरणको प्रक्षेपण गर्दा सान्दर्भिक नै हुने देखिन्छ ।

३१ जनसंख्या सम्बन्धी तथ्यांक (तथ्यांक विभाग, यसको आवधिक पक्षेपणहरु) समेतको आधार । गरिबीको पतिशत, शिक्षा विभागको निरक्षरताको पतिशत आदि समेतको आधारमा उक्त वर्गमा कति जनसंख्या छन् भनेर निकालिएको । साथै माथिको अध्ययन र उपलब्ध विवरण तथा मानव बेचबिखन सम्बन्धी विगतका पतिवेदन, पहरी तथा गैससका विवरण समेतको आधारमा के कति पतिशत जोखिममा छन् भनि औसत र विगतको टेण्डको आधारमा स्वः विश्लेषण गरी पक्षेपण गरिएको हो ।

**बेचबिखनमा परेकाको अनुमानित सङ्ख्या[३२]**

| क.सं. | बेचबिखनमा पर्ने क्षेत्र | सम्बद्ध जनसङ्ख्याको अनुमानित आकार | बेचबिखनमा परेकाको अनुमानित प्रतिशत | बेचबिखनमा परेकाको सङ्ख्या |
|---|---|---|---|---|
| १. | वयस्क मनोरञ्जनको क्षेत्र (गैर सरकारी संस्थाहरुबाट प्राप्त तथ्यांकको आधारमा) | ५०००० | १५ | ७५०० |
| २. | समस्यापूर्ण वैदेशिक रोजगारका क्रममा शोषणमा रहेका | १५०००० | १.५ | २२५० |
| ३. | निकृष्ट प्रकारका बालश्रम | ३०००० | १० | ३००० |
| ४. | हराएका व्यक्ति महिला तथा बालवालिका | ७५०० | ८ | ६०० |
| ५ | प्रहरी तथा अदालतमा चलिरहेको मुद्दा संख्या | ४५० | १०० | ४५० |
| ६ | सिमानाका अनुगमन, पुर्नस्थापना केन्द्र मार्फत सेवा, आन्तरीक बेचविखन तथा ओसारपसार, पुर्नस्थापना गृह मार्फत सेवा | ५२१०० | ५० | २६५०० |
| **जम्मा** | | **१६४००५०** | | **४०३००** |

गएको दुई आर्थिक बर्षको अवधिमा करिब ४०३०० चालिस हजार तिनसय व्यक्ति मानव बेचबिखनमा परेको अनुमान गर्न सकिन्छ । बेचबिखनका बदलिँदो आयाम फैलँदो स्वरुपले यसमा थप सतर्कता अपनाउनुपर्ने आवश्यकता स्पष्ट देखिएको छ । बेचबिखनमा परेकाको उद्दार र संरक्षण तथा तिनको उचित व्यवस्थापन र यस्ता कार्यमा संलग्न हुने आपराधिक गिरोहलाई निरुत्साहित गर्नेतर्फ पनि सबै पक्षको ध्यान जानु आवश्यक छ।

**(ख) मानव बेचबिखन विरुद्धका नीतिगत र संरचनागत व्यवस्था, विभिन्न निकायको भूमिका तथा उत्तरदायित्व**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण तथा रोकथामका) लागी नेपालल नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थाहरु गरेको छ। मानव बेचबिखन(नियन्त्रण तथा रोकथाम)सम्बन्धी विशेष ऐन कार्यान्वयनमा छ । नेपालको संविधानमा समेत मानव अधिकारको सुनिश्चितता र मानव बेचबिखन जस्ता अपराधको नियन्त्रणका विषय समावेश गरिएको छ। मुलुकको पन्धौं योजना, प्रदेश सरकारका योजना, स्थानीय तहका आवधिक योजनामा पनि मानव अधिकार तथा र मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा उल्लेख गरेको छ । दिगो विकास लक्ष्यलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आन्तरिकीकरण गरी कार्यान्वयनमा ल्याएको हुँदा मानव बेचबिखनको सवाललाई सबै तहका सरकारले विशेष महत्व दिएको देखिन्छ। तर मानव बेचबिखन रोक्नका लागि गरिएका कार्यक्रमहरु भने पर्याप्त छैनन् जसले गर्दा मानव बेचबिखनको क्रम नेपालमा क्रमशः बढ्दै गएको छ ।

नेपालले पालेर्मो प्रोटोकल अनुमोदन गरी नेपाल सरकार गृह मन्त्रालयबाट त्यसको कार्यायोजना बनाएको अवस्था छ। संयुक्त राष्ट्रसङ्घीय महासन्धी अनुगमन समितिबाट प्राप्त समापन टिप्पणी, विश्वव्यापी आवधिक

---

३२ नेपाल प्रहरी, मानव बेचबिखन अनुसन्धान ब्यूरो, राष्ट्रिय बाल अधिकार परिषद्का । प्रतिवेदनहरु, विभिन्न संस्थाले गरेका अध्ययन, यसै प्रतिवेदनका विभिन्न सुचना तथा तथ्यांक तालिकाबाट प्रतिशत प्रक्षेपण गरी राखिएको हो ।

समिक्षाका सिफारिस, विशेष प्रतिवेदन कार्यान्वयनको सिफारिस आदि कार्यान्वयनका लागि मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयले संयोजन गर्नुले मानव बेचबिखन विरुद्धको कार्यलाई नेपालले विशेष महत्व दिएको देखिन्छ । मानव बेचबिखन विरुद्धका मुद्दाहरु सरकारवादी हुने भएता पनि पूर्ण न्यायमा पीडितहरुको पहुँच पुग्न सकेको छैन । अदालतमा मुद्दाहरु बढदै गएको देखिन्छ तर विभिन्न तहका अदालतमा रहेका मानव बेचबिखनका मुद्दाको फर्छ्यौट दर समग्रमा निकै कम देखिन्छ । पीडित तथा प्रभावितलाई उपलब्ध गराइने सुरक्षा, उनीहरुको जीविकोपार्जनमा सहयोग र सामाजिक एकीकरणका क्षेत्रमा कम मात्र प्रयासहरु भएका छन् । साक्षीको सुरक्षा र पीडितको न्यायमा कम उपलब्धि भएकाले मानव बेचबिखनको क्रम नेपालमा बढ्दै गएको पाउन सकिन्छ । विभिन्न निकायबाट प्रयत्नहरु हुँदै आएका छन् तर एकीकृत र पर्याप्त प्रयत्नको अभावमा मानव बेचबिखनका घटनाहरु बढ्दै गएका छन् ।

**(ग) कोभिड १९ को महामारीले मानव बेचबिखनमा पारेको प्रभाव**

कोभिड महामारिले गम्भिर स्वास्थ्य संकट ल्यायो । यसका कारण भएका बन्दाबन्दी तथा त्रासदीले सामाजिक र आर्थिक गतिविधिहरु नराम्रोसंग प्रभावित हुन पुगे । अनौपचारिक क्षेत्रमा कार्यरत लाखौं श्रमिकको रोजगारी गुम्यो । संगठिन क्षेत्रमा कार्यरत श्रमिकमा पनि करार र ज्यालादारीमा रहेका प्रायः कामदारको रोजगारी गुम्न पुग्यो । कोभिड-१९को महामारीका कारण आम्दानी र रोजगारी गुम्ने व्यक्तिहरु प्राय न्यून आय भएका वा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरु मानव बेचबिखनको जोखिम अवस्थामा रहेका छन् । महामारिको कारण अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको आम्दानी गुमेका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिएको सामाजिक सुरक्षा तथा सहयोग पर्याप्त नभएको अवस्थामा मानव बेचबिखनमा सक्रिय गिरोहले त्यस्ता व्यक्तिलाई प्रलोभनमा पारि बेचविबखन गर्न सक्ने जोखिम बढेको छ ।

## २. सिफारिस

यस प्रतिवेदनबाट मानव बेचबिखनको अवस्था, भइरहेका प्रयास, पीडितको अवस्था, सरोकारवालाको प्रयास र चासो समेतको समीक्षा गरी यसको नियन्त्रण र पीडितलाई न्याय प्रदान गर्ने सम्बन्धमा सम्बद्ध निकायले चाल्नु पर्ने नीतिगत, कानुनी, संरचनागत र प्रक्रियागत विषयका सुझावहरु समेटी नेपाल सरकारलाई कार्यान्वयनका लागि निम्न लिखित सिफारिसहरु गरिएको छ ।

**क) संघीय सरकार**

- मानव बेचबिखन र विशेष गरी महिला र बालबालिकामा हुने बेचबिखन रोक्न संयुक्त राष्ट्र सङ्घीय प्रलेख २००० को अनुमोदन भएकोमा त्यसको स्थानीयकरणको विस्तृत योजना बनाई मानव बेचबिखन नियन्त्रण ऐन, २०६४ लाई मानव बेचबिखनको समग्र दायरालाई समेटने गरी पीडितलाई न्याय दिन सहज हुने गरी संशोधनको प्रक्रिया अगाडि बढाउने ।
- मानव बेचबिखनको जोखिम अवस्थामा परी विश्वका विभिन्न मुलुकमा रहेका नेपाली नागरिकको संरक्षण, उद्दार तथा घरफिर्तीका लागि कुटनैतिक पहल गर्ने ।
- मानव बेचबिखनबाट पीडित/प्रभावित तथा जोखिम अवस्थामा रहेका व्यक्तिहरुको पहिचान कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने ।

- मानव बेचबिखनको अन्त्यका लागि राष्ट्रिय मानव अधिकार आयोगबाट समयसमयमा भएका सिफारिस कार्यान्वयन गरी वा गराई आयोगलाई जानकारी गराउने ।
- घरेलु कामदारहरुको हक अधिकार संरक्षण गर्ने तथा वैदेशिक रोजगारीमा घरेलु श्रममा जाने नेपाली नागरिकहरुको संरक्षण तथा सहायताका लागि आइएलओ महासन्धि १८९ र सबै प्रकारका हिंसा र दुर्व्यवहार सम्बन्धी आइएलओ महासन्धि १९० अनुमोदन गर्न प्रक्रिया अगाडी बढाउने ।
- नागरिकलाई मानव बेचबिखनमा पर्न नदिनका लागि जोखिमयुक्त क्षेत्रको पहिचान, त्यस्ता क्षेत्रमा जनचेतना जागृत गर्ने लगायतका संरक्षणका कार्यक्रम सञ्चालन तथा जोखिममा परेकाको उद्दार, संरक्षण, जीविकोपार्जन, पारिवारिक पुर्नमिलन, सामाजिक पुर्नएकीकरण तथा पीडितलाई न्याय दिलाउनका लागि वृहत कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन विरुद्धको अभियानमा सरकार, नागरिक समाज, गैरसरकारी क्षेत्र, निजी क्षेत्र आदिका बिच प्रभावकारी सहकार्यको नमूना पहिचान गरी कार्यान्वयनमा ल्याउने ।
- अभिभावक वैदेशिक रोजगार(भारत लगायतका मुलुकहरु)मा रहेका, अभिभावकले छाडेका तथा पारिवारिक बेमेलबाट पीडित  भएका बालबालिका मानव बेचबिखनको उच्च जोखिम अवस्थामा हुँदा तिनको संरक्षणको बृहत योजना बनाई कार्यान्वयनमा ल्याउने ।
- मानव बेचबिखन विरुद्धको अभियानमा समुदाय आफैलाई सक्रिय बन्नका लागि स्थानीय जागरण अभियान जोखिमयुक्त स्थानमा सञ्चालन गर्ने ।
- मानव बेचबिखन नियन्त्रणका क्षेत्रमा काम गर्ने संस्थाहरुको नियमित अनुगमन र क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग उपलब्ध गराउने ।
- नेपाल भारत र नेपाल तिब्बतवीचका प्रमुख सीमानाकाहरू लगायत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य साना नाकाहरूमा सरकारी तवरबाटै प्रभावकारी रूपमा निगरानीको व्यवस्था मिलाउनुपर्ने । गैरसरकारी संस्थाहरूलाई अन्य सीमानाकाहरूमा निगरानी केन्द्र स्थापना गर्नको लागि प्रोत्साहित गरी निगरानी कार्यको दोहोरोपनालाई घटाउनुपर्ने ।
- मनोरन्जन क्षेत्र लगायत आन्तरिक क्षेत्रमा कार्यरत श्रमिकहरुसँग जोडिएका मानव बेचबिखन तथा ओसारपसारका घटनाहरुको विवरण राखी मनोरञ्जन क्षेत्रको अनुगमन संयन्त्रको निर्माण गर्ने तथा आन्तरिकरुपमा(देशभित्र) मानव बेचबिखनबाट पीडित/प्रभावितहरुलाई दीर्घकालीन आश्रय तथा संरक्षण प्रदान गर्ने ।
- आन्तरिक रुपमा(देशभित्र) मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित तथा जोखिम अवस्थामा रहेका व्यक्तिहरुको संरक्षण, उद्धार र पुर्नस्थापना गर्ने कार्य अगाडी बढाउने ।
- मानव बेचबिखनबाट प्रभावितहरुको दीर्घकालीन स्वास्थ्य, सामाजिक तथा पारिवारिक समस्याहरुलाई सम्बोधन गरी प्रभावितहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको सुनिश्चित गरिनुपर्ने ।
- मानव बेचबिखनसँग सम्बन्धित विषयको खण्डिकृत तथा एकीकृत तथ्यांक तथा जानकारी नियमित रुपमा अध्यावधिक र प्रकाशन गर्ने प्रणाली विकास गर्ने ।

- नेपाल प्रहरीलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका विषयमा पर्याप्त तालिम प्रदान गर्ने ।
- मानव बेचबिखनका घटनाको दर्ता तथा अनुसन्धान प्रक्रियालाई सहज र वस्तुनिष्ठ बनाउन आवश्यक तयारी गर्ने ।
- स्थानीय तह तथा प्रदेश सरकारसँग समन्वय गरी रोजगारीसँग जोडिएका मानव बेचबिखनका घटनाको विवरण राख्न पीडितको संरक्षण गर्ने कार्य अगाडि बढाउने ।
- ईंट्टाभट्टाहरुमा के कति संख्यामा महिला, पुरुष तथा बालबालिकाहरु जबरजस्ती श्रम तथा बँधुवा मजदूर एवं मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएका बिषयमा अध्ययन तथा अनुसन्धान गर्ने र अध्ययनको तथ्य तथा निश्कर्षको आधारमा कार्यक्रम वनाई कार्यान्वयनमा ल्याउने ।

**ख) प्रदेश सरकार**

- प्रदेशले प्रदेशस्तरीय मानव बेचबिखनको अवस्थाको पहिचान गरी त्यसको रोकथाम गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।
- मानव बेचबिखन पीडित व्यक्तिको जीविकोपार्जनमा सहयोग गर्न परिचालन गर्न सक्ने कोष स्थापना तथा विविध सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा जोखिम अवस्थामा रहेका क्षेत्रका व्यक्ति तथा समुदाय र पीडितको पहिचान र अभिलेखीकरण गर्ने कार्य स्वचालित र नियमित गराउने ।
- मानव बेचबिखनमा परेका व्यक्तिको पुनःस्थापनाका लागि पुनःस्थापना केन्द्रहरु सञ्चालनमा ल्याउने

**ग) स्थानीय सरकार**

- मानव बेचबिखनको जोखिम अवस्थामा रहेका व्यक्ति तथा समुदाय र बेचबिखनमा परेका व्यक्तिको अध्यावधिक विवरण राख्ने प्रणाली विकास गर्ने ।
- मानव बेचबिखन पीडितको जीविकोपार्जन तथा पुनःस्थापनका लागि कोष स्थापना गरी परिचालनको प्रबन्ध मिलाउने ।
- आफ्नो स्थानीय तहबाट कामको लागि विदेश तथा गाउँबाट शहर जाने व्यक्तिहरुको विवरण अध्यावधिक गर्ने प्रणाली विकास गर्ने ।

**घ) गैरसरकारी संस्था**

- मानव बेचबिखनका बारेमा जनचेतना फैलाउन तीनै तहका सरकारसँग समन्वय गरी काम गर्ने ।
- पीडितलाई न्याय दिलाउन तथा पुनःस्थापना गर्नका लागि नियमित वकालत गर्ने ।
- पीडितको जीविको पार्जनमा प्रत्यक्ष सहयोग पुग्ने क्षेत्रमा लगानी केन्द्रित गर्ने ।

## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

**केन्द्रीय कार्यालय**
**हरिहर भवन, पुल्चोक, ललितपुर**
**फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)**
**फ्याक्स : ०१–५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल**
**ई–मेल :** nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू :

प्रदेश नं. १ कार्यालय, चाँदनी चोक, विराटनगर
**फोन : ०२१–४६१९३१, ४६१०९३, फ्याक्स : ०२१–४६११००**
**ई–मेल :** nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, देवीचोक, जनकपुरधाम, धनुषा**
**फोन : ०४१–५९०३१३/१४, फ्याक्स : ०४१–५९०३१५**
**ई–मेल :** nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर
**फोन : ०१– ५४२५१७२/५४३०३६२ फ्याक्स : ०१–५४३०३६२**
**ई–मेल :** nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, जनप्रिय मार्ग, पोखरा
**फोन : ०६१–५८६०५९/५८६०८१ फ्याक्स : ०६१–५६५८७५**
**ई–मेल :** nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, देवीनगर, बुटवल, रुपन्देही
**फोन : ०७१–४१०१७५, फ्याक्स : ०७१–४१०१७६**
**ई–मेल :** nhrcbtl@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, तारानगर, धनगढी, कैलाली
**फोन : ०९१–५२५६२१, ५२५६२२, फ्याक्स : ०९१–५२५६२३**
**ई–मेल :** nhrcdhn@nhrcnepal.org

**कर्णाली प्रदेश कार्यालय, विरेन्द्रनगर, सुर्खेत**

### प्रदेश शाखा कार्यालयहरू

प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल, खोटाङ
**फोन : ०३६–४२०२८४**
**ई–मेल :** nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, शान्तिनगर, नेपालगञ्ज
**फोन : ०८१–५२६७०७, ५२६७०८**
**ई–मेल :** nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला बजार, जुम्ला
**फोन : ०८७–५२०२२२**
**ई–मेल :** nhrcjum@nhrcnepal.org